# पूर्णिमा

* इतिहास-प्रधान
* त्रैमासिक पत्रिका

६ पूर्णाङ्क

संशोधनमण्डल



तदिह न गुणदोषौ यौजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

२ वर्ष

२ अङ्क

## [ इतिहास–प्रधान त्रैमासिक पत्रिका ]


सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त



प्रकाशक–
भोलानाथ पौडेल
( संशोधन—मण्डलद्वारा )

प्रबन्धक–
धनवज्र वज्राचार्य

सहयोगीहरू—
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
नयनाथ पौडेल
दिनेशराज पन्त

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १ | लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि | —नयराज पन्त | १—७ |
| २ | वृजिकरथ्या | —गौतमवज्र वज्राचार्य | ७—१४ |
| ३ | कर्नालीप्रदेशको इतिहासको एक झलक | —धनवज्र वज्राचार्य | १४—२९ |
| ४ | जगत्प्रकाश मल्ल | —भोलानाथ पौडेल | २९—३७ |
| ५ | योगनरेन्द्र मल्लका उत्तराधिकारी | —शङ्करमान राजवंशी | ३७–४४ |
| ६ | डम्बर शाह तथा पृथ्वीनारायण शाहका समयका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | ४५–५० |
| ७ | आश्रित राज्यउपर बहादुर शाहले लिएको नीति | —दिनेशराज पन्त | ५१–५५ |
| ८ | पचलीको श्रीनानीसाहेब लक्ष्मीदेवीको वि. सं. १८७०को अभिलेख र त्यसको ऐतिहासिक व्याख्या | —नयनाथ पौडेल | ५५–६७ |
| ९ | नेपाल–अंग्रेज–युद्धको दोस्रो चरण | —महेशराज पन्त | ६७–७७ |

(गणितविषयक निबन्ध)

| | | | |
|---|---|---|---|
| १० | त्रिकोणमिति (ज्योत्पत्ति) | —नयराज पन्त | ७८–८५ |

हाम्रो वक्तव्य *(मानदेवले विजय गरेको मल्लपुरी आदि विषयमा)* ८६–९७

[ क्रमागत ]

# लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि

—नयराज पन्त

पूर्णिमाको पाँचौं अङ्कमा शतस्थानदेखि उठेका ( पहिला थरी ) लिच्छविकालका अभिलेखका संवत्का अङ्कका प्रतिलिपि दिइएका हुन् । पूर्णिमाको छैटौं अङ्कमा दशस्थानदेखि उठेका (दोस्रा थरी) लिच्छविकालका संवत्का अङ्कमा प्रतिलिपि दिइएका छन् ।

यी प्रतिलिपि ती शिलालेखका छापाबाट ज्यूँकात्यूँ गरी उतारिएका हुन । रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र,गौतमवज्र, महेशराज, नयनाथहरूले अघि ल्याएका छापाबाट यहाँ काम लिइएको छ । परन्तु थानकोट, बलम्बु, सुनागूठी, पाटनका छापा अस्पष्ट भएकाले अहिले धनवज्र, गौतमवज्र, महेशराज, नयनाथ, दिनेशराजहरूले फेरि धाई तिनका छापा ल्याए । ती छापाबाट शङ्करमानले अघि जस्तै प्रतिलिपि उतारे । अहिले यिनीहरूले छापा ल्याउन नसकेका बुङ्मती, साँगा, जैसीदेवल यी तीन ठाउँका अभिलेखका संवत्का अङ्कका प्रतिलिपि वीरपुस्तकालयमा रहेका छापाबाट लिइएका हुन् । सातधारा (वीरअस्पतालनिर)को, पाटन वटुकभैरवको र लगन विष्णुमूर्तिको अभिलेखका छापा पनि नपाइएकोले तिनका प्रतिलिपि लिन सकिएन ।


यी छापालाई परीक्षा गरी हेर्दा विदेशी विद्वान्हरूले पढेका निकै संवत्का अङ्कमा हामीले फरक पाएका छौं । अंशुवर्माको अभिलेख संवत् ३० देखिको मात्र पाइएको हो भनी विदेशी विद्वान्हरूले लेखेका हुनाले त्यसको आधारमा हाम्रा केही विद्वान्हरूले आफ्नो नयाँ सिद्धान्त प्रकाश गर्न लागेका थिए । परन्तु अहिले प्रकाश भएका यी प्रतिलिपिबाट सो सिद्धान्त बालुवाको बाँध जस्तो बेकामको रहेछ भन्ने देखिन आएको छ ।

हामी आफ्नो देशका पुरातत्त्व र इतिहासका विद्वान्हरूसँग आफ्नो देशका अभिलेख आफैंले हेरी पढ्ने अनुरोध गर्छौं । विदेशी हावापानीमा हुर्केका अहिलेका हाम्रा विद्वान्ले हाम्रो यो कुरा नखाए तापनि केहीपछि यही सिद्धान्तको भरमा नेपालको इतिहास बन्नेछ भन्ने कुरा रातपछि दिन आउँछ भन्ने कुरा जस्तै निश्चित छ ।

मालटारको ध्रुवदेव र···को अभिलेखमा "(मा)घकृष्णदशम्याम्" हुनुपर्नेमा पूर्णिमाको तेस्रो अङ्कको ११ पृष्ठमा भूलले "(मा)घकृष्णद्वादश्याम्" पर्न गएको छ तथा त्यही पृष्ठमा देउपाटन चोछेटोलको (पशुपतिमन्दिरनिरको ) अभिलेखमा "ज्येष्ठ" हुनुपर्नेमा "ज्यैष्ठ" छापिएको छ । अभिलेख रहेका ठाउँलाई स्पष्ट गर्न तेस्रो अङ्कमा भन्दा यहाँ केही खुलासा गरिएको छ ।

यस काममा सहायता गर्ने माथिका सबैलाई मेरो यथोचित धन्यवाद छ ।

बुङ्मतीको अंशुवर्माको अभिलेखमा—

संवत्  ज्येष्ठशुक्लदशम्याम्

हाँडिगाउँको अंशुवर्माको अभिलेखमा—

संवत्  ज्येष्ठशुक्लषष्ठ्याम्

हाँडिगाउँको अंशुवर्माको अभिलेखमा—

संवत्  आषाढशुक्लत्रयोदश्याम्


साँगाको अंशुवर्माको अभिलेखमा—

संवत  भाद्रपदशुक्लदिवा 

पाटन सुनधाराको अभिलेखमा—

संवत्  प्रथमपौषशुक्लद्वितीयायाम्

देउपाटन गणेशस्थानको अंशुवर्माको अभिलेखमा—

संवत्  वैशाखशुक्लदिवादशम्याम्


पाटन छिन्नमस्ताको ध्रुवदेव र जिष्णुगुप्तको अभिलेखमा—

संवत्  कार्तिकशुक्ल 

मालटारको ध्रुवदेव र……को अभिलेखमा—

संवत  (मा) घकृष्णदशम्याम्

बलम्बु महालक्ष्मीपीठको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा—

संवत्  आश्वयुजशुक्लपञ्चम्याम्

मालिगाउँको अभिलेखमा—

संवत्  फाल्गुनशुक्लसप्तम्याम्

थानकोटको भीमार्जुनदेव र जिष्णुगुप्तको अभिलेखमा—

सवत्  शुक्लदिवाद्वितीयायाम्

काठमाडौं यङ्गालहिटीको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा—

सवत्  फाल्गुनशुक्लद्वितीयायाम्

सुनागूठी भृङ्गारेश्वरको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा—

संवत्  फाल्गुनशुक्लद्वितीयायाम्

पाटन तलेजुचोकको नरेन्द्रदेवको अभिलेखमा—

संवत्  पौषशुक्लपञ्चम्याम्

काठमाडौं यङ्गालहिटीको नरेन्द्रदेवको अभिलेखमा—

संवत्  भाद्रपदशुक्लद्वितीयायाम्

देउपाटन चोछेटोलको नरेन्द्रदेवका पालाको अभिलेखमा—

संवत्  ज्येष्ठकृष्णदिवासप्तम्याम्

देउपाटन कलाइँटोलको (हाल वीरपुस्तकालयमा रहेको) नरेन्द्रदेवको अभिलेखमा—

संवत्  कार्तिकशुक्लद्वितीयायाम्

नक्साल भगवतीबहालको ढुंगेधाराको नरेन्द्रदेवको पालाको विष्णुदेवको अभिलेखमा—

सवत्  कार्त्तिकशुक्लनवम्याम्

पाटन गैह्लीधाराको (हाल पाटन भण्डारखालमा रहेको) नरेन्द्रदेवको अभिलेखमा—

संवत्  भाद्रपदशुक्लदिवा(ष)ष्ठ्याम्


ब्रलम्बु प्रणिधिपूर्णविहारमा हाल रहेको अभिलेखमा—

संवत्  वैशाखशुक्लदिवादशम्याम्

पाटन च्यासलटोल गणेशस्थानको अभिलेखमा—

संवत्  पौषशुक्लदिवादशम्याम्

पशुपति वज्रघरको (हाल वीरपुस्तकालयमा रहेको) नरेन्द्रदेवको अभिलेखमा—

संवत्  ज्यैष्ठशुक्लदिवात्रयोदश्याम्

पाटन मछिन्द्रनाथको ढोकानिरको बलरामको पादपीठको अभिलेखमा—

संवत्  वैशाखशुक्लदिवद्वितीया

नाला लगनटोल भगवतीमन्दिरको शिवदेवका पालाको अभिलेखमा—

संवत्  जेष्ठशुक्लदशम्याम्

सुनागूठी भृङ्गारेश्वरको शिवदेवको अभिलेखमा—

संवत्  भाद्रपदशुक्लपञ्चम्याम्

बलम्बु महालक्ष्मीपीठको शिवदेवको अभिलेखमा—

संवत्  ......पञ्चम्याम्

पाटन च्यासलटोल नार्‌हिटीको अभिलेखमा—

संवत्  ज्येष्ठशुक्लपञ्चम्याम्

पाटन मीननाथको धाराको अभिलेखमा—

संवत्  पौषशुक्लदिवातृतीयस्याम्

जैसीदेवलको टुटेधाराको अभिलेखमा—

सवत्  वैशाखशुक्लद्वितीयायाम्

पशुपतिको जयदेवको अभिलेखमा—

सवत्  कार्तिकशुक्लनवम्याम्


पाटन मङ्गलबजार अदालतअगाडिको डबलीको (हाल पाटन भण्डारखालमा रहेको) अभिलेखमा—

संवत  कार्तिक······दिवा दशम्याम्

पाटन सुबहालको अभिलेखमा—

संवत्  माघशुक्लदिवा 

काठमाडौं हनूमान्ढोकाको अभिलेखमा—

संवत्  आषाढकृष्णसप्तम्याम्

---

## वृजिकरथ्या

—गौतमवज्र वज्राचार्य

चारैतिर पहाडैपहाडले घेरिएर पनि उर्वर भूमि भएको हुनाले र नातिशीतोष्ण हावा-पानी हुनाले धेरै शताब्दी अघिदेखिन् नेपालउपत्यकामा मानिसहरूको बसोबास रहेर आएको देखिन्छ । प्रारम्भमा यसको रूप कस्तो थियो भन्ने कुरा ठीक ठीक भन्न सकिँदैन तापनि विभिन्न समयमा यसको रूप फेरिँदै आएको कुरा ऐतिहासिक उपकरणहरूद्वारा थाहा पाउन सक्छौं ।

आजभोलि नेपालउपत्यकामा काठमाडौं पाटन भादगाउँ यी तीन शहरको प्रमुख स्थान छ । मल्लकालमा त यी तीन शहरमा तीनैवटा राज्य खडा थिए । यी तीन राज्य खडा हुनुभन्दा

अघि पनि नेपाल–उपत्यकामा यी तीन शहर प्रमुख स्थानको रूपमा आइसकेको उदाहरण गोपालराजवंशावलीमा पाइन्छ [१] ।

परन्तु लिच्छविहरूको समयमा अहिले जस्तै वा मल्लकालमा जस्तै काठमाडौं पाटन भादगाउँ यी तीन शहर प्रमुख स्थानको रूपमा थिएनन् । आजभोलि सानो सानो गाउँको रूपमा रहेका लेले, चापागाउँ, सुनागूठी, थानकोट, बलम्बु, टोखा, बूढानीलकण्ठ, साँखु, साँगा, खोपासी इत्यादि उपत्यकाछेउछेउका र केही बाहिरका प्रदेशमा लिच्छविकालमा बढी मात्रामा मानिसहरू घरजम गरी बसेका देखिन्छन् । देउपाटन, हाँडिगाउँ, नक्साल, वटु, यंगालतिर तथा पाटन भादगाउँका केही ठाउँमा पनि लिच्छविकालमा बस्ती थिए । यो कुरा अहिलेसम्म पाइएका लिच्छविकालिक अभिलेखबाट हामी थाहा पाउँदछौं ।

लिच्छविकालका अभिलेखमा नगरको उल्लेख पाइँदैन । माथि बताइएका ठाउँहरूलाई पनि ती अभिलेखहरूमा नगर भन्ने संज्ञा दिइएको छैन ।

वंशावली तथा पुराणको कथनानुसार यहाँ उहिले किरातीहरू शासन गर्दथे । लिच्छविहरूले नेपालमा आई किरातीहरूलाई हराई यहाँ आफ्नो शासन खडा गरे[४] ।

लिच्छविहरूको शासनव्यवस्था सुव्यवस्थित थियो । शासनव्यवस्थासँग सम्बन्ध राख्ने सानो सानो कुरामा पनि उनीहरूको आँखा पुग्थ्यो । यसको लागि अड्डा अदालत खडा थिए । दुनियाँलाई नियम कानूनको बोध गराउन ठाउँठाउँमा सनद शिलालेख राख्न लाइन्थे । तिनै अभिलेखहरूद्वारा हामी माथिका कुरा थाहा पाउंदछौं ।

बाटोघाटो बसोबासको राम्रो व्यवस्थाविना शासनव्यवस्था सुव्यवस्थित हुनु संभव छैन । यस कारण त्यस ताकाको कुरा बुझ्न उपर्युक्त कुरामा पनि विचार गर्नु आवश्यक छ ।

लिच्छविकालका अभिलेखहरूमा प्रायः गुठी राखिएका भूमिको परिचय दिंदा चार किल्ला छुट्याउँदा तथा तत्तत्स्थानका जनतालाई संबोधन गर्दा विभिन्न स्थानका नामका उल्लेख पाइन्छन् ।

कालगतिले गर्दा तिनमा धेरैजसा स्थानका नामहरूसँग हामी अपरिचित छौं । अभिलेख रहेको ठाउँसँगै परेका तथा अपभ्रंशको रूपमा रहेका थोरै मात्र लिच्छविकालिक स्थानहरूको

---

१. "सं ४४८ फाल्गुण···आदीतमल्लया कटकन वस्यम्···स्वन् देश मे चोसय यह्‌ पुलवहीरिस थाकन थाङ पुङा दिन २२."

( गोपालराजवंशावली ४६ पत्रबाट )

[ने. सं. ४४८ (वि. सं. १३८४) फाल्गुनमा राजा आदित्यमल्ल लड्न आए । तीनै शहरमा आगो लगाइदिए । ललितपुर पुलबहिल (?) मा रहेर २२ दिनसम्म घेरा हालेर बसे ।]

४ इतिहास–संशोधनको प्रमाणप्रमेयको २०६ पृष्ठ हेर्नुहोस् ।

नाउँ हामीलाई थाहा छ । तिनमा केही यहाँ उद्धृत गरिन्छन्–

| लिच्छविकालिक नाम | वर्तमान नाम |
| --- | --- |
| १ कुर्प्पासी | खोपासी |
| २ लेम्बटी | लेले |
| ३ बुगायूमी | बुग्मती |
| ४ शङ्गा | साँगा |
| ५ नालङ्ग | नाला |

लिच्छविहरूले नेपालमा संस्कृतभाषालाई आफ्नो राष्ट्रभाषा बनाएका थिए । अहिलेसम्म पाइएका लिच्छविकालका सबै अभिलेखहरू संस्कृतभाषामै लेखिएका छन् । परन्तु माथि उद्धृत लिच्छविकालिक अभिलेखमा पाइएका ठाउँका नाउँहरू संस्कृतभाषाका होइनन् । यस कारण ती ठाउँका नाउँहरू लिच्छविहरू आउनुभन्दा अघिदेखि नै चलेर आएका रहेछन् भन्ने बुझिन्छ । परन्तु त्यस बेलाका अभिलेखहरूमा केही त्यस्ता ठाउँका नाउँहरू पनि पाइन्छन्, जुन नाउँहरू संस्कृत भाषाबाट बनेका छन् । जस्तै—दोलाद्रि,[६] देवग्राम,[७] नीलीशाला,[८] यूपग्राम[९], हंसगृह[१०], नवगृह[११] आदि ।

'वृजिकरथ्या' यो शब्द पनि संस्कृत भाषाकै शब्द हो । 'मद्रवृज्योः कन्' ४।२।१३१ अष्टाध्यायीको यस सूत्र–अनुसार वृजिक भन्नाले वृजिजनपदमा जन्मेको भएको, वृजिजनपदबाट

---

१. खोपासीको अभिलेखबाट (लेवी १२ सं. नोली ३१ सं.)

२. लेलेको अभिलेखबाट (संशोधनमण्डलको अभिलेख–संग्रह पहिलो भागमा प्रकाशित)

३. बुग्मतीको अभिलेखबाट (भगवान्लाल ६ सं., नोली ३९ सं.)

४. साँगाको अभिलेखबाट (लेवी १५ सं. नोली ३७ सं.)

५. नाला लगनटोलको अभिलेखबाट (अभिलेखसंग्रह पाँचौं भागमा प्रकाशित)

६. चाँगुनारायणको स्तम्भको अभिलेखबाट (पं. भगवानलाल आदिद्वारा प्रकाशित । यसको विशेष विवरण इतिहास–संशोधनको प्रमाण-प्रमेयको २८८ पृष्ठमा छ ।)

७. पशुपतिबाट मृगस्थली जाने बाटोको अभिलेखबाट (योगी नरहरिनाथद्वारा सं. स. २।१–३ मा प्रकाशित, नोली १७ सं.)

८. भन्सारहिटी नक्सालको अभिलेखबाट (ऐ.शि.बाबुराम आचार्य, श्रीगुरु नयराज पन्तद्वारा संस्कृत सन्देश १।९ मा प्रकाशित, नोली ४२ सं.)

९. पाटनदरबार तलेजुचोकको अभिलेखबाट (ऐ. शि. बाबुराम आचार्य, श्रीगुरु नयराज पन्तद्वारा सं.सं. २।१–३ मा प्रकाशित, नोली ६७ सं.)

१०. अनन्तलिङ्गेश्वरको अभिलेखबाट (अभिलेखसंग्रह पहिलो भागमा प्रकाशित)

११. देउपाटन कसाईटोलको अभिलेखबाट (नोली ६८ सं.)

आएको इत्यादि अर्थ बुझाउँछ । रथ्याको अर्थ रथ हिंड्न हुने फराकिलो सडक भन्न हुन्छ ।★

अष्टाध्यायीको माथि उद्धृत सूत्रबाट पाणिनिकालिक भारतवर्षमा वृजिजनपदको उदय भइसकेको देखिन्छ। बौद्ध ग्रन्थहरूमा त वज्जि ( वृजि ) गणराज्यको प्रशस्त ठाउँमा उल्लेख पाइन्छ। त्यस ताकाको भारतमा प्रसिद्ध भएका षोडश महाजनपद (सोह्रवटा ठूलठूला मुलुक)–मध्ये वृजिजनपद पनि एक थियो * । वृजिकहरूको शासनप्रबन्ध र परस्परको मेलमिलाप देखेर भगवान् बुद्ध प्रभावित भएका थिए । मगधदेशका राजा अजातशत्रुका मन्त्री वर्षकारको प्रश्नको उत्तरमा भगवान् बुद्धले जबसम्म यी वृजिकहरू आफ्नो नियम नतोडीकन आफुसमा मिलेर बस्तछन्, तबसम्म वृजिजनपद जित्न सकिंदैन भन्ने भावको कुरा बोलेर गएका छन् ÷ । कौटल्यले पनि आफ्नो अर्थशास्त्रमा संघराज्यको चर्चा गर्दा वृजि तथा लिच्छविको पनि नामोल्लेख गरेका छन् । ×

यसरी वृजिकहरूको उल्लेख भारतवर्षको इतिहासमा ठाउँठाउँमा आउँछ। परन्तु हाम्रो यता नेपालमा लिच्छविहरूको यतिकसा अभिलेखहरू पाइएर पनि कुनै पनि तात्कालिक इतिहासका सामानमा वृजिकहरूको उल्लेख प्रकाशमा आएको थिएन । परन्तु अहिले लिच्छविकालको एक अभिलेखमा वृजिकरथ्या शब्दको स्पष्ट उल्लेख देखिएको हुनाले नेपाल उपत्यकामा वृजिकहरूको आगमनबारे केही कुरा थाहा पाइएको छ । यस कारण वृजिकरथ्यासंबन्धी यो लेख पाठकहरूको सामुन्ने राखिएको छ ।

कुनै ठाउँको नाउँ प्रायः चार किसिमबाट रहन सक्छ। कुनै विशेष कुरा त्यहाँ हुनाले, कुनै प्रतिष्ठित मानिसले त्यो बसाइएको हुनाले, त्यहाँ कुनै जात वा मानिस मुख्य गरी बस्नाले, कुनै प्रसिद्ध ठाउँको त्यो नजीकै पर्नाले समेत त्यो ठाउँ त्यही बोधक शब्द पदार्थ बाट प्रसिद्ध हुन्छ । यो कुरा पाणिनिको चातुरर्थिक प्रकरणमा लेखिएको छ। +

---

★ अमरकोश २।२।३ श्लो. हेर्नुहोस् ।

* '......इमेसं सोडसन्नं महाजनपदानं...अङ्गानं, मगधानं, कासीनं, कोसलानं, वज्जिनं, मल्लानं, चेतीनं, वम्सानं, कुरुनं, पञ्चालानं, मच्छानं, सूरसेनानं, अस्सकानं, अवन्तीनं, गान्धारानं, कम्बोजानं...'
('अङ्गुत्तरनिकाय'को उपोसथवग्गबाट )

[अङ्ग, मगध, काशी, कोशल, वृजि, मल्ल, चेदि, वत्स, कुरु, पञ्चाल, मत्स्य, शूरसेन, अश्मक, अवन्ती, गन्धार, कम्बोज यी सोह्र महाजनपद हुन् । ]

÷ दीघनिकायको १६ महापरिनिब्बाणसुत्त हेर्नुहोस् । (ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको उपोद्घातमा संस्कृतच्छाया र नेपाली सारांशसहित दीघनिकायको सो भाग प्रकाशित भएको छ।)

× "लिच्छिविकवृजिकमल्लकमद्रककुकुरकुरुपाञ्चालादयो राजशब्दोपजीविनः"
(कौटलीय अर्थशास्त्र १ अधि. ११ अध्यायबाट )

[ लिच्छिविक, वृजिक, मल्लक, मद्रक, कुकुर, कुरु, पाञ्चाल आदि यी राजशब्दोपजीवी (राजा भएका भनी कहलाएका संघ) हुन् । ]

+ ' तदस्मिन्नस्तीति देशे तन्नाम्नि ' ४।२।६७ ['त्यो यहाँ छ' भन्दा देशको नाउँ बुझाउन प्रत्यय हुन्छ। ]

व्यवहारमा पनि अहिलेसम्म कुनै स्थानको नाउँ तिनै चार कारणबाट भएको पाइन्छ । जस्तै— सिस्नो भएको ठाउँ सिस्नेरी, जुद्धशमशेरले बनाएको सडक जुद्धसडक खँड्काहरूको वास भएको गाउँ खँड्कागाउँ (त्यसै गरी डिल्लीसिंह बसेको ठाउँ डिल्लीबजार), नारायणहिटी नगीचमा भएको दरबार नारायणहिटी दरवार ( त्यसै गरी रानीपोखरी पाठशाला ) । यस कारण विचार गरी हेर्दा 'वृजिकरथ्या' भन्नाले वृजिजनपदबाट आएका मानिसहरूको वासस्थान भएको सडक भन्ने बुझिन्छ ।

अब यहाँ वृजिकरथ्याको अरू परिचय दिनुभन्दा अगाडि वृजिकरथ्याको उल्लेख भएको शिलालेखको परिचय दिई त्यसको उद्धरण गर्नु उचित छ ।

पशुपति देउपाटन कसाईटोलमा नरेन्द्रदेवको एउटा शिलालेख छ * । यो शिलालेख नोलीको ६८ संख्याको रूपमा प्रकाशित भएको छ। परन्तु नोलीले पढ्नुभएको पाठभन्दा केही बढ्ता र शुद्ध पाठ हामीले पढेका छौं । सो शिलालेखमा प्रस्तुत लेखको चर्चाको विषय बनेको 'वृजिकरथ्या' यस शब्दको स्पष्ट उल्लेख परेको छ। परन्तु नोलीको पाठमा त्यो पढिएको छैन। यस कारण सो अभिलेखको पढ्न सकिने जति पाठ यहाँ दिइन्छ । फरक भएको नोलीको पाठ टिप्पणीमा दिइएको छ।

## मूलपाठ +

(११) ... ... ... ... ... भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानु-
(१२) ध्यातः परमभट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली सर्व [१]...
(१३)... ... वृत्तिभुज [२] ... ...धिकृत......भविष्यतश्च [३] यथार्हङ्कुशलमभिधाय [४]
(१४) समाज्ञापयति विदितम्भवतु भवतां... ... ...
(१५)... ... ... नवगृह [५] ... ...स्थितिमर्यादोपपन्नत्व [६] ञ्चाटभटानाम [७]–
(१६) प्रवेशश्च [८] प्रसादः कृतस्तदित्थ [९] म्भूतार्थवेदिभिर्भवद्भि रन्यतरान्यतराधिका [१०]–
(१७) राधिकृतैस्तथान्यैरस्मत्प्रसादानुबद्धजीवनैः कैश्चिदपि नवगृहम्प्रविश्या–
(१८) ल्पतरापि बाधा न कर्तव्या यस्त्विमामविलङ्घनीयामास्माकीनामाज्ञामना–

---

'तेन निर्वृत्तम्' ४।२।६८ [त्यसले यो बसाएको भन्दा देशको नाउँ बुझाउन प्रत्यय हुन्छ । ]
'तस्य निवासः' ४।२।६९ [त्यसको यो वासस्थान हो भन्दा देशको नाउँ बुझाउन प्रत्यय हुन्छ ।]
'अदूरभवश्च' ४।२।७० [त्यसको यो नगीचै छ भन्दा देशको नाउँ बुझाउन प्रत्यय हुन्छ । ]

* हाल सो शिलालेख वीरपुस्तकालयमा लगेर राखिएको छ ।

+ नोलीको पाठमा नभएको... ... यस्तो चिह्नद्वारा यहाँ टिप्पणीमा संकेत गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १ ... | २ ... ... | ३ ... ... | ४ ... ... ... |
| ५ ... ... ... | ६ ... ... ... | | ७ ... ञ्चहततटा |
| ८ ... ... | ९ ... एवं | | १०... ... ... |

(१९) दृत्यान्यथा कुर्यात्कारयेद्वा तं वयं राजाज्ञाप्रतीपगामिनमत्यर्थन्न मर्षयि–
(२०) ष्यामो येपि चास्मदूर्ध्वम्भूपतयो भवितारस्तैरपि सम्यक् प्रजानुपालनार्जि–
(२१) तसुचरित [१]मभीष्टानां सम्पदां कारणम्मन्यमानैरिह कल्याणायुरारोग्य-
(२२) राज्यश्रियामुपचयायामुत्रापि चाभ्युदयाय धर्मगुरुतया पूर्व्वराजप्र-
(२३) सादानुवर्तनम्प्रति सततमवहितमनोभिर्भाव्यश्चिरकालस्थितये चास्य
(२४) प्रसादस्य शिलापट्टकशासनञ्च प्रसादीकृतमिति स्वयमाज्ञापि चान्य-
(२५) दिह यत्किञ्चिन्मह [२]त्कार्यमुत्पद्यते तच्च स्वयम्पाञ्चालिकैर्निर्णेतुन्न शक्यते त-
(२६) दा तदन्तरासनेन विचारयितव्यं याश्च गौष्ठचो [३] नवगृहप्रतिबद्धास्ताश्च
(२७) चाटभटानामप्रवेश्या एव या च व्यवस्था [४] ताम्रशासने लिखिताभूत्तयै–
(२८) व व्यवस्थया वृजिकरथ्यानिवासी [५] मधुसूदनस्वामी पाञ्चालिकसामान्य इति
(२९) दूतकश्च दण्डनायको नृपदेवः संवत् ७१ कार्तिकशुक्लद्वितीयायाम्

## अनुवाद

भगवान् पशुपतिको पाउको अनुग्रह पाएका, बप्प ( बुवा )को पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका, परमभट्टारक (गद्दीनशीन) महाराजाधिराज श्रीनरेन्द्रदेवले सबै...वृत्ति खाने अहिलेका र पछि हुने अधिकारी (जागीरदार)हरूलाई यथोचित कुशलमङ्गल सोधेर आज्ञा गर्नु– भएको छ– नवगृह ... स्थितिबन्धेज बाँध्ने काम र चाटभट (पुलीस र सिपाही) पस्न नपाउने गरी अनुग्रह गरिएको छ भन्ने कुरा तिमीहरूलाई थाहा होओस् । यसरी यो कुरालाई ठीकठीक बुझ्ने तिमीहरूले, यी दुइ कुराको अधिकार पाएकाहरूले तथा अरू हाम्रो निगाहाबाट जीविका चलाएका- हरूले पनि नवगृहमा पसेर अलिकता पनि दुःख दिनुहुँदैन । जसले हाम्रो नाघ्न नहुने यस आज्ञा लाई नटेरेर अन्यथा गर्ला वा गराउला, राजाज्ञाको विरुद्ध हिंड्ने त्यसलाई हामीबाट कुनै हालतमा पनि सहने काम हुनेछैन ।

हामीभन्दा पछि हुने राजाहरूले पनि दुनियाँहरूलाई राम्री प्रतिपालना गर्नाले कमाएको असल चरित्रलाई आफ्नो उन्नतिको कारण सम्झेर यस लोकमा कल्याण, आयु, आरोग्य र राज्यको बढिबढाउ तथा परलोकमा पनि सद्गतिको लागि नियम कानूनलाई महत्त्व दिई अघिका राजाहरूले गरेको अनुग्रह थाम्नामा सँधैं मन दिनुपर्छ ।

यो स्थितिबन्धेजलाई स्थायी पार्नाको लागि सनद शिलापत्र बनाई निगाहा गरिएको छ। स्वयं राजाको आज्ञा ।

१ प्रजानुपालना इति सुचरितम् २विहर्यम् [कि] ञ्चिन्महन्
३ गोष्ठचो ४ याश्चास्यावस्था
५ ... ... ...

अर्को कुरा–यस नवगृहमा कुनै ठूलो काम आइपर्दा पाञ्चालिकहरूले त्यो काम स्वयं निर्णय गर्न सकेनन् भने त्यस बेला आफैं राजाबाट भित्री इजलासमा त्यसको विचार गर्नुपर्छ।

नवगृहसँग संबन्ध राख्ने जुन गोष्ठीहरू छन्, तिनमा पनि चाटभट (पुलीस र सिपाही)को प्रवेश निषिद्ध गरिएको छ। सनद ताम्रपत्रमा जुन व्यवस्था लेखिएको थियो, त्यही व्यवस्था-अनुसार वृजिकरथ्यामा बस्ने मधुसूदन स्वामी पाञ्चालिकका समानाधिकारी बनाइएका छन्। मार्फत दण्डनायक (पुलीसविभागका अधिकारी) नृपदेव। संवत् ७१ कार्तिकशुक्ल द्वितीया।

यस अभिलेखमा उल्लिखित 'वृजिकरथ्या' को प्रतिलिपि यस प्रकारको छ–



वृ जि क र थ्या +

माथि उद्धृत यस अभिलेखमा राजा नरेन्द्रदेवले नवगृह भन्ने प्रदेशका जनतालाई केही सुविधा दिएको बयान छ। सोही नवगृहका पाञ्चालिकहरूको गोष्ठीमा वृजिकरथ्याका एकजना बासिन्दा नियुक्त गरिएका देखिन्छन्। उनको वतन खुलाउन यहाँ वृजिकरथ्याको उल्लेख भएको छ। यस कारण प्रथमतः नवगृहको विषयमा केही कुरा लेख्नु उचित छ।

वीरपुस्तकालयमा रहेको नित्याह्निकतिलकको * अन्त्यमा यस विषयमा यस्तो उल्लेख पाइन्छ–

"देवपत्तननगरे, श्रीनवगृहस्थाने श्रीयुवुकुनिह्मंगृहाधिवास्तव्यश्रीभूतचिकित्सकवैद्यउदयब्रह्मकस्य पुस्तक स्वयमेवार्थेन लिखितमिदं।

सम्वत् ५२३ कार्त्तिककृष्णचतुर्दश्यां......वृहस्तीवासरे राजाधिराजपरमेश्वरश्रीमत्श्रीश्रीजुवराजजयधर्म्ममल्लदेवस्य विजयराज्ये"

[ देउपाटन शहरमा श्रीनवगृह भन्ने ठाउँमा श्रीयुवुकुनिह्मं भन्ने घरमा बस्ने वैद्य उदयब्रह्मले आफ्नैनिमित्त सारेको पुस्तक यो हो।

ने. सं. ५२३ (वि. सं. १४५९) कार्तिककृष्ण चतुर्दशी बृहस्पतिवारका दिन। राजाधिराज परमेश्वर श्रीश्रीश्रीयुवराज जयधर्ममल्लदेवको राज्यमा। ]

यहाँ देउपाटन शहरमा 'नवगृह' भन्ने ठाउँमा यस्तो उल्लेख देखिनाले नवगृह देउपाटनमै रहेछ भन्ने कुरा स्पष्ट हुन्छ तथा मल्लकालसम्म पनि त्यस ठाउँलाई नवगृह भन्ने चलन हराइसकेको रहेनछ भन्ने कुरा बुझिन्छ।

---

+ यी अक्षर नोलीद्वारा प्रकाशित उपर्युक्त शिलालेखको चित्रमा पनि देखिन्छन्।

* वीरपुस्तकालयबाट प्रकाशित वृहत्सूचीपत्रको तन्त्रविषयक चतुर्थ भागको २२८ पृ. मा यसको उल्लेख परेको छ।

नवगृहको पाञ्चालिकहरूको गोष्ठीमा नवगृहभन्दा धेरै टाढाको व्यक्ति आउनु संभव देखिंदैन । यस कारण 'वृजिकरथ्या' पनि नवगृहकै वरपर रहेको हुनुपर्दछ भन्ने अनुमान हुन्छ । देवपाटनमा गई खोतलेर हेर्न सकेको खण्डमा 'वृजिकरथ्या' कहाँ थियो भन्ने कुरा पत्ता लाउन सकिएला कि जस्तो लाग्छ ।

वृजिकहरूको विषयमा हाम्रो यता अरू कुनै उल्लेख नपाइएको हुनाले यी वृजिकहरू नेपालमा कसरी कुन रूपमा आए भन्ने कुरा हामीलाई केही थाहा छैन । यस कारण यहाँ वृजिकहरूको विषयमा विशेष कुरा भन्न अहिले सकिँदैन । किन्तु नेपालमा वृजिकहरू आएर बसोबास गरेका थिए भन्ने कुराचाहिँ 'वृजिकरथ्या'ले प्रामाणिक रूपमा टुङ्गो लाएको छ ।

--०--

# कर्णालीप्रदेशको इतिहासको एक झलक

—धनवज्र वज्राचार्य

अज्ञात अवस्थामा पुगिसकेको कर्णालीप्रदेशको इतिहासको झलक केही वर्ष यता फेरि प्रकाशमा आएको छ । नेपालको इतिहासको खोजीको प्रसङ्गमा यो एउटा महत्त्वपूर्ण काम भएको छ । यस कामको पहिलो श्रेयःको हकदार ऐ. शि. बाबुराम आचार्य हुनुहुन्छ । उहाँले यस प्रदेशको ऐतिहासिक महत्त्वलाई बुझेर यतातिरको इतिहासको खोजीको लागि बीसौं वर्ष पहिले उद्योग गर्नुभएको थियो + । यस कुरालाई उहाँको संग्रहमा रहेका यतातिरका अभिलेखका प्रतिलिपिको मुद्दाले प्रकट गर्छ । उहाँको प्रेरणाले ख. रामजी बासकोटाले ती प्रतिलिपि ल्याउनुभएको थियो भन्ने ऐ. शि. ज्यूको भनाइ छ । ऐ. शि. ज्यूले ती प्रतिलिपिमध्ये केही श्रीगुरु पं. नयराज पन्तज्यूलाई दिनुभएको थियो । त्यताबाट वि. सं. २००४ मा प्रकाशित 'नेपालको संक्षिप्त इतिहास' मा कर्णालीप्रदेशको अलिकता कुरा प्रकाशमा आएको थियो तथा ऐ. शि. र श्रीगुरुले यतातिरको पाथरन्याउलीको एक अभिलेख संस्कृत-सन्देश १।११ मा वि. सं. २०१० मा सर्वप्रथम प्रकाशित गराउनुभएको थियो ।

कर्णालीप्रदेशका ऐतिहासिक सामानहरू संकलन गरी प्रकाशमा ल्याउने सबभन्दा बढ्ता काम योगी नरहरिनाथज्यूबाट भएको छ । लगभग यसै समयमा इटलीका प्रा. जिशेप टुचीद्वारा पनि यतातिरका केही सामान प्रकाशित भएका छन् ।

प्रकाशमा आएका यति सामानको अध्ययन गर्दा खेरि पनि 'कर्णालीप्रदेशको इतिहास'को झलक हाम्रो मनमा पर्छ । परन्तु सामान प्रकाशमा आए पनि तिनको राम्ररी अध्ययन हुन

---

+ माहिला गुरुज्यू श्रीहेमराज शर्माज्यूले पनि यतातिरको इतिहासको खोजीको लागि प्रयत्न गर्नुभएको थियो भन्ने सुनिन्छ ।

सकेको छैन । यसो हुँदा यताका राजाहरूको वंशक्रममा समेत अन्नको तान फरक पर्न गएको छ । यस कारण कर्णालीप्रदेशमा अहिलेसम्म आफू पुग्न नसके तापनि त्यतातिरको विषयलाई लिई केही कुरा लेख्ने साहस गरेको छु । फेरि यता गोपालराजवंशावली आदिमा कर्णाली-प्रदेशका यी खस राजाहरूसम्बन्धी केही कुरा परेका छन् । तिनको जम्मै भागको यथार्थ वर्णन कतै भए जस्तो मलाई लाग्दैन । यस कारण पनि यतातिर म तानिएको हुं ।

दुल्लुमा 'कीर्तिस्तम्भ' नामक पृथ्वीमल्लको वि. सं. १४१४ को प्रसिद्ध स्तम्भलेख रहेको छ। त्यसमा पृथ्वीमल्लले आफ्ना पूर्वजहरूको वर्णन र आफ्नो वर्णन लेखाएका छन् । यस कारण यो अभिलेख यताका राजाहरूको वंशक्रम जान्नाका लागि अत्यन्त उपयोगी छ। नागराजले चलाएको राजवंश उनका दश पुस्तापछिका राजा प्रतापमल्ल निःसन्तान हुँदा टुट्यो । त्यसपछि गेलावंशका पुण्यमल्ल त्यस राज्यको सिंहासनमा राखिए। पुण्यमल्लका छोरा पृथ्वीमल्ल हुन् । यसैले पृथ्वीमल्लले त्यस स्तम्भलेखको उठानमा आफ्नो वंशको र अनि तल्लो भागमा नागराजको वंशको वर्णन गराएका छन् । यस निबन्धको नागराजको वंशसंग मात्र सम्बन्ध छ + । यस कारण प्रमाणको आधारमा विचार गर्न सजिलो होस् भन्नाका लागि उक्त कीर्तिस्तम्भको तल्लो भाग यहाँ उद्धृत गरिन्छ ❁

" अथ खारिप्रदेशस्थो यो जावेश्वरतामगात् ।
तेन श्रीनागराजेन सेंजापुर्यां स्थिति(:) कृता ॥१२॥
ॐस्वस्ति । तस्माच्चापस्तस्माच्चापिल्ल(:) क्राशिचल्ल इति तस्मात् ।
तस्मात्क्राधिचल्ल(:) क्राचल्लस्तत इति क्रमाद्भूपाः ॥१३॥
क्राचल्लजो भूभृदशोकचल्लो दिग्भित्तिषु क्षान्तिलतां ततान ।
जितारिमल्लस्तनयोथ तस्य तस्यात्मजोथाक्षयमल्लनामा ॥१४॥
अशोकसुत आनंदमल्लस्तदनु तद्भवः ।
रिपुमल्लोथ संग्राममल्लस्तस्य तनूभवः ॥१५॥

+ पृथ्वीमल्लको वंशको वर्णन भएको कीर्तिस्तम्भको माथिल्लो भागलाई पनि पछि हामी छपाउनेछौं ।

❁ पृथ्वीमल्लको यो अभिलेख योगी नरहरिनाथद्वारा 'इतिहास-प्रकाश' २ अङ्क १ भागमा वि. सं. २०१३ मा प्रकाशित भएको छ तथा वि. सं. २०१३ मै प्रकाशित प्रा. जिशेप टुचीको 'प्रिलिमिनरी रिपोर्ट् अन् टू साइन्टिफिक् एक्स्पिडिशन्स् इन् नेपाल ( नेपालमा दुइ पटक विधि-पूर्वक गरिएका अनुसन्धानात्मक भ्रमणबारेको उठानको बयान ) भन्ने पुस्तकमा पनि छापिएको छ । ती दुइ पाठमा ठाउँ ठाउँमा केही भेद परेको छ। ऐ. शि. ज्यूले दिनुभएको हामीसंग रहेको यस कीर्तिस्तम्भको छापा र जिशेप टुचीको उपर्युक्त पुस्तकमा दिइएको चित्रको आधारमा यहाँ सकभर पाठसंशोधन गरिएको छ ।

आदित्यमल्लोथ जितारिसूनुः कल्याणमल्लस्य नृपस्य तात(:) ‡

काल्याणमल्लिः प्रथते स्म भूमौ प्रतापमल्लाह्वयभृत् क्षितीशः ।।१६।।

स स्वयं नागराजस्य नैवाशेषयदन्वयं ।

अथ गेलान्वयः पुण्यमल्लस्तत्राभ्यषिच्यत ।।१७।।

ततः शकुनमालाया: खण्डमालाभिधा सुता ।

सुतश्च पृथ्वीमल्लाख्यो जातौ तत्र क्रमादिमौ ।।१८।।

साम्राज्ये स कुलाघातसमायाते महीभृतां ।

वीरश्रीपृथिवीमल्लः ख्यातकीर्तिर्विराजते ।।१९।।

धनादि ददतार्थिभ्यो धर्मकर्माणि कुर्वता ।

पृथ्वीमल्लेन भूभर्त्रा तिष्य(ष्यः) कृतयुगीकृत(:) ।।२०।।

तस्यैका धर्ममालाख्या दीपमालाह्वयापरा ।

उभे देव्यौ विराजेते विष्णोर्भूमिश्रियाविव ।।२१।।

भिक्षूणां△ द्विजधर्मभाणकाणां सूत्रधारकाणां च ।

निजराज्ये सर्वकरास्तेनाचंद्रार्कतारकं त्यक्ताः ।।२२।।

बालसरस्वतिसुमति(:) प्रशस्तिमकरोदिमां कलानिपुणः ।

अभिविजयसिंहसुधीश्चतुरः शिवराजसूत्रधारश्च ।।२३।।

ग्रहर्षिसूर्यगणाब्दे शाके ज्येष्ठस्य मेचके ।

रुद्राहे भानुवारेसौ कीर्तिस्तम्भोधिरोपितः ।।२४।।

श्रीशाक १२७९. ”

---

‡ श्रीजिशेप टुचीले 'तातः'को ठाउँमा 'माता' पाठ पढ्नुभएको छ । यसैले “कल्याणमल्ल आदित्यमल्लका छोरा हुन् वा संग्राममल्लका छोरा हुन्, सो कुरा स्तम्भलेखबाट निश्चित हुँदैन” भन्ने भ्रममा उहाँ पर्नुभएको छ। (श्रीजिशेप टुचीको 'प्रिलिमिनरी रिपोर्ट...” को ४८,५० पृष्ठ हेर्नहोस्) परन्तु मूलमा 'तात' पाठ स्पष्ट देखिने हुँदा कल्याणमल्ल आदित्यमल्लका छोरा हुन् भन्ने कुरा सो स्तम्भलेखबाट नै निश्चित हुन्छ ।

△ योगी श्रीनरहरिनाथले यहाँ 'भिक्षुणा' पाठ पढी 'ति भिक्षु राजा पृथ्वीमल्लले…भन्ने अनुवाद गर्नुभएको छ (इ. प्र. २१ को ६०, ६३ पृ.) । उहाँको यस अनुवादबाट राजा पृथ्वीमल्ल भिक्षु थिए भन्ने देखिन्छ । परन्तु मूलमा 'भिक्षूणां' भन्ने पाठ स्पष्ट देखिने हुनाले उहाँको यो अनुवाद अशुद्ध छ । पृथ्वीमल्ल बौद्ध र अरू धर्मको उत्तिकै आदर गर्दथे भन्ने कुरा उनको अभिलेखबाट बुझिन्छ । यसो हुँदा आफ्नो राज्यमा बस्ने भिक्षु, ब्राह्मणहरूको कर उनले माफी गरिदिएका हुन् ।

## अनुवाद

अनि खारिप्रदेशका जुन नागराज जावेश्वर ( जुम्ला भेकका राजा + ) हुनुभयो । उहाँ नागराजले सिंजा शहरमा स्थिति बसाल्नुभयो ॥१२॥

ॐ स्वस्ति । उहाँ(नागराज)बाट चाप हुनुभयो । उहाँ(चाप)बाट चापिल्ल हुनुभयो । उहाँ(चापिल्ल)बाट क्राशिचल्ल हुनुभयो । उहाँ( क्राशिचल्ल )बाट क्राधिचल्ल हुनुभयो । उहाँ(क्राधिचल्ल)बाट क्राचल्ल हुनुभयो । यति राजाहरू क्रमैले हुनुभयो ॥१३॥

क्राचल्लका छोरा अशोकचल्लले दिशाको छेउछेउसम्म सहनशीलता फैलाउनुभयो । अनि उहाँ-(अशोकचल्ल)का छोरा जितारिमल्ल हुनुभयो । जितारिमल्लका छोरा अक्षयमल्ल हुनुभयो ॥१४॥

अशोकचल्लका (अर्को) छोरा आनन्दमल्ल हुनुभयो । त्यसपछि आनन्दमल्लका छोरा रिपुमल्ल हुनुभयो । अनि रिपुमल्लका छोरा संग्राममल्ल हुनुभयो ॥१५॥

अनि जितारिमल्लका (अर्को) छोरा आदित्यमल्ल हुनुभयो । उहाँ(आदित्यमल्ल)का छोरा कल्याणमल्ल हुनुभयो । कल्याणमल्लका छोरा प्रसिद्ध राजा प्रतापमल्ल हुनुभयो ॥१६॥

उहाँ प्रतापमल्लले आफैंले नागराजको वंशलाई बाँकी पार्नुभएन ( अर्थात् उहाँबाट कोही सन्तान भएनन् ) । अनि गेलावंशका पुण्यमल्ल त्यहाँ अभिषेक गरिनुभयो ॥१७॥

उहाँ पुण्यमल्लका शकुनमालाबाट क्रमैले खण्डमाला भन्ने छोरी र छोरा पृथ्वीमल्ल जन्मनुभयो । राजवंशको परम्पराबाट नटुटीकन आएको साम्राज्यमा वीर, कीर्ति फैलिएका श्रीपृथ्वीमल्ल सुहाइरहनुभएको छ ॥१८—१९॥

माग्नेहरूलाई धन दिने, धर्म कर्म गर्ने राजा पृथ्वीमल्लले कलियुगलाई सत्ययुग बनाउनुभयो ॥२०॥

उहाँका धर्ममाला र दीपमाला भन्ने दुइ रानीहरू विष्णुका पृथ्वी र लक्ष्मी झैं हुनुहुन्छ ।।२१।।

---

+ पछिसम्म पनि जुम्ला भेकको प्रदेश 'जावेश्वरदेश' कहलाएको थियो । वि. सं. १८०२को सुदर्शन शाहको एक ताम्रपत्रमा यसको उल्लेख परेको छ–

"...श्रीमाहाराजाधिराज जुवराज श्रीश्रीश्रीश्रीश्रीमत्सुदर्शनसाहदेवज्युले जावेश्वरदेशे छिनाशिमरजस्थाने श्रीशाके १६६७ वैशाषमासे दिनगता १ सुक्लपक्षे अष्टम्यां तिथौ तिष्यनक्षेत्रे शुक्र शनि अन्तरे रात्रौ...... सिलास्थापना भया"

(इतिहास–प्रकाश २।१को १४९ पृ.)

उहाँ राजा पृथ्वीमल्लले आफ्नो राज्यमा भिक्षु, ब्राह्मण, धर्मभाणक (धर्मको उपदेश दिने) ❀ र सूत्रधार(कालिगड)हरूउपर सबै किसिमका कर चन्द्र सूर्य ताराहरू रहुन्जेलका लागि (सधैंका लागि) माफी गर्नुभयो ।।२२।।

'बालसरस्वती सुमति' (भन्ने पदवी पाएका), कला जान्ने, विद्वान् अभिविजयसिंह र चतुर शिवराज कालिगडले यो प्रशस्ति बनाए ।।२३।।

शकसंवत् १२७९ (वि. सं. १४१४) ज्येष्ठ कृष्ण एकादशी आदित्यवारका दिन यो कीर्तिस्तम्भ राखियो + ।।२४।।

यस स्तम्भलेखमा वर्णन गरिएको नागराजदेखिको वंशक्रम यस प्रकारको छ–

- नागराज
- चाप
- चापिल्ल
- क्राशिचल्ल
- क्राधिचल्ल
- क्राचल्ल
- अशोकचल्ल
  - जितारिमल्ल
    - अक्षयमल्ल
    - आदित्यमल्ल
      - कल्याणमल्ल
      - प्रतापमल्ल
      - पुण्यमल्ल (गेलावंशका)
      - पृथ्वीमल्ल
  - आनन्दमल्ल
    - रिपुमल्ल
    - संग्राममल्ल

---

❀ दुल्लु मुडेदेवलको धाराको एक अभिलेखमा 'धर्मभाणक' इष्टिदासको उल्लेख परेको छ–

" लेखकानामनेकानां चारुचूडामणिर्गुणी ।
इष्टिदास इमं धर्मं व्यलिखद् धर्मभाणकः ।। "

(इतिहास–प्रकाश २।१ को ६७–६९ पृ.)

[अनेक लेखक(कारिन्दा)हरूमा श्रेष्ठ भएका, गुणी धर्मभाणक इष्टिदासले यो धर्म लेखे ।]→

यहाँ उल्लिखित राजाहरूमा नागराजदेखि क्राधिचल्लसम्मका राजाहरूको वा उनको पालाको कुनै मितियुक्त लेख पाइएको छैन* । यस कारण नागराजदेखि क्राधिचल्लसम्मका राजाहरूको निश्चित समय पत्ता लाग्न सकेको छैन । क्राचल्लदेखिका केही राजाहरूका र उनका पालाका भने लेख पाइएका छन् । पाइएका यी सामानहरूको आधारमा थाहा पाउन सकिने केही कुराको विचार अब गरिन्छ ।

खारिप्रदेशका नागराजले जुम्ला भेकमा एक राज्य खडा गरे, यस राज्यको राजधानी सिंजामा रहेको थियो भन्ने कुरा पृथ्वीमल्लको कीर्तिस्तम्भलेखबाट थाहा पाइन्छ । सिंजा जुम्लाभन्दा केही उत्तरपट्टि पर्दछ । नागराजले स्थापना गरेको यस राज्य अन्तर्गत भोटको पश्चिम प्रदेश गुगे पनि पर्दथ्यो भन्ने कुरा भोटमा पाइएका ऐतिहासिक सामानबाट बुझिन्छ≡ ।

कर्णाली प्रदेशको यस राज्यमा खसहरूको बस्ती बढी हुंदा यो भेकको प्रदेश 'खसदेश' नामले प्रसिद्ध थियो । यसै हुँदा नेपाल–उपत्यकाका बासिन्दाहरू यी राजाहरूलाई 'खसिया राजा' भनी भन्दथे★ ।

नागराजले स्थापना गरेको यस राजवंशमा राजा क्राचल्ल प्रसिद्ध भए । कुमाउँ बालेश्वर-मन्दिरमा शकसंवत् ११४५ (वि. सं. १२८०) को क्राचल्लको एउटा अभिलेख पाइएको छ‡ । त्यसमा क्राचल्लले आफू राजा भएको सोह्रौं वर्षमा कर्तृपुर ( कुमाउँ–गढवाल ) जिती बालेश्वर महादेवको पूजा गरी दान दिएको वर्णन परेको छ । यसबाट क्राचल्ल वि. सं. १२६४ मा गद्दीमा बसेका थिए भन्ने थाहा पाइन्छ । त्यस अभिलेखमा क्राचल्लले आफूलाई 'परमसौगत'= बुद्धका ठूला उपासक भन्ने विशेषण लाएका छन् । यसबाट उनी बौद्ध थिए तापनि शैवधर्मको

---

+ यस दिनको गणना गर्दा आएको तिथिमिति यस प्रकारको छ–

शाके १२७९ वि. सं. १४१४ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला | दिनमान |
|---|---|---|---|---|---|
| ज्येष्ठ १९ | आदित्य | दशमी | २४ | । १५ | ३३।४४ |

( यो गणना रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशीले गर्नु भएको हो । अहिले देवीप्रसाद भण्डारीले फेरि दोहऱ्याइदिनुभएको छ ।)

* गढवाल बाडाहाटमा 'भट्टारक नागराज' को नामाङ्कित बुद्धमूर्ति छ भन्ने उल्लेख श्रीराहुल सांकृत्यायनको 'गढवाल' को ११२, ३४९ पृष्ठमा परेको छ ।

≡ श्रीजिशेप टुचीको ग्रन्थ 'प्रिलिमिनरी रिपोर्ट.....' को ५१,१२९ पृष्ठ हेर्नुहोस् ।

★ तल उद्धृत अशोकचल्लको पालाको अभिलेखमा 'खसदेशराजाधिराज' र गोपालराज-वंशावलीमा 'खशिया राजा' भन्ने उल्लेख परेको छ ।

‡ यस अभिलेखको मूल संस्कृत रूप हेर्न पाइएको छैन । यस अभिलेखको हिन्दी अनुवाद राहुल सांकृत्यायनको 'गढवाल'को ११४–१६ पृष्ठमा छापिएको छ ।

पनि उत्तिकै आदर गर्दथे भन्ने देखिन्छ । सो अभिलेखमा मुकाम श्रीसम्पन्न दुल्लुनजीकको शहर दिइएको छ । त्यसबाट क्राचल्लको समयमा दुल्लु बसिसकेको र सम्पन्न भइसकेको देखिन्छ । यसरी सिंजा र दुल्लु दुवै शहरले राजधानीको रूप लिन थालेको देखिन्छ । यसै हुँदा यिनका उत्तराधिकारीहरूले कहिले सिंजामा र कहिले दुल्लुमा बस्ने गर्न लागेको उल्लेख पाइन्छ ।

क्राचल्लका छोरा अशोकचल्ल पनि प्रभावशाली राजा थिए । टाढा टाढासम्म उनको कीर्ति फैलिएको थियो भन्ने वर्णन पृथ्वीमल्लको कीर्तिस्तम्भमा परेको छ । अशोकचल्लका पालाका दुइ अभिलेख पाइएका छन् । तिनका सारांश यस प्रकारका छन्—

"......देयधर्म्मोयं प्रवरमहाजानजायिनः परमोपाशकसमस्तप्रक्रयोपेतमहाराजश्रीमदशोकचल्लदेवस्य...कास्मीरपण्डितभदन्तगुचपथीराजगुरुपण्डितमूशल । पात्रसंङ्कुरदेव पात्रत्रैलोक्यब्रह्माकादिभिः श्रीमद्राजानं बोधयित्वा । भट्टदामोदर । भट्टपद्म । शिष्टराघव महिपूकाल प्रहित्य वीहारीयं बुद्धप्रतिमासहिता कारिता...श्रीमल्लखवणसेनस्यातीतराज्ये सं. ५१ भाद्रदिने २९. "

( बुद्धगयाको यो अभिलेख 'इपिग्राफिका इन्डिका' १२ भागको २९ पृष्ठमा प्रकाशित भएको छ । )

[...असल महायान सम्प्रदायका अनुयायी, ठूला उपासक, सारा प्रक्रियाले युक्त भएका महाराज श्रीअशोकचल्लदेवको यो दानधर्म हो ।... काश्मीरी पण्डित भदन्त (भिक्षु) गुचपथी, राजगुरु पण्डित मुशल, पात्र (भारादार) शङ्कुरदेव, पात्र त्रैलोक्यब्रह्माहरूले श्रीराजा बक्साएर भट्ट दामोदर भट्ट पदुम, शिष्ट राघव महिपूकालहरूलाई पठाएर बुद्धमूर्तिसहित यो विहार बनाउन लाएको हो । श्रीलक्ष्मणसेनको राज्य गुमेको एकाउन्नौं वर्षमा (वि. सं. १३१२ मा) ‡ भाद्र २९ गते ]

"...देयधर्म्मोयं प्रवरमहायानयायिनः परमोपासकस्य हेवज्रचरणारविन्दमकरन्दमधुकर... निखिलमहीपालजनकेत्यादिनिजनिखिलप्रशस्तिसमलङ्कृतसपादलक्षशिखरिखसदेशराजाधिराजश्रीमदशोकचल्लकणिष्ठभ्रातृश्रीदशरथनामधेयकुमारपादपद्मोपजीविभाण्डागरिकसत्यव्रतपरायणादिनिवर्त्तनीयबोधिसत्त्वचरितक्षत्रियकुलदीपश्रीसहणपालनामधेयस्य···श्रीमल्लक्ष्मणसेनदेवपादानामतीतराज्ये सं-७४ वैशाखवदि १२ गुरौ‡ । "

(बुद्धगयाको यो अभिलेख 'इपिग्राफिका इन्डिका' १२ भागको ३०पृष्ठमा प्रकाशित भएको छ।)

---

‡ अशोकचल्लका पालाका बुद्धगयाका यी दुइ अभिलेखमा दिइएको संवत् अन्त प्रचलित प्रसिद्ध लक्ष्मणसंवत्भन्दा भिन्न किसिमको छ । जगज्ज्योतिर्मल्लले लेखाएको स्वरोदयदीपिका-अनुसार लक्ष्मणसंवत् र विक्रमसंवत्मा ११८० वर्षको अन्तर छ भन्ने कुरा पूर्णिमा १।३ को ३४पृष्ठमा देखाइएको छ । कसैले लक्ष्मणसेनको जन्मकालदेखि यो संवत् चलेको हो भन्ने र कसैले उनको राज्यारोहणकालदेखि चलेको हो भन्ने आदि मानेका हुनाले यस संवत्को प्रचलनसमयमा मतभेद पाइन्छ तापनि प्रायः यसको प्रचलनसमय ११८० कै आसपासमा मानिएको छ । परन्तु बुद्धगयाका अभिलेखमा उल्लिखित यस संवत्लाई उक्त प्रचलित लक्ष्मणसंवत् मान्दा कुरा मिल्दैन । अशोकचल्लका बाबु क्राचल्लको समय वि. सं. १२८० र अशोकचल्लका छोरा जितारिमल्लको समय वि.सं. १३४४ निश्चित छ । यस कारण अशोकचल्लको समय यसै बीच पर्दछ भन्ने स्पष्ट छ । बुद्धगयाका

[ असल महायान सम्प्रदायका अनुयायी, ठूला उपासक, हेवज्रका पाउरूपी कमलका धूलाका भ्रमरा जस्ता भएका...सारा राजाहरूमा श्रेष्ठ इत्यादि आफ्ना सारा प्रशस्तिले सिंगारिएका सपादलक्ष (सवा लाख) पर्वत खसदेशका महाराजाधिराज श्रीअशोकचल्लका कान्छा भाइ राजकुमार श्रीदशरथका चरणकमलको सेवा गर्ने, भंडारे, साँचो बोल्नु आदि व्रतमा लाग्नाले बोधिसत्त्वको चरित्रको अनुसरण गरेका, क्षत्रियकुलका बत्ती जस्ता श्रीसहणपालको यो दानधर्म हो।... श्रीलक्ष्मणसेनदेवको राज्य गुमेको चौहत्तरौं वर्षमा (वि. सं. १३३५ मा ) वैशाख कृष्ण द्वादशी बृहस्पतिवारमा ]

यी दुइ अभिलेखबाट अशोकचल्ल बौद्धधर्मको महायानसम्प्रदायका अनुयायी थिए भन्ने थाहा पाइन्छ । 'हेवज्र' वज्रयानका प्रसिद्ध देवता हुन् । माथि उद्धृत एउटा अभिलेखमा 'हेवज्रचरणारविन्दमकरन्दमधुकर' भन्ने विशेषण अशोकचल्लमा लाइएकोले यतातिर पनि वज्रयानको प्रसार भएको देखिन्छ तथा यी अभिलेखबाट अशोकचल्लका गुरु भारादारहरू पनि बौद्ध नै थिए भन्ने पनि प्रकट हुन्छ ।

अशोकचल्लका छोरा जितारिमल्ल पनि बलिया शासक भए । यिनका पूर्वजहरूले पश्चिम र पश्चिमोत्तरतिर आफ्नो राज्यविस्तार गरे तापनि पूर्वतिर उत्तिको बढ्न सकेको देखिंदैन । यी जितारिमल्लले पूर्वतिर पनि आफ्नो राज्यविस्तार गर्न उद्योग गरेका थिए । यसैले लगातार तीन

---

यी अभिलेखको संवत्लाई प्रचलित लक्ष्मण मान्दा ५१+११८०=१२३१ वि.सं. र ७४+११८० =१२५४ वि. सं. हुन आउँदछ । यसबाट अशोकचल्ल बाबु क्राचल्लभन्दा अघि हुन आउने भए तथा छोरा जितारिमल्ल र अशोकचल्लको समयमा शय वर्ष जतिको अन्तर पर्न आउने भयो । यस कारण यो प्रचलित प्रसिद्ध लक्ष्मणसंवत् होइन भन्ने स्पष्ट बुझिन्छ । अलि गहिरिएर हेरेको खण्डमा बुद्धगयाका यी दुइ अभिलेखमा परेको संवत्सम्बन्धी उक्तिले नै यो कुरा बुझ्न मद्दत गर्छ। यहाँ उल्लिखित 'श्रीमल्लख्वणसेनस्यातीतराज्ये संवत् ५१' 'श्रीमल्लक्ष्मणसेनदेवपादानामतीतराज्ये सं.७४' यस उक्तिले लक्ष्मणसेनको राज्य गुमेको वर्षदेखि शुरू भएको संवत् यो हो भन्ने भाव झल्काएको छ। यस कारण नदियाको प्रसिद्ध युद्धमा अन्तिम हार भएदेखि अर्थात् वि. सं. १२६१ देखि चलेको संवत् यो हो भन्ने देखिएको छ। यसो मान्दा गणना पनि मिल्छ, ऐतिहासिक घटनाक्रम पनि मिल्छ ।

यस विषयको विशेष चर्चा श्रीलुशिएनो पेटेकको 'मेडिईभळ् हिस्ट्रि अफ् नेपाल' को १९७–९८ पृष्ठमा हेर्नुहोस् ।

यसको गणना गर्दा आएको तिथिमिति यस प्रकारको छ—

वि. सं. १३३५ वैशाखकृष्ण (अमान्तमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| ज्येष्ठ २५ | बृहस्पति | द्वादशी | ५९ | २२ |

(यो गणना देवीप्रसाद भण्डारीळे गर्नुभएको हो ।)

पटक जितारिमल्लले नेपालउपत्यकामा आक्रमण गरेको उल्लेख गोपालराजवंशावलीमा पाइन्छ । पहिलो आक्रमण वि. सं १३४४ पौषमा भएको थियो । त्यस वेला नेपाल-उपत्यकामा अनन्त मल्ल शासन गर्दै थिए । स्वयम्भूको डाँडोनिर जितारिमल्लको खससैन्य र उपत्यकावासीहरूको ठूलो लडाइँ भयो । यस लडाइँमा ८०० जति जितारिमल्लको खससिपाही परे । तैपनि जितारिमल्ल पछि हटेनन् । आखिर यहाँका बासिन्दाहरूले जितारिमल्लको फौजसंग हाकाहकी नलडी उनीहरूलाई कायल गर्ने अर्कै बाटो लिए । त्यस वेला नेपाल-उपत्यकामा अरू किसिमका दुर्ग( किल्ला )का साथसाथै वनदुर्गहरू पनि निकै थिए* । बाहिरबाट हमला हुँदा अरू किल्ला तोडी शत्रु शहर बस्तीभित्र पस्न समर्थ भए भने यहाँका सारा बासिन्दाहरू रसद लुकाई यस्तै वनदुर्गभित्र पस्तथे । जितारिमल्लसंगको यस युद्धमा पनि नेपाल-उपत्यकावासीहरूले आत्मरक्षाको यही बाटो लिए । यसरी रसदपानी नपाउँदा जितारिमल्लको सैन्यलाई धेरै दिन यहाँ टिक्न गाह्रो भयो र जितारिमल्ल स्वदेश फर्केर गए । यति भएपछि यहाँका बासिन्दाहरू फेरि अघि जस्तै आफआफ्नो ठाउँमा रहन लागे ।

यसको चौध महीनापछि वि. सं. १३४५ फाल्गुनमा फेरि दोस्रो पल्ट जितारिमल्लले नेपाल-उपत्यकामा आक्रमण गरे । यस पालिको जितारिमल्लको आक्रमण पहिला आक्रमणभन्दा भयङ्कर थियो । यस पालि जितारिमल्लको सैन्यले गाउँका गाउँ आगो लाइदियो । यति गरी यहाँका प्रसिद्ध देवता पशुपतिनाथ, स्वयम्भूनाथ, राता मत्स्येन्द्रनाथको दर्शन पूजन गरी जितारिमल्ल आनन्दसंग फर्केर गए÷ ।

यसको एक वर्षपछि वि. सं. १३४६ फाल्गुनमा तेस्रो पटक नेपाल-उपत्यकामा जितारिमल्लले आक्रमण गरे । नुवाकोट कब्जा गरी उनी देउपाटनमा पसे । यसभन्दा अगाडि उनी बढ्न सकेनन् । त्यसपछि यस पालि पनि जितारिमल्लको सैन्यले गाउँका गाउँ आगो लाइदियो । एक महीनासम्म जितारिमल्लको सैन्य पाटनमा किल्ला घेरेर बस्यो । परन्तु किल्ला फुटेन । यसपछि के घटना भयो, सो थाहा पाइएको छैन । शायद पहिले जस्तै जितारिमल्ल स्वदेश फर्के होलान् । जितारिमल्लको यो तेस्रो आक्रमणको वर्णन गोपालराजवंशावलीमा यसरी गरिएको छ —

"सं. ४१० फाल्गुण कृष्ण प्रदीपदा जयतारि वर्स्यंलि तेल नवक्काठ काया, बुगन्देवल पयिसरपम्भण्डार दुंता । ग्वल्वंस पछिम द्वारण दुम्बिस्यम् थव लान अङ्काल बिस्यस स्वान छाया उप्रहाथ पश्चिम द्वारस टया, थ्व लिव ग्रास द्वाको मे चोया, लिंछि यह्लंस गह्ल याङ माङा गह्ल मचाल्व"

( गोपालराजवंशावली ४० पत्रबाट )

[ ने. सं. ४१० ( वि. सं. १३४६ ) फाल्गुन कृष्ण प्रतिपदाका दिन जितारि आई नुवाकोट दखल गरे, बुङमतीको देवलमा ( राता मछिन्द्रनाथकहाँ ) गई कोष चढाए, देउपाट-

---

*ऐतिहासिक-पत्र-संग्रह ( दोस्रो भाग ) को ६१-६८ पृष्ठ हेर्नुहोस् ।

÷यस कुराको प्रमाण भाग 'इतिहास-संशोधनको प्रमाण प्रमेय' को १४८ पृष्ठमा हेर्नुहोस् ।

नमा पश्चिम ढोकाबाट पसे । यस पालि............यसपछि गाउँहरूमा आगो लाइदिए। एक महीनासम्म ललितपुरमा किल्ला जमाई बसे । किल्ला फुटेन । ]

जितारिमल्लपछि उनका उत्तराधिकारीका रूपमा राजगद्दीमा को बसे भन्ने कुरा अलि विचारणीय छ । पृथ्वीमल्लको स्तम्भलेखमा यहाँनिर दुइ दाजुभाइको वंशक्रम देखाउन बढ्ता जोड दिइएको छ । यस कारण गद्दीनशीनको क्रम त्यहाँ अलि स्पष्ट भएको छैन । त्यस स्तम्भ-लेखको वर्णनशैलीअनुसार जितारिमल्लपछि उनका भतिजा रिपुमल्ल गद्दीमा बसेका देखिन्छन्। किनभने त्यस स्तम्भलेखमा जितारिमल्लका छोरा आदित्यमल्लभन्दा अघि रिपुमल्लको उल्लेख गरिएको छ। परन्तु यहाँनिर एउटा कुराले अलि शङ्का पैदा गराइदिएको छ । रिपुमल्लको अहिले थाहा पाइएको समय वि. सं. १३६९ हो । रिपुमल्लले नेपाल–उपत्यकामा यात्रा गरेको साल यही हो, निग्लिहवाको अभिलेखमा देखिएको यिनको समय पनि यही नै हो । यस कारण वि. सं. १३६९ मा रिपुमल्लले राज्य गरिरहेका थिए भन्ने कुरा निश्चित छ । तर दुल्लु ज्वालाजीमा रहेको वि. सं. १३५६ को एउटा अभिलेखमा आदित्य-मल्ललाई 'राजा' भनी लेखिएको पाइन्छ । सो अभिलेख + यस प्रकारको छ–

" १. ... ...
२. श्रिआजीतम
३. ल्लराजा(स)परीवा
४. रश्चिरं जयतु
५. श्रिनाथ राउत
६. (शा)के १२२१ "

[ सपरिवार श्रीआजीत( आदित्य )मल्ल राजाको धेरै कालसम्म जय भइरहोस् । श्रीनाथ राउत । शकसंवत् १२२१ ( वि. सं. १३५६ ) ]

आदित्यमल्लले वि. सं. १३८४ मा नेपालउपत्यकामा आक्रमण गरेको हुनाले त्यस समयमा आदित्यमल्ल शासन गर्दै थिए भन्ने कुरामा पनि शङ्का गर्ने ठाउँ छैन। यताबाट झ्वाट्ट हेर्दा जितारिमल्लपछि उनका छोरा भतिजाले भिन्नाभिन्नै शासन कायम गरे कि भन्ने देखिन्छ । परन्तु यो एउटा सामानको भरमा यस विषयमा कुनै निर्णय गर्न सकिंदैन । माथि उल्लिखित वि. सं. १३५६को अभिलेख खुद आदित्यमल्लको होइन, श्रीनाथ राउतले सो राखेका हुन् । श्रीनाथ राउत आदित्यमल्लका मानिस भएका हुँदा रिपुमल्ल राजा भए पनि आफ्ना मालिक राजकुमार आदित्यमल्ललाई पनि 'राजा' भनी विशेषण लाइदिएको पनि हुन सक्छ । जे होस्, यो कुरा इतिहासकारहरूको लागि एउटा खोजीको विषय बन्न आएको छ।

जितारिमल्लको आक्रमणको २३ वर्षपछि वि. सं. १३६९ फाल्गुनमा रिपुमल्ल नेपाल-उपत्यकामा पसेको वर्णन गोपालराजवंशावलीमा पाइन्छ । त्यहाँको वर्णनशैली हेर्दा रिपुमल्लको यो यात्रा युद्धको रूपमा भएको जस्तो देखिंदैन । यहाँ आई रिपुमल्लले बुङ्मतीका मछिन्द्रनाथलाई

---

+ ऐ. शि. बाबुराम आचार्यको प्रेरणाले ख. रामजी बासकोटाले ल्याउनुभएको यस अभिलेखको छापा अहिले संशोधनमण्डलको संग्रहमा छ ।

महास्नान गराए, कोष चढाए । पशुपतिको पूजा गरे । स्वयम्भूको पूजा गरी भोज खुवाए । १८ दिन यहाँ उपत्यकामा बसी रिपुमल्ल फर्केर गए । यस विषयका गोपालराजवंशावलीमा परेका वाक्य यस प्रकारका छन्––

"सं ४३३ फाल्गुण कृष्ण पाडो, खशिथा राजा रिपुमल्लन बुंगस ह्नवनं याङ सन्हुं आदिन इुन्ता, ख्वलम् भाह्लसं प्रसं चोङा, येन्देञ्चैत्यस बाह्लं सवति भोज याङा, दिन १८ बसरपा लिस्स"

( गो. रा. वंशावली ४३ पत्रबाट )

[ ने. सं. ४३३ ( वि. सं. १३६९ ) फाल्गुन कृष्ण प्रतिपदाका दिन खस राजा रिपुमल्लले बुङ्मतीमा महास्नान गराई कोष आदि चढाए । देउपाटनका भट्टारक (पशुपतिनाथ) लाई प्रसन्न पारे । कान्तिपुरका चैत्य(स्वयम्भूनाथ)मा पूजा गरी त्यहाँ बहालका व्रतबन्ध गरे जति जम्मैलाई भोज खुवाए । १८ दिन बसी फर्केर गए ।]

लुम्बिनी र कपिलवास्तुभेक पनि त्यस वेला रिपुमल्लहरूको राज्यक्षेत्रभित्र पर्दथ्यो भन्ने कुरा लुम्बिनी र कपिलवास्तुमा पाइएका रिपुमल्लका साना साना दुइटा अभिलेखबाट बुझिन्छ* । नेपाल–उपत्यकामा आएकै सालको उल्लेख त्यहां पनि परेको हुँदा यहाँ पस्नुभन्दा पहिले वा यताबाट फर्केर जाँदा रिपुमल्लले बुद्धको जन्मस्थल लुम्बिनीको दर्शन गरेको देखिन्छ + ।

रिपुमल्ल धार्मिक तथा लेखपढ गर्ने प्रकृतिका देखिन्छन् । यस कुराको संकेत सिंजाको पूर्वपट्टि चौकीखोलानजीकै रहेको रिपुमल्लको एक खण्डित अभिलेखबाट पाइन्छ । त्यसमा रिपुमल्लले 'लघुरत्नत्रय' भन्ने ग्रन्थ सारेको उल्लेख परेको छ—

"लोकनाथपदध्यानलघुरत्नत्रयाभिधा ।
लिखिता रिपुमल्लेन विद्या सर्वार्थसाधनी ॥"

( इतिहास–प्रकाश २।१ को ८० पृ. )

[ रिपुमल्लले लोकेश्वरको पाउको ध्यानको कुरा भएको 'लघुरत्नत्रय' भन्ने सबै कुरा सिद्ध गर्ने विद्या सार्नुभयो ]

---

*कपिलवास्तु (बुटौल निग्लिहवा) मा "ॐ मणिपद्मे हुँ ॥ श्रीरिपुमल्लश्चिरं जयतु १२३४" भन्ने वि. सं. १३६९ को अभिलेख पाइएको छ तथा लुम्बिनी ( बुटौल रुक्मिनदेई) मा पनि अशोकस्तम्भमा अशोकको अभिलेखभन्दा माथि "ॐ मणिपद्मे हुँ । श्रीरिपुमल्लश्चिरञ्जयतु" "संग्राम(म)ल्ल जयः" भनी लेखिएको छ । (इतिहास–प्रकाश २।१ को ८१ पृष्ठ तथा 'रुद्राक्षारण्यमाहात्म्य' को २६–२७ पृष्ठ हेर्नुहोस् )

+यसबाट रिपुमल्लको समयसम्म पनि बुद्धको जन्मस्थल लुम्बिनीको ज्ञान भएको देखिन्छ । परन्तु पछि बुद्धको जन्मस्थल यहाँ पर्दछ भन्ने कुरा मानिसले बिर्से । पछि वि. सं. १९५१ मा मात्र डा. फुरहरले चीनिया यात्रीको वर्णनको आधारमा बुद्धजन्मस्थल पत्ता लगाएका हुन् । त्यस वेला पाल्पाका शासक (बडाहाकिम) भई बसेका श्रीखड्गशमशेरले यस खोजीमा डा. फुरहरको मद्दत गरेका थिए ।

रिपुमल्लको पालामा वि. सं. १३७० मा सारिएको'अभिसमयालङ्कार'भन्ने पुस्तक भोटको एउटा मठमा पाइएको छ ◎ । त्यसमा "सम्वत् १३७० फाल्गुनवदि २ शनिदिने । सुरक्षेत्रे । राजराजेश्वर-लोकेश्वरश्रीरिपुमल्लदेवराज्ये..." (वि. सं. १३७० फाल्गुन कृष्ण द्वितीया शनैश्चरवारमा × सुरक्षेत्र (बुल्लु सुरखेत)मा महाराजाधिराज लोकेश्वर श्रीरिपुमल्लदेवको राज्यमा) भन्ने उल्लेख परेको छ ।

वि. सं. १३७८ मा खस सैन्य भक्तपुर पसी त्यहाँ त्रिपुरको राजवास किल्ला भत्काएको उल्लेख गोपालवंशावलीमा परेको छ –

" स ४४१ चैत्र शुद्धि दितीया खशिया...ष्टन लासन राजवासक्वाठ थोङा तिपुरया ॥"

( गो. रा. वंशावली ४४ पत्रबाट )

[ने. सं. ४४१ (वि. सं. १३७८) चैत्र शुक्ल द्वितीयाका दिन खसहरू...लड्दै आए, त्रिपुरको राजवासक्वाठ भत्काए ।]

आक्रमण गर्ने राजाको नाउँको उल्लेख यहाँ परेको छैन । यसको ६ वर्ष जतिपछि वि. सं. १३८४ मा जितारिमल्लका छोरा आदित्यमल्लले नेपाल–उपत्यकामा आक्रमण गरेका थिए । आदित्यमल्लले पहिले नुवाकोट कब्जा गरे । पाँच दिनपछि शाखरकोट कब्जा गरी उनी नेपाल-उपत्यकाभित्र पसे । उनले तीनै शहरमा आगो लाइदिए । यस घटनाको वर्णन गोपालराज-वंशावलीमा यसरी गरिएको छ–

"सं. ४४८ फाल्गुण शुक्ल सप्तमी खसिया राजा आदीतमल्लया कटकन वस्यम् नवक्वाठ कास्यम् . ङंन्हु लिवलि शाखरक्वाठ कासनलिन्दुम्बिक्व स्वन्देश मे चोसन यन्हं पुलबहीरिस थाकन याङ पुङा दिन २२ मचाल्व. "

(गोपालराजवंशावली ४६ पत्रबाट)

"तत्रान्तरे आदितमल नेपाल प्रविष्ट ॥ सम्वत् ४४८ चैत्र पूर्णामी ॥"

(गो. रा. वं. २७ पत्रबाट)

[ ने. सं. ४४८ ( वि. सं. १३८४ ) फाल्गुन शुक्ल सप्तमीका दिन खस राजा आदित्य-मल्ल लड्न आए, नुवाकोट कब्जा गरे, पाँच दिनपछि शाखरक्वाठ कब्जा गरी ( उपत्यका ) भित्र पसे । तीनै शहरमा आगो लाइदिए । ललितपुर पुलबहिल(?) मा रहेर २२ दिनसम्म घेरा हालेर बसे । तर ( किल्ला ) फुटेन । ]

[ त्यसै बीचमा ने. सं. ४४८ ( वि. सं. १३८४ ) चैत्र शुक्ल पूर्णिमाका दिन आदित्यमल्ल नेपाल( उपत्यका )भित्र पसे । ]

---

◎ 'तिब्बतमा रहेका संस्कृतभाषाका हस्तलिखित पुस्तकको खोज' भन्ने लेखमा श्रीराहुल सांकृत्यायनद्वारा यसको उल्लेख भएको छ । श्रीलुशिएनो पेटेकको 'मेडिईभळ् हिस्ट्री अफ् नेपाल' का १०८–९ पृष्ठबाट यहाँ यो उद्धरण दिइएको हो ।

× यस दिनको गणना गर्दा आएको तिथिमिति यस प्रकारको छ–

वि. सं. १३७० फाल्गुन कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | ९ | शनैश्चर | प्रतिपदा | २० | १५ |

आदित्यमल्लपछि कल्याणमल्ल राजा भए। यिनको पालाको घटना ,केही थाहा पाउन सकिएको छैन ।

कल्याणमल्लपछि उनका छोरा प्रतापमल्ल राजा भए। भोटमा पाइएको वंशावलीमा प्रताप-मल्लले भिक्षुचर्या लिएको कुरा परेको छ× । पृथ्वीमल्लको स्तम्भलेखमा 'स स्वयं नागराजस्य नैवाशेषयदन्वयम्' भन्ने वर्णन परेको हुनाले भोटे वंशावलीको उक्तिमा सत्यता भएको देखिन्छ। प्रतापमल्लका कुनै सन्तान पनि थिएनन् । यसैले प्रतापमल्लपछि गेलावंशका पुण्यमल्ल गद्दीमा राखिए ।

पुण्यमल्लको पालामा पनि वि. सं. १३९१ मा नेपाल–उपत्यकामा आक्रमण गरिएको थियो। खस सैन्य भाद्रमा नेपाल–उपत्यकामा पस्यो,फाल्गुनमा मात्र स्वदेश फर्क्यो । यसरी ६ महीना जति सो सैन्य यहाँ बस्यो । खस सैन्यसंगको लडाइँमा एक जना भारादार र चालीस जना अरू परे । फर्कने बेलामा खसहरूले यहाँ दण्डको रूपमा पैसा उठाई लिए । खस सैन्य फर्कँदा साँखुको बाटो फर्केको देखिन्छ तथा खस सैन्यले साँखुमा आगो लाएको थियो । यस कुराको वर्णन गोपालवंशावलीमा यसरी गरिएको छ––

" स. ४५४ भाद्दपद शुद्धि ७ थथित भाटो यह्र दुम्बिया. सखुपतिराजटो दुम्बीचमलाक्व खशियान स्याङा, एकतंन अङ्क ४० च्यतला गाक्व पाडो कोम्हु लास्य वङ्ग्व लिस डण्ड कास्यनि सङ्का मे चोया खशियानम् ।। "

(गोपालराजवंशावली ४८ पत्रबाट)

[ ने. स. ४५४ (वि. सं. १३९१) भाद्र शुक्ल सप्तमीका दिन थयित भा ललितपुरभित्र पसे। सखुपतिराजचाहिं भित्र पस्त नपाउँदै खसद्वारा मारिए । अरू जम्मा चालीस जना परे । फाल्गुन कृष्ण प्रतिपदाको दिन दण्ड लिईकन खसहरू फर्के । खसहरूले सांखुमा आगो लाए। ]

यहाँ आक्रमण गर्ने राजाको नामोल्लेख भएको छैन तापनि यो घटना पुण्यमल्लको पालामा भएको हो भन्ने बुझ्न सकिन्छ । पुण्यमल्लको वि. सं. १३९४ को एउटा ताम्रपत्र पाइएको छ* । त्यसमा नेपाल (उपत्यका) आदिलाई 'करद' पारेको छु भनी पुण्यमल्लले गर्व गरेका छन् । त्यस ताम्रपत्रको अलिकता अंश यस प्रकारको छ–

"...करदीकृतकोंकणकर्णाटलाटमुरलकेरलडहालांगवंगकालिंगमिथिलमालवनेपालगुर्जरजाळंधरांध्र-प्रमुखमेदिनीनाथसंसेव्यमानास्थानीनिकेतनाजिरे । श्रीमति सेंजापुरे । परमभट्टारकमहाराजाधिराज-परमेश्वरपरमसौगत...श्रीपुण्यमल्लदेवाः सान्तःपुरसकुमाराः सुचिरं विजयिनो भवन्तु ।

---

× श्रीजिशेप टुचीको 'प्रिलिमिनरी रिपोर्ट…' को ६८ पृष्ठ हेर्नुहोस् ।

* 'हिमवत्संस्कृति' १।१ को ३४ ३५ पृष्ठमा योगी नरहरिनाथद्वारा यो अभिलेख प्रकाशित भएको छ ।

श्रीशाके १२५९ वैशाख सुदि १३ रवौ≡... श्रीमत्पुण्यमल्लदेवेन श्रीविद्याकरविप्रश्रिद्भ्यः सर्व-बाधाविनिर्मुक्तं आलिकापञ्चकं प्रतिपादितं।"

[...कर तिर्ने बनाइएका कोंकण कर्णाट लाट भुरल केरल डहाल अंग बंग कलिंग मिथिल मालव नेपाल( उपत्यका ) गुर्जर जाळंधर आंध्र आदिका राजाहरूले सेवा गरिएका सलामी दिने ठाउँको आंगन भएको श्रीसम्पन्न सेंज शहरमा। परमभट्टारक महाराजाधिराज परमेश्वर परमसौगत ( बुद्धका ठूला उपासक ) श्रीपुण्यमल्लदेवको र उहाँका जहान छोराछोरीको धेरै कालसम्म जय भइरहोस्। शकसंवत् १२५९ (वि. सं. १३९४) वैशाख शुक्ल त्रयोदशी आदित्यवारको दिन श्रीपुण्य-मल्लदेवले विद्वान् श्रीविद्याकरलाई सबै किसिमको कर माफी गरीकन पाँच आला खेत दिनुभयो]

यहाँ उल्लिखित कोंकण कर्णाट आदि सबै देशलाई पुण्यमल्लले 'करद' पारेका थिए भन्ने कुरामा कुनै सत्यता छैन। यसताका आफूले थाहा पाएका वरपरका देशलाई अधीन पारेको छु भनी लेख्ने लेखाउने चलन जस्तै चलेको थियो। यसै चलनअनुसार थाहा पाए जति देशलाई अनुप्रास मिलाई यहाँ दिइएको हो। तर वि. सं. १३९१ मा खस सैन्यले नेपाल–उपत्य-कामा आक्रमण गरी कर उठाएको देखिनाले नेपाल(उपत्यका)लाई 'करद' भनी लेखिएकोमा चाहिं केही सत्यता थियो%।

जितारिमल्ल रिपुमल्ल आदित्यमल्लहरू जस्तै स्वयं पुण्यमल्लचाहिं नेपाल–उपत्यकामा नआएको अनुमान हुन्छ। उनको खस सैन्य मात्र यहाँ आक्रमण गर्न आएको थियो। यसो हुँदा गोपालराजवंशावलीमा उनको नामोल्लेख नभएको देखिन्छ।

पुण्यमल्लपछि पृथ्वीमल्ल गद्दीमा बसे। पृथ्वीमल्लका वि. सं. १३९५ देखि १४१५ सम्मका अनेक अभिलेख प्रकाशमा आएका छन् +। पृथ्वीमल्लका धेरैजसा यी अभिलेखहरू तात्कालिक जनभाषामा (नेपाली भाषाको पूर्वरूपको भाषामा) लेखिएका छन्। तिनको अध्ययन गरी पृथ्वीमल्ल-विषयमा भिन्नै निबन्धमा विचार गरिनेछ।

---

≡ यस दिनको गणना गर्दा आएको तिथिमिति यस प्रकारको छ–

शकसंवत् १२५९ (वि.सं. १३९४) वैशाखशुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| वैशाख १२ | आदित्य | त्रयोदशी | ५६। ३६ |

% वि. सं. १३६७ मा मैथिलहरूले नेपाल–उपत्यकामा आक्रमण गरी यहाँ आफ्नो शासन कायम गरेका थिए। तर यहाँ राज्य गर्न नसकी वि. सं. १३६८ मा मैथिलहरू फर्किगएका हुन्। (पूर्णिमा चौथो अङ्कको २५–२६ पृष्ठ हेर्नुहोस् ) यसको लगत्तै एक वर्षपछि वि.सं. १३६९ मा खस राजा रिपुमल्लले नेपाल–उपत्यकामा आई धर्मकर्म गरेका थिए। यसबाट मैथिलहरूलाई हटाउन नेपाल–उपत्यकावासीहरूले रिपुमल्लसंग सहायता मागेका थिए कि भन्ने शङ्का उठ्छ तथा पुण्यमल्लले मिथिलालाई 'करद' पारें भनेकोमा पनि सत्यता थियो कि भन्ने देखिन्छ।

+ इतिहास–प्रकाश २।१ र हिमवत्संस्कृति १।१ हेर्नुहोस्।

यसरी नागराजदेखि पृथ्वीमल्लसम्म करीब तीन शताब्दी जति कर्नालीप्रदेशले नेपालको इतिहासमा महत्त्वपूर्ण स्थान प्राप्त गरेको थियो। यस राज्यको शासनपद्धति, अर्थ, धर्म, कला, विद्या आदि विविध विषय राम्ररी विचार गर्नालाई अहिले प्रकाशमा आएका सामान पर्याप्त छैनन् तापनि प्रकाशमा आएका यी अलिकता सामानको अध्ययनबाट पनि कर्नालीप्रदेशको इतिहासको अलिकता झलक हामी पाउँछौं।

योगी नरहरिनाथले कर्नालीप्रदेशका निकै ऐतिहासिक सामानहरू कष्टसाथ खोजी प्रकाश गराउनुभएको छ तापनि गहिरिएर मननचाहिं उहाँले गर्नुभएको छैन भनी दुःखसाथ भन्नुपरेको छ। उहाँले पृथ्वीमल्लको कीर्तिस्तम्भको अभिलेख छपाउँदा त्यसको नेपाली अनुवाद पनि छपाउनुभएको छ +। उहाँको त्यस अनुवादले गर्दा यी राजाहरूको वंशक्रममा ठूलो भ्रम फैलिएको छ। श्रीसूर्यविक्रम ज्ञवालीज्यूले पनि परीक्षै नगरी त्यही भूल फेरि दोहऱ्याइदिनुभएको छ। यस कारण यस विषयमा कोट्याउनुपर्ने खण्ड परेको छ।

योगीज्यूले गर्नुभएको अनुवादअनुसारको क्राचल्लदेखि प्रतापमल्लसम्मको वंशक्रम यस प्रकारको छ–

क्राचल्ल
अशोकचल्ल
जितारिमल्ल
अक्षयमल्ल
अशोकमल्ल
आनन्दमल्ल
रिपुमल्ल
संग्राममल्ल
जितारिमल्ल
आदित्यमल्ल
कल्याणमल्ल
प्रतापमल्ल

पृथ्वीमल्लको स्तम्भलेखमा जति जनाको नामोल्लेख भएको छ, ती सबैलाई लहरै छोरा छोराको रूपमा योगीज्यूले यहाँ राखिदिनुभएको छ। यसो हुँदा यी राजाहरूको क्रममा ठूलो अन्तर पर्न गएको हो। योगीज्यूको अनुवादअनुसार एउटै व्यक्ति अशोकचल्ल र अशोकमल्लको रूपमा दुइजना बनेका छन्, एउटै जितारिमल्ल पनि दुइजना बनेका छन्, एक पुस्ता मात्र फरक भएका दुइ व्यक्तिमा ६ पुस्ताको अन्तर पर्न गएको छ। यस्तो अर्थ गर्नुभन्दा पहिले

+ इतिहास प्रकाश २।१ को ६४ पृष्ठमा तथा हिमवत्संस्कृति १।१ को ४१–४२ पृष्ठमा यो अनुवाद छापिएको छ।

त्यस अभिलेखलाई अलि गडेर पढ्नुभएको भए त्यसबाटै वास्तव अर्थ खुल्थ्यो अथवा यी राजासम्बन्धी पाइएका अरू सामानहरूको अध्ययन गरी हेर्नुभएको भए पनि यस्तो हुने थिएन ।

योगीजीको अनुवादअनुसार नेपालउपत्यकामा आक्रमण गर्ने जितारिमल्ल र आदित्य-मल्लमा ६ पुस्ताको अन्तर छ । परन्तु यी दुइको समयमा दश वर्षको मात्र अन्तर छ। १० वर्षभित्र ६ पुस्ताको कल्पनासम्म पनि गर्न सकिंदैन। नेपालउपत्यकामा आक्रमण गर्ने जितारिमल्ल अर्के द्वितीयचाहिं होलान् भनी कल्पना गरौं भने पनि रिपुमल्लभन्दा अगाडिको यो घटना भएको हुँदा त्यसो भन्न पनि ठाउँ छैन । फेरि उहाँको अनुवादअनुसार जितारिमल्ल-देखि रिपुमल्लसम्ममा पाँच पुस्ता हुन आउँछन् । तर यी दुइको नेपाल–उपत्यकाको यात्रा–कालमा भने २३ वर्षको मात्र फरक छ । २३ वर्षभित्र पाँच पुस्ता जानु गाह्रो छ । उहाँको अनुवादअनुसार रिपुमल्लको चारौं पुस्तामा जन्मने आदित्यमल्ल ज्वालाजीको अभिलेखबाट रिपुमल्लभन्दा पहिले देखिन आए।

यस कारण उक्त अनुवाद सर्वथा अशुद्ध र भ्रमोत्पादक छ भन्ने कुरामा सन्देह छैन । शुद्ध वंशक्रम माथि नै दिइसकेको हुनाले फेरि यहाँ दोहऱ्याउनु आवश्यक देखिंदैन ।

श्रीसूर्यविक्रम ज्ञवालीको 'नेपाल–उपत्यकाको मध्यकालीन इतिहास' भन्ने पुस्तकको 'मल्ल उपाधिधारी राजाहरु' भन्ने प्रकरणमा योगी नरहरिनाथले गर्नुभएको अनुवादअनुसार नै यी राजाहरूको वर्णन गरिएको छ । यसो हुँदा योगीज्यूले गर्नु भएको भूल अझ स्पष्ट रूपमा त्यहाँ दोहरिएको छ ( ने. उ. म. इ. को ४८–५३ पृष्ठ हेर्नुहोस् ) । स्थानाभाव र गतार्थ कुरा पनि भएको हुँदा यहाँ त्यसको उद्धरणसहित विशेष चर्चा गर्नुपर्ने आवश्यकता देखिनं ।

प्रा. तोत्रराज पाण्डे तथा श्रीगुरु पं. नयराज पन्तविरचित 'नेपालको संक्षिप्त इतिहास' मा पनि पृथ्वीमल्लको वंशबारे अलिकता अशुद्धि परेको छ। त्यसको पनि यहाँ संशोधन गर्नु आवश्यक ठान्दछु । उक्त पुस्तकको ३१ पृष्ठमा यस विषयमा यस्तो लेखिएको छ–

"जितारिको वंशमा पृथ्वीमल्ल नामक एक जना नामी राजा भए।"

जितारिमल्लको चारौं पुस्ताका राजा प्रतापमल्ल निस्सन्तान हुँदा सो राजवंश टुटेको र अर्को गेलावंशका पुण्यमल्ल गद्दीमा राखिएको कुरा माथि परिसकेको छ । पुण्यमल्लका छोरा पृथ्वीमल्ल हुन् । यस कारण पृथ्वीमल्ललाई जितारिमल्लको वंशमा जन्मेका भन्नु अशुद्ध हो। उनी गेलावंशका हुन् ।

–०–

## जगत्प्रकाश मल्ल


–भोलानाथ पौडेल

राजा जगत्प्रकाश मल्लले वि. सं. १७०० देखि वि. सं. १७२९ सम्म पूरा २९ वर्षको लामो समय भक्तपुरमा अटूट राज्य गरे । यसरी जगत्प्रकाश मल्ल धेरै वर्ष राज्य गर्ने नेपाली

राजाहरूका गणनामा पर्दछन् । त्यसो हो तापनि राजा जगत्प्रकाशका विषयमा धेरै कम कुरा प्रकाशमा आएका छन् । त्यसैले अहिले म पाइनेसम्मका प्रमाणका आधारमा जगत्प्रकाश मल्लका विषयमा लेख्न लागिरहेको छु ।

जगत्प्रकाश मल्ल आफ्ना बाबा राजा नरेश मल्लका शेषपछि‡ पाँच वर्ष पनि नपुग्दै राजा भएका हुन् । पाँच वर्षका ती बालक राजाबाट सिंहासनको शोभा बढाउनुसिवाय त्यस बेला अरू कुनै काम हुन सक्तैनथ्यो । त्यसैले उनको राज्य अरूले नै चलाइदिनुपर्दथ्यो । पछि समर्थ भएपछि मात्र उनले आफैं राज्य चलाउन लागे । यसरी जगत्प्रकाश मल्लका शासनकाललाई दुई भागमा विभक्त गर्न सकिन्छ । एउटा बाल्यकाल–राजपाठको सबै भार अरूले नै बोकिदिएको, अर्को–समर्थ भई राजाले राजपाठ आफैंले लिएको ।

वि. सं. १६९५ मार्ग २६ गते जगत्प्रकाश मल्लको जन्म भएको हो । सो कुरा त्यसै वेला टिपिएको जगत्प्रकाश मल्लको टिप्पनबाट थाहा हुन्छ* । सो यस प्रकारको छ—




सं. ७५२ कार्त्तिककृष्ण ॥ च २८ वि २५ प्र आमावास्या ॥अनुराढा ४८ शु प्र धृती॥ शनिश्चरवाल॥ ततो जातवेला सं प्र १२ वि ५२ तदा सिंह लग्न तुरांश प्रथमद्रेकान्ये ॥ श्रीश्रीनरेश मल्लयाया पुत्र जात ॥

( हाळे पत्ता लागेको ठ्यासफुबाट )

---

‡ सं. ७६३ आश्विनवदि ५ श्रीजयेनरेश मल्ल शिवलीन जुव ( इतिहास–प्रकाश २ अङ्क ३ भाग ५६९ पृष्ठमा छापिएको धनेश्वर राजोपाध्यायसंग रहेको कागतबाट)

[ने. सं. ७६३ ( वि. सं. १७००) आश्विन कृष्ण (पूर्णान्तिमानले कार्तिक कृष्ण) पञ्चमीमा श्रीजयनरेश मल्ल परलोक हुनुभयो ।]

*ने. सं. ७५२ को जगत्प्रकाश मल्लको टक पाइएको हुंदा जगज्ज्योतिर्मल्लपछि उनका छोरा जगत्प्रकाश मल्ल भक्तपुरको गद्दीमा बसे, भक्तपुरमा नरेश मल्ल भन्ने कुनै राजा हुंदै भएनन् भनी श्रीसूर्यविक्रम ज्ञवालीले अज्ञान र स्वार्थवश लेख्नुभएको थियो । ( 'नेपाल–उपत्यकाको मध्यकालीन इतिहास' को ९७–९८ पृष्ठ हेर्नुहोस् ) 'इतिहास संशोधन' ५९ संख्यामा अनेकन् प्रमाण दिई ज्ञवालीज्यूको सो उक्तिको खण्डन हामीले गरेका थियौं । त्यस वेला जगत्प्रकाश मल्लको जन्मदिन पत्ता लागेको थिएन र वि. सं. १७२९ मा ३५ वर्षको उमेरमा उनको मृत्यु भयो भन्ने ऐतिहासिक घटनावलीको उक्तिको आधारमा वि. सं. १६९५ तिर

[ ने. सं. ७५९ (वि. सं १६९५ ) कातिक कृष्ण ( पूर्णान्तमानले मार्ग कृष्ण ) चतुर्दशी २८।२४ उप्रान्त औंसी अनुराधानक्षत्र ४८। सुकर्माउप्रान्त धृतियोग शनैश्चरवार सूर्यास्तदेखि १२ घडी ५२ पला जांदा सिंह लग्न तुला नवांश मेष द्रेष्काण परेको बेलामा श्रीश्रीनरेश मल्लका छोराको ( श्रीश्रीजगत्प्रकाश मल्लको ) जन्म भयो‡ । ]

यिनको राज्यकालको आरम्भमा अमुक अमुकले देवल सत्तल बनाए आदि आदिभन्दा अरू विशेष उल्लेखनीय काम भएको देखिएको छैन । जगत्प्रकाशका बाबा नरेश मल्ललाई मैले अंठ्याएको थिएँ भनी प्रताप मल्लले गड्केका छन्[1]। तर बालक राजा जगत्प्रकाश मल्ल गद्दीमा बसेका भए तापनि त्यस बेला भक्तपुरका अरूले आक्रमण गरी भक्तपुरेलाई अँठ्याउन सकेका कुराको कुनै उल्लेख पाइँदैन । त्यस बेला राजाको प्रतिनिधि भई काम गरिदिने को थिए भन्ने कुराको पनि केही पत्तो छैन । प्रधानमन्त्री भने कुनै बेला धनदेसिंह[2] र कुनै बेला विश्व भारो[3] थिए भन्ने देखिन आएको छ ।

---

मात्र जगत्प्रकाश मल्लको जन्म भएको हो । ने. सं. ७५२ (वि. सं. १७८९) मा त उनी जन्मेकै थिएनन्, उनको टक कसरी पाइएला, सो टक त ने. सं. ७८२ (वि. सं. १७१९) को हो भनी हामीले लेखेका थियौं । अब जगत्प्रकाश मल्लको कुण्डलीसमेतको टिप्पन पाइएकोले हाम्रो कुरा झन् बलियो भएको छ ।

‡ यहाँ उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ–

ने. सं. ७५९ वि. सं. १६९५ कातिक कृष्ण ( पूर्णान्तमानले मार्ग कृष्ण )

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| मार्ग | २६ | शनैश्चर | चतुर्दशी | २८।२३ | अनुराधा | ४८।४० | सुकर्मा | १५।२९ |

१ इतिहास-संशोधनको प्रमाणप्रमेयको १६४ पृष्ठ, इतिहास-संशोधन ५९ संख्या हेर्नुहोस् ।

२ नेपालमण्डलया शिरोमणि, श्रीश्रीजयजगत्प्रकाश मल्लदेव महाराजाधिराजस विजयराज्यस धनदसिंह भाजु मुख्य मन्त्री जुव वेलस…सम्वत् ७६७ वैशाखशुदि २ शुभं

( नाला भगवतीस्थानको ताम्रपत्रबाट । यो अभिलेख अभिलेखसंग्रह ११ भागमा प्रकाश भएको छ । )

[ नेपालमण्डलका शिरोमणि महाराजाधिराज श्रीश्रीजयजगत्प्रकाश मल्लदेवको विजय–राज्यमा धनदसिंह भाजु प्रधानमन्त्री भएको बेलामा…ने. सं. ७६७ ( वि. सं. १७०४ ) वैशाख शुक्ल द्वितीया । ]

३ सम्वत् ७७१ आषाढशुक्लपञ्चम्यां दिने खप्वया तुपलाछेटोल प्रधानाङ्ग विश्व भारो नालास प्रमाण जुया वेलस…

(नाला भगवतीमन्दिरको शिलापत्रबाट । यो भाग भक्तपुरशिलालेखसूचीमा प्रकाश भएको छ ।)

[ ने. सं. ७७१ ( वि. सं. १७०८ ) आषाढ शुक्ल पञ्चमीमा भक्तपुर तुलाछेंटोलका, प्रधानमन्त्री विश्व भारो नालाका बडाहाकिम भएको बेलामा… ]

वि. सं. १७१२ विजयादशमीमा १७ वर्षको उमेरमा राजा जगत्प्रकाश मल्लले दीक्षा सुने[1] । राजा जगत्प्रकाशका युवावस्थाका प्रधानमंत्री चन्द्रशेखरसिंह थिए । यिनी राजाका ज्यादै मन परेका थिए । त्यसैले जतातै यिनको जगजगी चल्न लाग्यो । राजाले राखेका सबैजसा अभिलेखहरूमा यी चन्द्रशेखरको नाम आदरसाथ कुँदिन थाल्यो । टकमा पनि राजाका साथ साथै यिनको नाम पनि कुँदियो । ने. सं. ७८२ को चन्द्रशेखरको नाम कुँदिएको सुकी पाइएको छ । यिनले राजा जगत्प्रकाश मल्ललाई कन्यादान दिएका थिए । चन्द्रशेखरले दिएकी कन्या नै राजा जगत्प्रकाशकी मनपरेकी रानी भइन् । यी रानीको नाम अन्नपूर्णलक्ष्मी हो[2] ।

वि. सं. १७१७ मा कान्तिपुर र ललितपुर मिली भक्तपुरमा आक्रमण गरे । त्यस बेला प्रताप मल्ललाई श्रीनिवासको बल मिलेको थियो । यसैले भक्तपुरका राजा जगत्प्रकाशको बाहिर निस्केर लड्ने जोर पुगेन, उनी शहरभित्रै बसी आत्मरक्षा गर्न लागे । भक्तपुर शहर पहिले–देखि नै एउटा बलियो किल्लाको रूपमा थियो । त्यसो हुँदा पर्खालबाहिर बसी केही कालसम्म भक्तपुरेलाई दुःख दिन सके तापनि प्रताप मल्ल शहरभित्र घुस्न सकेनन् । केही दिन त्यहाँ बसी भक्तपुरका पांच सात शय रोपनी जग्गा गरुडनारायणलाई गूठी राखी उनी फर्के । त्यसको बन्धेजका लागि एउटा शिलापत्र गरिदिएका थिए । सो अद्यावधि महाकालीको ढिस्को-मा छदैछ[3] ।

---

१. सं. ७७५ आश्विनसु १० श्री २ जगत्प्रकाशया दीक्षा

( इतिहास प्रकाश २ अङ्क ३ भागको ५६८ पृष्ठमा छापिएको कागतबाट )

[ ने. सं. ७७५ ( वि. सं. १७१२ ) विजयादशमीमा श्रीश्रीजगत्प्रकाश मल्लले दीक्षा सुन्नुभयो । ]

२. पूर्णिमा ५ अङ्कको २३ पृष्ठ हेर्नुहोस् ।

३. श्री ३ गरुडनारायण भट्टारक प्रीतिन ··· श्रीश्रीराजेन्द्रकवीन्द्रजयप्रतापमल्लदेवन ······ थ्वते बु दुंता जुरो,।। ··· दृष्टसाक्षिह ··· श्रीनिवास मल्लदेव।। सम्वत् ७८१ फाल्गुन कृष्ण अमावास्यायान्तिथौ बुधवार।।

( भक्तपुर महाकालीको शिलालेखबाट। सम्पूर्ण यो अभिलेख अभिलेखसंग्रह ३ भागमा प्रकाश भएको छ । )

[ ने. सं. ७८१ ( वि.सं. १७१७ ) फाल्गुन कृष्ण ( पूर्णान्तिमानले चैत्र कृष्ण ) औंसी बुधवारमा श्रीश्रीश्रीगरुडनारायण प्रीति गरी···राजाहरूमा श्रेष्ठ कवीन्द्र श्रीश्रीजयप्रताप मल्लदेवले ··· यति जग्गा चढाउनुभयो ( गूठी राख्नुभयो ) । ··· यस कुराका साक्षी······ श्रीनिवास मल्लदेव । ]

यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ ।

ने. सं. ७८१ वि. सं. १७१७ फाल्गुन कृष्ण (पूर्णान्तिमानले चैत्र कृष्ण)

| | गते | वार | तिथि | घ. | प. |
|---|---|---|---|---|---|
| चैत्र | २३ | बुध | औंसी | २४ । | २४ |

वि. सं. १७२० मा प्रताप मल्लले श्रीनिवास मल्ललाई आफ्नो पक्षमा मिलाई भक्तपुरलाई एकल्याए । यसपछि प्रताप मल्ल फेरि भक्तपुरमा आक्रमण गर्न पुगे। तर सल्लाघारीमै उनले आफ्नो मुकाम कायम गर्नुपरयो । त्यसभन्दा अघि बढ्न सकेनन्, तर उनी त्यहीं बसी शहरबाहिरका देवल पाटी पोखरी आदिका किम्मती मालहरू उठाउँदै कान्तिपुर हनूमान्ढोका दरबार पठाउँदै गर्न थाले । यस लडाइँबाट श्रीनिवासलाई विशेष फाइदा भएन । त्यसैले श्रीनिवास जगत्प्रकाशतिर लहसिन थाले । भित्रभित्रै श्रीनिवास र जगत्प्रकाशको मेल हुन लाग्यो । प्रताप मल्लले घेरा उठाए + ।

वि. सं. १७२३ मा जगत्प्रकाश मल्लले आफ्ना कान्छा छोरा उग्र मल्लको क्षौर गरे । त्यसमा ललितपुरका राजा श्रीनिवास मल्ल निंतो मान्न भक्तपुर गए । परन्तु त्यहाँ मान अपमानको कुरा उठयो र भक्तपुर र ललितपुरको मेल खलबलियो× । लगत्तै कान्तिपुर र भक्तपुरको मेल भयो* । परन्तु ६ महीनापछि नै श्रीनिवास मल्ल भक्तपुर गए । तवपोखरीमा श्रीनिवास र जगत्प्रकाशको भेट मुलाकात भयो । यी दुइको मेल भयो, कान्तिपुर एकलियो‡ ।

---

+ इतिहास–संशोधन ५१ संख्या र पूर्णिमा २ अङ्कको ११,१२ पृष्ठ हेर्नुहोस् ।

× सम्वत् ७८६ ज्येष्ठ कृष्ण अष्टमी खपोया श्रीजगत्प्रकाश मल्लजुया मेलह्म कायचा बोसखाया चापूजा·········ञलया श्रीश्रीनिवास मल्ल जुजु खपोया बुसखाया चापूजास बिज्याक. मतं तपे मदु मुस्याळं छ्वातं मदयकं बिज्याक जुरो ॥ थथे अपमान याक जुरो ॥

( ऐतिहासिक घटनावली १ पृष्ठबाट )

[ ने. सं. ७८६ ( वि. सं. १७२३ ) ज्येष्ठ कृष्ण ( पूर्णान्तमानले आषाढ कृष्ण ) अष्टमीका दिन भक्तपुरका श्रीजगत्प्रकाश मल्लज्यूका कान्छा छोराको क्षौर थियो·········ललितपुरका राजा श्रीश्रीनिवास मल्ल भक्तपुरको क्षौरकर्मको रात्रिपूजामा जानुभयो । बत्ती थप्ने काम भएन । चिराग एउटा पनि नलिई जानुभयो । यसरी अपमान गरियो । ]

*सं. ७८६ आषाढ शुक्ल पंचमी पर षष्ठी खपो ञ ओउ जुव प्रताप मल्ल जगत्प्रकाश मल्ल ओ मधुनदोलस नापलाक गोलस बुको सपठ याक जुरो ।

( ऐतिहासिक घटनावली १ पृष्ठबाट )

[ ने. सं. ७८६ ( वि. सं. १७२३ ) आषाढ शुक्ल पंचमीउप्रान्त षष्ठीका दिन भक्तपुर र कान्तिपुरको मेल भयो । प्रताप मल्ल र जगत्प्रकाश मल्लले मधुनदोलमा भेटघाट गर्नुभयो । देउपाटन बुकोमा शपथ खानुभयो । ]

‡ सं. ७८७ पौष शुक्ल अष्टमी रेवती नक्षत्र आदित्यवार थ्व कुन्हु खपो ओ ञल ओल चार श्रीश्रीनिवास मल्लजु खपो बिज्याक तवपुषुरितो श्रीजगत्प्रकाश मल्ल ओव ङा घरिति लीव ॥ उकुन्हुं श्रीश्रीनिवास मल्लजु लिहा बिज्याक ॥ ञ याकातजुजु जुरो ॥

( ऐतिहासिक घटनावली २ पृष्ठबाट )

ललितपुर र भक्तपुरको यो सन्धि पनि दीगो भएन । लगत्तै प्रताप मल्लले आफ्नो चातुर्यले श्रीनिवासलाई आफ्नो पक्षमा मिलाए । अनि वि. सं. १७२४ श्रावणमा प्रताप मल्ल र श्रीनिवास मल्लको पचलीमा भेट भयो । परस्परमा ती दुइको सन्धि भयो । यसको सुँइको पाई भक्तपुरका राजा जगत्प्रकाश मल्ल पनि दौडादौड गरी त्यसै दिन राती श्रीनिवास मल्ललाई भेटन ललितपुर पुगे। राती नाचमा भेट गरे, कुरो मिलेन । भक्तपुर एकलिएको एकलिएकै भयो★ ।

यसपछि प्रताप मल्लले भक्तपुर राज्यका प्रदेश नालातिर आफ्नो हात फैलाउन लागेका

---

[ ने. सं. ७८७ ( वि. सं १७२३ ) पौष शुक्ल अष्टमी रेवती नक्षत्र आइतवारका दिन भक्तपुर र ललितपुरका बाटा खुले । श्रीश्रीनिवास मल्लज्यू भक्तपुर जानुभयो । ५ घडीपछि श्रीजगत्प्रकाश मल्ल आउनुभयो । तवपोखरीमा भेट भयो । उसै दिन श्रीश्रीनिवास मल्लज्यू फर्कनुभयो । कान्तिपुर एकलियो । ]

यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ७८७ वि. सं. १७२३ पौष शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| पौष | २४ | आइत | अष्टमी | ४८।७ | रेवती | ४८।२४ |

★ सं. ७८७ आषाढ कृष्ण प्रतिपदा कुन्हु उत्तराषाढ बुधवार थ्व कुन्हु ञल ओ ञ ओउ जुव खपो याकात जुरो पंचरिखरस श्रीप्रताप मल्लजु ओ श्री२निवास मल्लजु ओ नापलाका ॥ थ्वकुन्हु चान्हसं·········खपोया श्रीजगत्प्रकाश मल्ल वव प्याखनस श्री२ निवास मल्ल नापलाक सति कुन्हुतोङ चोङ···थ्व कुन्हुनिस्यं खपो याकात जुरो ॥

( ऐतिहासिक घटनावली ३ पृष्ठबाट )

[ ने. सं. ७८७ ( वि. सं. १७२४ ) आषाढ कृष्ण ( पूर्णान्तिमानले श्रावण कृष्ण ) परेवा उत्तराषाढा नक्षत्र बुधवारका दिन ललितपुर र कान्तिपुरको मेल भयो । भक्तपुर एकलियो । पचलीघाटमा श्रीप्रताप मल्ल र श्रीश्रीनिवास मल्लको भेट भयो । यसै दिन राती ·········भक्तपुरका श्रीजगत्प्रकाश मल्ल आउनुभयो । नाचमा श्रीनिवास मल्लसँग भेट गर्नु भयो । भोलिपल्टसम्म बस्नुभयो । ·········यस दिनदेखि भक्तपुर एकलियो । ]

यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ-

ने. सं. ७८७ वि. सं. १७२४ आषाढ कृष्ण पूर्णान्तिमानले श्रावण कृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| आषाढ | २८ | बुध | परेवा | ५१।९ | पूर्वाषाढा | ३।३० |

थिए । विस्तारै विस्तारै नाला र त्यसका आसपासका किल्लाहरू उनले आफ्नो अधीन गराए × ।

यसरी आफ्ना केही गाउँ किल्लाहरू गुमेपछि जगत्प्रकाश मल्ल आफ्ना दुइ छोरालाई समेत लिई वि. सं. १७२८ आषाढ १४ गते सोमवारका दिन श्रीनिवासलाई भेटन ललितपुर गए। श्रीनिवाससँग भेट भयो । कुरो मिल्यो । प्रताप मल्लले अँठ्याएका गाउँ किल्लाहरू फिर्ताउने कुरामा श्रीनिवास मल्लको सहमति भयो । त्यसै दिन नालाविजयका लागि प्रस्थान गरिहाले । भोलिपल्ट मङ्गलवार बेलुकीपखसम्ममा नाला फिर्ताए । यसपछि श्रीनिवास मल्ल र प्रताप मल्लको विरोध भयो‡

---

× सम्वत् ७९१ ( ज्येष्ठ शुक्ल ) षष्टम्यां तिथौ मघानक्षत्रे हर्खनजोगपरवज्रयोगे...... शुक्रवासरे......श्रीश्रीमहाराजाधिराजकवीन्द्रजयप्रतापमल्लदेवप्रभुथाकुलविजयराज्ये ”

( नाला गल्सटोलको अभिलेखबाट । पूर्णिमा २ संख्या २९ पृष्ठमा यो भाग प्रकाश भएको छ । “त्यहाँ अष्टम्यां तिथौ ” छापिएको थियो । तर “ षष्टम्यां तिथौ” रहेछ । )

[ ने. सं, ७९१ ( वि. सं. १७२८ ) ज्येष्ठ शुक्ल षष्ठी मघा नक्षत्र हर्षण उप्रान्त वज्र योग शुक्रवारका दिन......महाराजाधिराज कवीन्द्र श्रीश्रीजयप्रताप मल्ल प्रभु ठाकुरको विजयराज्यमा । ]

यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ–

ने. सं. ७९१ वि. स. १७२८ ज्येष्ठ शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| आषाढ | ४ | शुक्र | षष्ठी | ५१।४४ | मघा | ४२।३८ | हर्षण | १।२७ |

‡ ७९१ ज्येष्ठ पूर्णिमा सोमवार थ्व कुन्हु खपोया श्रीजगत्प्रकाश मल्ल जुजु थ्वया काय श्रीजितामित्र मल्ल थ्वया किजा स्वह्म ञाल बिज्याक...पुन्हिस्या श्रीजयश्रीनिवास मल्लजु ओउ जुरो ।। थ्व कुन्हु कसानक्वाथ हितिगाल क्वाथ तेरा जुरो || || थ्वन सति अंगारवार पादु कुन्हु अबरदोस क्वाथ ग्वड ३ दने छगोल तेराव छघुनं नाला तेला ङाह्म लाङा जुरो । ख्वाल मसिस्यं सुथं तेला नालाक्वाथ ।

(ऐ. घटनावली ४ पृष्ठबाट)

[ने. सं. ७९१ (वि. सं. १७२८) ज्येष्ठ पूर्णिमा सोमवारका दिन भक्तपुरका राजा श्रीजगत्प्रकाश मल्ल उहाँका छोरा श्रीजितामित्र मल्ल उहाँका भाइसमेत तीनजना ललितपुर जानुभयो ।... पूर्णिमाका दिन श्रीजयश्रीनिवास मल्लज्यूसंग मेल भयो । यस दिन कसानकिल्ला हितिगाल किल्ला कब्जा गरिए । यसको भोलिपल्ट मङ्गलवार प्रतिपदाका दिन अबरदोसा रहेका तीन किल्लामध्ये एउटा कब्जा गरी एक थरीले नाला कब्जा गरियो, पाँच जना समातिए । मुखै नधुँदै बिहानै नालाको किल्ला कब्जा गरिएको हो।

यसको लगत्तै भक्तपुर ललितपुर गोरखा मिली मकवानपुरमा लड्न गए । त्यसमा सबभन्दा बढी मानिस भक्तपुरबाट गएका थिए[१] ।

जगत्प्रकाशका मन परेका प्रधानमन्त्री चन्द्रशेखर पछि देखिँदैनन् । वि. सं. १७२९ आषाढ ३ गते मयजल गाउँमा त्यस वेलाका भक्तपुरका प्रधानमन्त्री भोत्या भाको मृत्यु भएको उल्लेख पाइन्छ* ।

---

यहाँ उल्लेख भएका तिथिमितिका गणना यस प्रकारका छन्–

ने. सं. ७९१ वि. सं. १७२८ ज्येष्ठ शुक्ल र ज्येष्ठ कृष्ण ( पूर्णान्तमानले आषाढ कृष्ण )

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| आषाढ | १४ | सोम | पूर्णिमा | २६।७ |
| ,, | १५ | मङ्गल | परेवा | २७।३६ |

१. सं. ७९१ ज्येष्ठ कृष्ण दशमी बुधवार थ्व कुन्हु श्रीश्रीनिवास मल्लजुया प्रमाण ह्म ४ खपोया प्रमाणजन ह्म १०० ग्वरषाया मुरारी साहि जगय बनिया ज मुकुंदपुर हतार वं दिन जुरो ॥

( ऐतिहासिक घटनावली ४ पृष्ठबाट )

[ ने. सं. ७९१ ( वि. सं. १७२८ ) ज्येष्ठ कृष्ण ( पूर्णान्तमानले आषाढ कृष्ण ) दशमी बुधवारका दिन श्रीश्रीनिवास मल्लका चार जना भारादार भक्तपुरका भारादारसहित शय जना, गोरखाका मुरारि शाही, जगय बानियाँ मकवानपुरमा लड्न गए । ]

यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ –

ने. सं. ७९१ वि. स. १७२८ ज्येष्ठ कृष्ण ( पूर्णान्तमानले आषाढ कृष्ण )

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| आषाढ | २३ | बुध | दशमी | ५३।४३ |

* सं. ७९२ ज्येष्ठ कृष्ण प्रतिपदा शनिश्चार खपोया चौतारा भोत्या भा मयजलगाम ठुकाल वङ ज्ञलयां वङ भति लिपा थ्व भोत्या भा मोर देङाव लाङ यंह्म डु जुरो ।

( ऐतिहासिक घटनावली ५ पृष्ठबाट )

[ ने. सं. ७९२ ( वि. सं. १७२९ ) ज्येष्ठ कृष्ण ( पूर्णान्तमानले आषाढ कृष्ण ) प्रतिपदा शनैश्चरवार भक्तपुरका प्रधानमन्त्री भोत्याभा मयजल गाउँमा···गए । ललितपुरे पनि गए । केही-पछि भोत्याभाको टाउको काटेर लगियो । ]

यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ–

ने. सं. ७९२ वि. सं. १७२९ ज्येष्ठ कृष्ण (पूर्णान्तमानले आषाढ कृष्ण)

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| आषाढ | ३ | शनैश्चर | परेवा | ३५।१७ |

वि. सं, १७२९ मार्ग २९ गते राजा जगत्प्रकाश मल्ल ३४ वर्षको चढ्दो उमेरमा आफ्ना कलिला दुइ छोरा छोडी, विफरको रोगले स्वर्ग भए । उनका साथमा ९ जना सती गए* ।

यसरी जगत्प्रकाश मल्लको इहलीला समाप्त भएपछि उनका जेठा छोरा जितामित्र मल्ल वि. सं. १७२९ मा राजा भए । उनका भाइ उग्र मल्ल मेलह्म जुजु (कान्छाराजा) कहलाई दाजुको काम सगाउन लागे ।

राजा जगत्प्रकाश मल्ललाई आफ्नो जीवनको धेरैजसो भाग लडाइँभिडाइँमै बिताउनु परेको थियो । यसरी लडाइँभिडाइँमा वारंवार फसिरहनुपरे तापनि जगत्प्रकाशले देव-मन्दिर आदि बनाउनु, बडा बडा शिलापत्रहरू कुँदाउनु, देव देवीलाई वाहन सालिग चढाउनु, गूठी राख्नु, आदि काम पनि निकै नै गरेका थिए । जुन कुराले अहिलेसम्म जगत्प्रकाश-लाई संझाइरहेका छन् र अझ कति पछिसम्म पनि संझाइरहने नै छन् । यीबाहेक जगत्प्रकाशलाई संझाइराख्ने उनका पालाका पुस्तकहरू पनि छन् । त्यस विषयमा म अर्को निबन्धमा लेख्नेछु ।

---+---

# योगनरेन्द्र मल्लका उत्तराधिकारी

–शङ्करमान राजवंशी

ललितपुरको इतिहासमा योगनरेन्द्र मल्लको उल्लेखनीय स्थान छ । त्यस वेलाको नेपाल उपत्यकाको राजकाजमा प्रमुख भाग लिई योगनरेन्द्र मल्लले ललितपुरको प्रतिष्ठा बढाएका थिए।

वि. सं. १७६२ भाद्र २९ गते ललितपुर र भक्तपुरको सीमानानिरै परेको भक्तपुरको प्रसिद्ध किल्ला "वाभू" (ठिमीबाट आधाकोश जति नैर्ऋत्य दिशामा पर्ने ठाउँ) कब्जा गर्न योगनरेन्द्र मल्ल हिंड । ललितपुरेहरूले तीनतिरबाट 'वाभू' घेरे । तैपनि किल्ला फुटेन । योगनरेन्द्र

* सं. ७९३ मार्गशिर कृष्ण चतुर्थी प्र पञ्चमी बृहस्पतिवार थव कुन्हु यिनक्व खप्वया जगत्प्रकाश मल्ल मृत्युदिन सहगामिनी ह्म ९ दओ जुरो ।

( हाळै पत्ता लागेको ठ्यासफुबाट )

[ ने. सं. ७९३ (वि. सं. १७२९ ) मार्ग कृष्ण ( पूर्णान्तमानले पौष कृष्ण ) चौथी उप्रान्त पञ्चमी बृहस्पतिवारका दिन भक्तपुरका जगत्प्रकाश मल्लको मृत्यु भयो । ९ जना सती गए ।]

यहाँ उल्लेख भएको तिथि मितिको गणना यस प्रकारको छ–

ने. सं. ७९३ वि. सं. १७२९ मार्ग कृष्ण पूर्णान्तमानले पौष कृष्ण

| | गते | वार | तिथि | घ. | प. |
|---|---|---|---|---|---|
| मार्ग | २९ | बृहस्पति | चौथी | १५। | ४ |

मल्ल चाँगुमा बसी लडाईंको बन्दोबस्त गर्न लागे । भक्तपुरका राजा भूपतीन्द्र मल्ल आफ्नो सुरक्षाको लागि छोरा रणजित् मल्ललाई साथ लिई बनेपा गई बसे । दसैंमा पनि योगनरेन्द्र मल्ल पाटन फर्कनन् । आफूले गर्नुपर्ने दसैंको पूजाविधान पुरोहितद्वारा गर्न लाए । यसरी दसैंमा पनि पाटन नफर्की योगनरेन्द्र मल्ल डटेर बसिरहेको देखी भक्तपुरेहरूको चिन्ता बढ्न थाल्यो। त्यसपछि भक्तपुरेहरूले अर्कै चाल खेले । चाँगुमा बसेका योगनरेन्द्रमाथि सुटुक्क विष प्रयोग गराइयो। यसबाट एक दिन ज्वर आयो र वि. सं. १७६२ कातिक १६ गते योगनरेन्द्र मल्लको तत्काल मृत्यु भयो । यसरी अकस्मात् आफ्ना राजाको मृत्यु भएको हुँदा ललितपुरेहरू घेरा छोडी फर्के । यही दिन राति नै योगनरेन्द्र मल्लको शव पाटनमा ल्याइयो । भोलिपल्ट शङखमूलमा दाहसंस्कार गरियो ‡ ।

यसरी ३८ वर्षको उमेरमा* अकस्मात् योगनरेन्द्र मल्लको मृत्यु भयो। योगनरेन्द्र मल्लका ठ्याहा छोरा थिएनन् । यसो हुँदा योगनरेन्द्रका नजीकका हकवाला छाना गद्दीमा राखिए । यसैले योगनरेन्द्रपछि पहिले उनका छोरीका छोरा, त्यसपछि योगनरेन्द्रका भानिज आदि राजा बनाइएका थिए । यो कुरा तात्कालिक टक, शिलालेख, हस्तलिखित पुस्तक ठ्यासफुबाट बुझ्न सकिन्छ ।

‡ इतिहाससंशोधनको प्रमाण–प्रमेय पहिलो भागको १५१–५२ पृष्ठ हेर्नुहोस् ।

*यिनको जन्मपत्रबाट यो कुरा थाहा हुन्छ । सो जन्मपत्र यस प्रकारको छ–




सं ७८७ श्रा. शु च. ३वि ८ प्र. पञ्चमी उत्रफा (ल्गु) णी ४२ वि ५३ नक्षत्र || शिवयोग ।।सोमवार।। उ.प्र. वार वि ३१ तदा मिथुनांश द्वितीयद्रेकाणे श्रीश्रीनिवास मल्लवर्मणस्य पुत्र जातः ।।श्रीश्रीयोगनरेन्द्रमल्लनाम ।।

( हाळै पाइएको ठ्यासफुबाट )

[ने. सं. ७८७ (वि. सं. १७२४) श्रावण शुक्ल चतुर्थी घडी ३।८ उप्रान्त पञ्चमी उत्तरफाल्गुनी नक्षत्र घडी ४२।५३ शिवयोग सोमवार दिनगत घडी १२।३१ मिथुननवांश दोस्रो द्रेष्काणमा श्रीश्रीनिवासमल्लवर्माका छोराको जन्म भयो। नाम श्रीश्रीयोगनरेन्द्र मल्ल । (कर्कटलग्न ३ घडी २१ पलासम्म रहन्छ।) ]

यसको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ७८७ (वि. सं. १७२४) श्रावण शुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | १५ | सोम | चतुर्थी | ३ । ३९ | उ.फा. | ४३ । १४ | शिव | ५२ । ३२ |

लग्न ५।१८।१०

परन्तु यो कुरा नबुझ्दा योगनरेन्द्रका उत्तराधिकारीको विषयमा इतिहासकारहरूले धेरै अशुद्धि गरेका छन् । भ्रम हटोस्, शुद्ध कुरा फैलियोस् भन्नाका लागि वि. सं. २०११ मै इतिहाससंशोधनले[१] यस विषयमा प्रकाश पारेको थियो। तर यसको आठ वर्षपछि आएर श्रीसूर्यविक्रम ज्ञवालीज्यूले नेपाल उपत्यकाको मध्यकालीन इतिहासमा इतिहाससंशोधनहरूमा सिद्ध गरिएका कुरा उल्टाउन चेष्टा गर्नुहुँदा यस विषयमा पनि फेरि उही पुरानै भूल दोहऱ्याउनुभयो । यसो हुँदा ज्ञवालीज्यूको सो पुस्तकको विषयमा आठवटा सावधानपत्र निस्के ।

हाल एउटा ठ्यासफु ( तात्कालिक टिपोट पुस्तक ) पाइएको छ । त्यसमा मल्लकालका धेरै राजा भारादारहरूको कुण्डलीसहितका टिप्पन टिपिएका छन् । ललितपुरका केही घटना पनि त्यहाँ टिपिएका छन् । योगनरेन्द्र मल्लपछि ललितपुरमा के घटना भयो, त्यसको केही विवरण पनि त्यस ठ्यासफुमा परेको छ। यसबाट हामीले पहिले सिद्ध गरेका कुराको पुष्टि भएको र अरू केही बढ्ता कुरा थाहा पाइएका छन । यस कारण त्यस ठ्यासफुका यस विषयका वाक्य उद्धरण गरी विचार गर्नु आवश्यक सझेको छ ।

"सं. ८२६ कार्तिकशुक्ल एकादशी ।। बुधवार[२] ।। थ्व कुन्हु चिनवस श्रीश्रीजयोगनरेन्द्र मल्ल राजा स्वर्गारोहनदिन जुरो ।। सहगामिनी ह्य ३३ थ्वन संतिकुन्हु यंया राणी राजा चा थेंनेओ धावो अभाग जुयाओ प्यह्न्‌ कुह्न्‌ लोकप्रकाश मल्ल यंस यंने तंङाव महाउत्पात जुओ जुरो. श्री ३ बुंगदेव आदिन देव संभव जुयाओ यमितो सरछिन मयाछि स्याक जुरो. बेस्ये ओङ २ थास लाङाव दायाव स्याक जुरो. पूर्णिमासी कुन्हुया रात्रीस यसंस थथ्य जुओ जुरो ।। ङामन्हु कुन्हु यंया राणी येसं सयाव छोया जुरो ।। ।। थ्वनलि कार्त्तिक कृष्ण ।। एकादशी ।। बृहस्पतिवार ।। विछतंक्रान्तिकुन्हु श्री २ लोकप्रकाश मल्ल राजा शाला दिन जुरो. खप्वया राजा बिज्याक जुरो. चंगुण लित हयाओ परमस थङाव शखमूलस अग्निसस्कार याक जुरो ।

सं. ८२६ कार्तिक शुक्ल एकादशी ।। बुधवार ।। थ्व कुन्हु श्रीश्रीयोगनरेन्द्र मल्ल वभुस हताल छोयाओ थमजुक्व चंगुस बिज्याङाव चंगुस मृत्यु जुव दिन जुरो ।।

सं. ८२६ कार्तिक कृष्ण ।। एकादशी ।। बृहस्पतिवार ।। विच्छसंक्रान्ति ।। थ्वकुन्हु वाह्नि नह्ला श्रीश्रीलोकप्रकाश मल्ल तेका विया दिन जुरो ।। थ्व दन अश्विणी कृष्ण।। षष्ठी प्र.सप्तमी ।। बुधवार।। कुन्हु वाचानलि ।। स एव श्री लोकप्रकाश मल्ल तवकछिन दायाव मृत्यु जुव जुरो ॥ ।। थ्वन संति कुन्हु लांक मुनकाओ श्रीश्रीइन्द्र मल्ल राजा याय धक केङा जुरो ।। ।। थ्व कुन्हु श्रीलोकप्रकाश मल्ल परमस थङाओ महायात्रा याक जुरो ।। वर्ष ८५ दंव ।। थ्वन ह्लस कुन्हु आश्विणी कृष्ण ।। त्रयोदशी ।।हस्त प्र.चित्रानक्षत्र ।। प्रीतियोग ।। कुन्हु बुधवार ।। घटि १० ५ ङस्य घटि १३ थ्वतेनह्ला श्रीश्रीइन्द्र मल्ल तेका विया दिन जुरो । (हाल पाइएको ठ्यासफुबाट )

---

१ इतिहाससंशोधनको प्रमाण–प्रमेयको पहिलो भागको १२९–१३० पृष्ठ हेर्नुहोस् ।

२ यसको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ८२६ ( वि. सं. १७६२ ) कार्तिकशुक्ल

| गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| कार्तिक १६ | बुध | एकादशी | २८ | ५७ |

[ ने. सं. ८२६ ( वि. सं. १७६२ ) कार्तिक शुक्ल एकादशी बुधबारका दिन श्रीश्रीयोगनरेन्द्र मल्ल राजाको स्वर्गारोहण भयो । सती जाने ३३ । यसको भोलिपल्ट कान्तिपुरका रानी ( राजमाता ) राजा ( भास्कर मल्ल ) राती नै पुगे । त्यसपछि कुरा भयो । ( योगनरेन्द्र ) मरेको चार दिनपछि लोकप्रकाश मल्ललाई कान्तिपुर लैजान खोज्दा ठूलो उत्पात भयो । श्री ३ बुंगदेव ( राता मत्स्येन्द्रनाथ ) आदि देवताको प्रकोप हुनाले कान्तिपुरे १०० भन्दा बढी मारिए । भागेभागेका ठाउँबाट पत्री पिटी मारिदिए । पूर्णिमाको दिन राती कान्तिपुरेको यो हालत भयो । पांच दिनपछि कान्तिपुरका रानी ( राजमाता ) कान्तिपुरतिर फर्काइइन् । यसपछि कार्तिक कृष्ण ( पूर्णान्तमानले मार्ग कृष्ण ) एकादशी बृहस्पतिवार वृश्चिक संक्रान्तिका दिन[1] श्री २ लोकप्रकाश मल्ल राजा बनाइए । भक्तपुरका राजा आउनुभयो ।

चाँगुबाट फर्काई खटमा राखी शंखमूलमा अग्निसंस्कार गरियो ।

ने.सं. ८२६ ( वि.सं.१७६२ ) कार्तिक शुक्ल एकादशी बुधवारका दिन श्रीश्रीयोगनरेन्द्र मल्लले वभुमा लड्न पठाई आफू चाँगुमा बस्नुभयो । चाँगुमा मृत्यु भयो ।

ने.सं. ८२६ ( वि. .सं. १७६२ ) कार्तिक कृष्ण एकादशी बृहस्पतिवार वृश्चिक संक्रान्तिका दिन मध्याह्नमा श्रीश्रीलोकप्रकाश मल्लको राज्याभिषेक भयो । यो वर्ष ( वि.सं. १७६३ ) आश्विन कृष्ण षष्ठी उप्रान्त सप्तमी बुधवारको आधा रातमा [2] श्रीलोकप्रकाश मल्लको बिफरले मृत्यु भयो । यसको भोलिपल्ट प्रजाहरू जम्मा गरी श्रीश्रीइन्द्र मल्ललाई राजा बनाउने भनी देखाइयो । यस दिन लोकप्रकाश मल्ललाई खटमा राखी जात्रा गरियो । साढे ८ वर्षको उमेर थियो[3] । यसको सात दिनपछि आश्विन कृष्ण त्रयोदशी हस्त उप्रान्त चित्रा नक्षत्र प्रीति योग बुधवारको[4] दिन घडी साढे १० देखि घडी १३ मा श्रीश्रीइन्द्र मल्लको राज्याभिषेक भयो ।]

---

१. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने.सं.८२६ ( वि.सं.१७६२ ) कार्तिक कृष्ण ( पूर्णान्तमानले मार्ग कृष्ण )

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| मार्ग १ | बृहस्पति | एकादशी | १४ | २५ |

यसको अघिल्लो दिन बुधवार सूर्य वृश्चिकमा ५७ घडी ४६ पलामा जान्छन् । पुण्यकाल भोलिपल्ट हुने हुनाले मार्ग१गते ( संक्रान्ति ) बृहस्पतिवारमा हुन्छ ।

२ यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ८२६ (वि. सं. १७६३) आश्विनकृष्ण (पूर्णान्तमानले कार्तिक कृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | १५ | बुध | षष्ठी | १५ । | २५ |

३ यसबाट लोकप्रकाशको जन्म वि. सं. १७५५ वैशाखतिर भएको हो भन्ने थाहा हुन्छ ।

४ यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. स. ८२६ (वि. सं. १७६३) आश्विन कृष्ण (पूर्णान्तमानले कार्तिक कृष्ण)


| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| कार्तिक २२ | बुध | त्रयोदशी | २२ । २३ | हस्त | ४ । ७ | विष्कम्भ | ० । ४९ |

योगनरेन्द्र मल्लको मृत्युपछि उनका उत्तराधिकारी बनाउने कुरालाई लिई कान्तिपुर राज्यले ललितपुरको राजकाजमा हात हाल्न पुग्यो र कसरी गडबडी उठ्यो भन्ने अहिलेसम्म प्रकाशमा नआएको नयाँ कुरा यस विवरणबाट थाहा पाइएको छ। योगनरेन्द्र मल्लको मृत्यु भएपछि उनकी छोरी योगमतीका छोरा लोकप्रकाशलाई गद्दीमा राख्ने कुरा निश्चित भयो। लोकप्रकाश त्यस वेला सात आठ बर्षका मात्र थिए। योगमतीचाहिं २० वर्षकी थिइन्*। यसो हुँदा कान्तिपुरेहरूले लोकप्रकाशलाई हात लिई ललितपुरमा आफ्नो प्रभाव जमाउने विचार गरे। यसैअनुसार कान्तिपुरकी राजमाता र ९ वर्षका ‡ राजा भास्कर मल्ल अरू

---

* थिनको जन्मपत्रबाट यो कुरा थाहा हुन्छ। सो जन्मपत्र यस प्रकारको छ–

कुं
२
४६
इ
२४
३६




सम्वत् ८०५ श्रा कृ अ ३२ वि ४८ प्र नवम्यान्तिथौ ॥ रोहिणीनक्षत्रे ६०॥ व्या १४ प्र हर्षणयोगे ॥ बुधवासरे ॥ संप्र घटि २४ वि ३६ तदा कर्कटलग्ने मीनाङ्शके तृतीयद्रेकाणे श्रीश्रीयोगनरेन्द्रमल्लस्य प्रथमपुत्री जाता योगमती नाम ॥ श्रीठकुनीजु

( ठ्यासफुबाट )

[ने. सं. ८०५ ( वि सं. १७४२ ) श्रावण कृष्ण अष्टमी (पूर्णान्तिमानले भाद्र कृष्ण अष्टमी) घडी ३२।४८ उप्रान्त नवमी तिथि रोहिणी नक्षत्र घडी ६० व्याघात घडी १४।० उप्रान्त हर्षण योग बुधवारमा रात्रिगत घडी २४।३६ कर्कटलग्न मीननवांश+ तेस्रो द्रेष्काणमा श्रीश्री–योगनरेन्द्र मल्लकी जेठी छोरीको जन्म भयो। नाम योगमती श्रीठकुनीजू (कुम्भ लग्न रातको २ घडी २० पलासम्म रहन्छ।) ]

यसको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ८०५ (वि. सं. १७४२ ) श्रावण कृष्ण ( पूर्णान्तिमानले भाद्र कृष्ण )

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| भाद्र १२ | बुध | अष्टमी | ३३।५५ | रोहिणी | ६०।० | व्याघात | १५।३३ |

---

+यहाँ रात्रिगत घडी २।४६ सम्म कुम्भ लग्न रहन्छ तथा रात्रिगत घडी २४।३६(इष्ट घडी) भनी लेखिएको छ। यसअनुसार लग्न ल्याउँदा ३।२८।३१ आउँछ। मीन नवांश हुन्छ। परन्तु अहिले गणना गरी हेर्दा रात्रिगत घडी २।२० मै कुम्भ लग्न सिद्धिने र इष्ट लग्न ३।२३।१० आउँछ। यताबाट मकर नवांश आउँछ। यस कारण यहाँ अलिकता फरक परेको छ।

‡ भास्कर मल्लको जन्म वि. सं. १७५३ मार्ग १ गते भएको हो। (ऐतिहासिक पत्र-संग्रह दोस्रो भागको ११८ पृष्ठ हेर्नुहोस् )।

व्यक्ति साथमा लिई ललितपुर पुगे । उनीहरूले आफ्नो योजना सफल पार्न लोकप्रकाश-लाई नै कान्तिपुरमा लैजाने चेष्टा गर्न थाले । यो काम ललितपुरका मन्त्री भारदारहरू-लाई चित्त बुझ्ने कुरा थिएन । यस कारण खटपट भयो र ललितपुरेहरूले उठी कान्तिपुरेहरू-लाई लखेटी लखेटी बेसरी चुटे । शय जनाभन्दा बढी कान्तिपुरेहरू यस कलहमा मारिए ।

कान्तिपुरेहरूले ललितपुरमा प्रभाव जमाउन खोजेको कुरा भक्तपुरेहरूलाई मन नपर्नु स्वाभाविक थियो । यसो हुँदा ललितपुरेहरूलाई उठाई कान्तिपुरेहरूलाई चुटाउनामा भक्तपुरे-हरूको पनि हात थियो । यो कुरा चन्द्रमान जोशीसँग रहेको ठ्यासफुबाट बुझिन्छ । जस्तै–

योगनरेन्द्र मल्ल………अभाग जुयाओ पेन्हु कुन्हु चतुर्दशी शनैश्चरवार थ्व कुन्हुया चाह्नस खप्वज ओङाओ स्वाति पुथाओ प्रजा हुर उथयाङाओ एया जुको स्याव ।

[ योगनरेन्द्र मल्लको मृत्यु भएको चारौं दिन (कार्तिक १९ गते) चतुर्दशी शनैश्चरवारको राती भक्तपुरेहरू गई बाजा बजाई प्रजाहरू बटुली कान्तिपुरेहरूलाई मारे । ]

यो घटना हुँदा ललितपुरेहरूले कान्तिपुरकी राजमातालाई नजरबन्द जस्तो गरी थुनेर राखेका थिए । केही दिनपछि मात्र उनीलाई कान्तिपुर पठाइदिए । यसपछि मार्ग १ गते लोकप्रकाश राजगद्दीमा राखिए । यस समारोहमा भक्तपुरका राजा भूपतीन्द्र मल्ल उपस्थित भएका थिए ।

लोकप्रकाश ११ महीनासिवाय राजा हुन पाएनन् । वि. सं. १७६३ कार्तिक १५ गते बिफर आई लोकप्रकाशको मृत्यु भयो । यसको भोलिपल्ट सारा भारादार प्रजा जम्मा गरी योगनरेन्द्र मल्लका भानिज "इन्द्र मल्ल अब राजगद्दीका अधिकारी हुन् " भन्ने घोषणा गरी इन्द्र मल्लको दर्शन गराइयो । यसपछि ठूलो सम्मानसाथ लोकप्रकाशको दाहसंस्कार गरियो । यसको सात दिनपछि कार्तिक २२ गते इन्द्र मल्लको राज्याभिषेक गरियो ।

यसरी तिथिमितिसहितको तात्कालिक प्रामाणिक वर्णन पाइएको हुनाले योगनरेन्द्र मल्लपछि उनका दौहित्र लोकप्रकाश मल्ल, अनिपछि योगनरेन्द्र मल्लका भानिज इन्द्र मल्ल राजगद्दीमा राखिएका हुन् भन्ने कुरामा कुनै सन्देह गर्ने ठाउँ छैन । हुनत अरू अरू प्रमाणद्वारा यो कुरा पहिले नै टुङ्गो लाइसकेको हो । तैपनि "मल्लकालमा दौहित्रको बढी हक हुन्थ्यो कि भानिजको बढी हक हुन्थ्यो ? यो विचारणीय छ" आदि खिचोला* उठाई योगनरेन्द्रका उत्तराधिकारीका

* यस विषयमा ज्ञवालीज्यूले आफ्नो नेपाल उपत्यकाको मध्यकालीन इतिहासमा यस्तो लेख्नुभएको छ–

योग नरेन्द्र मल्ल पछी उनकी दिदीका छोरा इन्द्र मल्ल राजा भये । यो कुरा योग नरेन्द्र मल्लकी छोरी योगमतीलाई मन परेन र उनका नेतृत्वमा आफ्ना छोरा लोक प्रकाशलाई उनले राजा घोषणा गरी मोहर छापिन् ।

(१७६ पृष्ठ)

विषयमा भ्रम फैलाउने चेष्टा गरिएको थियो । अब यस ठ्यासफुले योगनरेन्द्रका उत्तराधि-

योग नरेन्द्र मल्लको मृत्यु के हुनु थियो पाटनको सिंहासनका निम्ती झगरा सृष्टि भयो औ १० वर्ष सम्म यो झगरा चलेको कुरा पाटनका त्यो वेलाका टकका अध्ययन बाट विदित हुन्छ ।

यो अराजकता पूर्णकालको पहिलो टक ने. सं. ८२५‡ आ १७०५ ई० को पाइन्छ । तेसमा अघिल्लो पट्टी श्री श्री लोकनाथ औ श्री जय इन्द्र मल्ल छापियेको छ तथा पछिल्लो पट्टी श्रीभाग्यवती देवी औ ८२५ अङ्कित छ । श्रीनिवास मल्लको छोरी मणिमतीका ई छोरा हुन् तथा योग नरेन्द्र मल्लका ई भानिज हुन् । तर इनी राजा भयेको योग नरेन्द्र मल्लकी छोरीलाई मन न परेको बुझिन्छ किन भने ने. सं. ८२७* आ. १७०७ ई. को इनका छोरा लोक प्रकाश मल्ल तथा इनको संयुक्त नाम भएको मोहर पाइयेको छ । तेसमा अघिल्लो पट्टी श्री श्री जय लोक प्रकाश मल्ल देव औ श्री श्री करुनामय तथा पछिल्लो पट्टी श्री श्री योगमती देवी तथा ८२७ अङ्कित छ । योग नरेन्द्र मल्लकी दिदीका छोराको हकभन्दा छोरीका छोराको हक बढता हुन्छ भन्ने ठानी आफ्नो सानो छोरोलाई अघी सारी इन्द्र मल्लको विरोध गरेको कुरा यता बाट चाल पाइन्छ । भानिज तथा दौहित्रको सिंहासनका निम्ती कसको हक त्यो समयका चलनबमोजिम बढता थियो सो भन्न सकियेन ।

(१८७–१८८ पृष्ठ)

योगनरेन्द्र मल्लपछि इन्द्र मल्ल राजा भए । त्यसपछि लोकप्रकाश राजा भए भनी बाल–चन्द्रज्यूले लेखे जस्तै नवालीज्यूले यहाँ तानतुन गरी टकको अङ्क अशुद्ध पढी सिद्ध गर्ने दुश्चेष्टा गर्नुभएको छ÷ ।

बालचन्द्र शर्माज्यूले यस विषयमा पहिले यस्तो लेख्नुभएको थियो–

योगनरेन्द्रपछि जयइन्द्रमल्ल पाटनका राजा भए । यिनको एक मुद्रा प्राप्त भएको छ जसमा जयइन्द्रमल्ल, भगवतीदेवी एवं नेपाली सं. ८२६ ( १७०६ ई. ) अङ्कित छ । संभवतः यी जयइन्द्रमल्ल योगनरेन्द्रमल्लका कुनै छोरा थिए ।

परन्तु, जयइन्द्रमल्लको शासन एक वर्षभन्दा बढी टिक्न सकेको बुझिन्न । नेपाली सं. ८२७ (१७०७ ई.) -को एक मोहरमा योगमतीदेवी र लोकप्रकाशमल्लको नाम अङ्कित छ । यी योगमतीदेवी योगनरेन्द्रमल्लको नेपाली सं. ८०८ -वाला मुद्रामा देखिएकी उनकी रानी योगलक्ष्मी नै हुन सक्छिन् । यस अवस्थामा लोकप्रकाशमल्ल योगनरेन्द्रमल्ल र योगमतीदेवीके छोरा हुनमा सन्देह छैन । योगमती लोकप्रकाशमल्लकी आमा भएको कुरा यिनै रानीले स्थापित गराएको ललितरतनको नेपाली सं. ८४३ ( १७२३ ई. ) वाला अभिलेखबाट

‡ शुद्ध ८२६ हो । सावधानपत्र ११ संख्या हेर्नुहोस् ।

* शुद्ध ८२६ हो । सावधानपत्र ११ संख्या हेर्नुहोस् ।

÷ सावधानपत्र ११ संख्या हेर्नुहोस् ।

कारीका विषयमा राम्ररी टुङ्गो लाइदिएको छ ।

—०—

पनि प्रकट हुन्छ । संभवतः लोकप्रकाशमल्ल नाबालिग भएकोले उनकी माता योगमतीले उनको वारिस भई राजकाज चलाइन् ।

परन्तु, नेपाली संवत् ८२९ ( १७०९ ई. )–सम्म लोकप्रकाशको मृत्यु भयो । उनको असामयिक मृत्युको उल्लेख योगमतीको उपर्युक्त अभिलेखमै भएको छ ।

(नेपालको ऐतिहासिक रूपरेखाको पहिलो संस्करण १५८ पृष्ठ )

अहिले वि. सं. २०२२ मा नेपालको ऐतिहासिक रूपरेखाको दोस्रो संस्करण भएको छ । त्यसमा शर्माज्यूले यस्तो लेख्नुभएको छ–

योगनरेन्द्रपछि जयइन्द्रमल्ल पाटनका राजा भए । यिनको एक मुद्रा प्राप्त भएको छ जसमा जयइन्द्रमल्ल, भाग्यवती एवं नेपाली सं. ८२६ ( १७०६ ई. ) अङ्कित छ । यी जयइन्द्रमल्ल योगनरेन्द्रमल्लका भानिज थिए ।

परन्तु, जयइन्द्रमल्लको शासन दुइ वर्षभन्दा बढी टिक्न सकेको बुझिन्न । नेपाली सं. ८२६ ( १७०६ ई. )–को एक मोहरमा योगमतीदेवी र लोकप्रकाशमल्लको नाम अङ्कित छ । यी योगमतीदेवी योगनरेन्द्रमल्लकी छोरी थिइन् । योगमती लोकप्रकाशमल्लकी आमा भएको कुरा यिनै रानीले स्थापित गराएको ललितपत्तनको नेपाली सं. ८४३ (१७२३ ई.) वाला अभिलेखबाट पनि प्रकट हुन्छ । संभवतः लोकप्रकाशमल्ल नाबालिग भएकोले उनकी माता योगमतीले उनको बारिस भई राजकाज चलाइन् ।

परन्तु, नेपाली संवत् ८२६ ( १७०६ ई. )–सम्म लोकप्रकाशको मृत्यु भयो । उनको असामयिक मृत्युको उल्लेख योगमतीको उपर्युक्त अभिलेखमै भएको छ ।

(१५८ पृष्ठ)

यस संस्करणमा शर्माज्यूले इतिहास–संशोधनले भनेबमोजिम टकको संवत् तथा इन्द्र मल्ललाई योगनरेन्द्रका भानिज, इन्द्र मल्लकी रानीको नाउँ भाग्यवतीदेवी, लोकप्रकाशलाई योगनरेन्द्रका दौहित्र, योगमतीलाई योगनरेन्द्रकी छोरी हुन् भनी सच्याउनुभएको छ । तर योगनरेन्द्रपछि लोकप्रकाश, लोकप्रकाशपछि इन्द्र मल्ल राजा भएको कुरो र इन्द्र मल्लको शासनकाल भने सच्याउनुभएको छैन । यसरी प्रमाणद्वारा सिद्ध भइसकेका कुरालाई पनि स्वीकार नगरी यस्तो चेष्टा लिनु त दुराग्रहसिवाय अरू केही होइन ।

# डम्बर शाहको समयको निश्चित संवत् र तिथिमिति ×

—देवीप्रसाद भण्डारी

नायक (युवराज) डम्बर शाहको निमित्त ज्योतिषी श्रीअनन्त शर्मालि सारेको 'प्रदोषशिवपूजा–विधि' नामको पुस्तक वि.सं. १६९३ मार्ग १० गते बुधवारका दिन सम्पूर्ण भयो ।

'इति श्रीस्कन्दपुराणे ब्रह्मोत्तरखण्डानुसारी आगमोक्तः प्रदोषशिवपूजाविधिः ।। ।। ।।

वत्सरेऽग्न्यंकभूपांके वैक्रमे मासि आश्विने ।<br>
श्रीमाननन्तो व्यलिखत प्रदोषशिवपूजनम् ।।१।।

श्रीशाके १५५८ मार्गशिरवदि ७ बुधे लिखितं श्रीमदनंतशर्मज्योतिर्विदा ।। डंवरसाहिपुस्तकमिदं'
(वीरपुस्तकालय तेस्रो ७८ संख्याको प्रदोषशिवपूजाविधि नामको पुस्तकबाट ।)

[ श्रीस्कन्दपुराणमा ब्रह्मोत्तरखण्डअनुसार आगममा बताइएको प्रदोषशिवपूजाविधि सम्पूर्ण भयो । वि. सं. १६९३ आश्विन महीनामा श्रीअनन्त शर्मालि 'प्रदोषशिवपूजाविधि' सारे ।।१।। श्रीशकसंवत् १५५८ ( वि.सं. १६९३ ) मार्गशीर्ष कृष्ण सप्तमी बुधवारका दिन ज्योतिषी श्रीअनन्त शर्मालि सारेको यो पुस्तक सम्पूर्ण भयो । डम्बर शाहको पुस्तक यो हो ‡ । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ —

वि. सं. १६९३ शकसंवत् १५५८ मार्गशीर्ष कृष्ण ( पूर्णान्तमानले )

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | १० | बुध | सप्तमी | १९ | २ |

+ + + +

× डम्बर शाहको समयको पहिले पाइएको निश्चित संवत् र तिथिमिति पूर्णिमाको दोस्रो अंकको ५३-५४ पृष्ठमा मैले प्रकाश गराएको थिएँ । हाल डम्बर शाहविषयको अर्को मिति पाइएको हुनाले सो यहाँ प्रकाश गरिएको हो ।

‡ वि. सं. १६९३ श्रावण १८ गते बुधवारका दिन राम शाहले गोरखा पोखरीथोकमा राखेको शिलापत्रबाट वि. सं. १६९३ श्रावण १८ गतेसम्म राम शाहले राज्य गरिरहेका थिए भन्ने कुरा सिद्ध हुन आएको हो ( पूर्णिमा दोस्रो अङ्कको ५२–५३ पृष्ठ हेर्नुहोस् ) । वि. सं. १६९३ मार्ग १० गते बुधवारका दिन डम्बर शाहका निमित्त सारिएको यस ग्रन्थमा डम्बर शाहको राजोचित विशेषण केही नभएको हुनाले यस बेलासम्म पनि डम्बर शाह नायक ( युवराज ) नै थिए भन्ने कुरा देखिन आउँछ ।

[ क्रमागत ]

# पृथ्वीनारायण शाहका समयका निश्चित संवत् र तिथिमितिहरू

–देवीप्रसाद भण्डारी

सिरानचोकमा आक्रमण गर्न आएका पर्वत आदिका चौबीसी राजाहरूलाई पृथ्वीनारायण शाहले वि. सं. १८१२ श्रावण १४ गते शनैश्चरवारका दिन हटाई विजय प्राप्त गरे।

" सिरान्चोकमा सर्दार भदाल द्वाऱ्या कुह्ल ु ब. रह्याका थिया। चौबिसी आउँदा काजी रुद्री साही गोर्षाबाट थर्घर ली गया। नुवाकोटबाटचौतरिया कृतिमहोदन (कीर्तिमहोद्दाम) साह, काजी कालु पाडे, अभिमानसिं बस्न्यात, सल्यानी दुवारे, अंबर पाडे, कळै द्वारथा, थर्घर उमरा ली आया। ठूलो लडाञी भयो। ११ भारी चामल षुदो वोकाई रुद्री साहीका रानी केडी ली गयाछन्। ठूलो लडाञी भयो। अंबर पाडे कळै द्वारचाप्रभृति धेरै षेत रह्या। जितीं लम्जुङ्का सर्दार महीधर साहीस्मेत चौबीसीलाई बिसे नगार्चिको धोती टांगी छिराया। श्रीसाके १६७७ (वि. सं. १८१२) मासे ४ दिनगता १४ रोज ७ घटी १८ मा सीरान्चोक् सर भयो। "

(योगी नरहरिनाथद्वारा प्रकाशित गोरखालीहरूको सैनिक इतिहास ३–४ पृष्ठबाट )

[ सिरानचोक = काठमाडौंबाट २४ कोश जति पश्चिमतिर पर्ने ठाउँ। चौबीसी आउँदा = चौबीसीहरू आक्रमण गर्न आउँदा। चौबीसी = गण्डकीप्रदेशका चौबीस राज्य। गोरखा = काठमाडौंबाट २१ कोश जति पश्चिमतिर पर्ने ठाउँ ( गोरखाली राजाहरूको राजधानी )। नुवाकोट = काठमाडौंबाट ७½ कोश जति पश्चिम र उत्तरतिर पर्ने ठाउँ। प्रभृति = आदि, लगायत। षेत रह्या = खेत रहे = मरे। लम्जुङ = काठमाडौंबाट ३१ कोश जति पश्चिमतिर पर्ने ठाउँ। बिसे नगार्चिको = बिसे दमाईको ( 'नगार्ची' दमाई जातिको सन्मानवाचक शब्द हो )। धोती = कछाड, लँगौटी। छिराया = छिर्न लगाए (त्यस बेला कसैको बेइज्जत गर्दा सानो जातिको धोती आदि टाँगी त्यस मन्तिरबाट छिर्न लगाउँथे )। ]

"चीरको कुरो आफ्नो मनमा राखी नालदुम दहचोक एकळोटी गरी खाम्रापछि नेपाल अवश्य मार्न्याछ, बाईसी चौबीसी कोही रहन्याछैनन्; अब गोर्खालाई बढ्न दिन्या होइन भनी लमजुङलाई झल्को देखाई अतीत पारी लमजुङलाई अघि लाई सिरानचोक हान्न पर्वते राजा आया भन्न्या खबर सर्दार भद्र शाहीले र भदाल द्वारचाले हजुरमा अर्जी लेख्ता बन्दूक बाँध्न्या खान खवास सब अजिरगढ थाम्न पठाउनुभयो।

चौतरिया कीर्तिमहोद्दाम शाह, काजी कालु पाँडे, सल्ल्यानी द्वाऱ्या, कळै पाँडे, अम्बर पाँडे, थरघर उमराउ लिई नुवाकोटबाट विदा गराउनुभयो। काजी रुद्र शाही गोर्खामा जो भयाका थरघरमा पनि गोर्खा थाम्नामाफिक राखी अरु थरघर भलामानिस लिई रुद्रशाही (ले) सिरानचोक(मा) मदत गरी ठूलो लडाइँ (गर्नु) भयो। वैरी ढेरै काटिया।

खानालाई कठिन पऱ्यो। यस्तो देख्ता रुद्र शाहीका रानीले ११ भारी चामल खुदोले मुछी छोप्राकसंम आफ्ना संगका लश्करलाई पुऱ्याउन पठाइन् र लश्करले बाँडी खाया। त्यस

लडाइँमा सल्ल्यानी, अम्बर पाँडे, कळै पाँडे, द्वारचा प्रभृति सल्ल्यानी थरघर धेरै खेत रह्या । गोर्खाको जित भयो ।

लमजुग्या सर्दार महीधरसमेतलाई बिस्या नगार्चीको धोती लगी सर्दार बलभञ्जनबाहेक अरू सबैलाई छिराया । शाके १६७७ (वि. सं. १८१२) श्रावणका १४ दिन जाँदा शनैश्चरवार घडी १८ मा सिरानचोक जित भयो । सिरानचोक ग्रामी चौबीसी हटाया ।। पश्चिम थेग्ल्याया ” (भाषावंशावलीबाट)

[ चीरको=फाल्गुन शुक्ल अष्टमीका दिन गाडी आठ दिनपछि पूर्णिमाका दिन ( होली पूर्णिमाका दिन ) पोलिने चीरको । यो चीर गाड्ने विषयमा गोरखा र पर्वतको इर्वा परेको कुरा भाषावंशावलीमा यसरी लेखिएको छ—

“सम्पूर्ण बाईसी चौबीसी राजा गोरखासमेत मेहलको रूख गाडी होली गर्थ्या । पर्वत्या राजाले एकछते चीर गाडी होली गर्थ्या । अरू कसै राजाले एकछते चीर गाड्यो भन्या पर्वत्या राजाले सुधैमात्रै लश्कर लिई उसलाई जिती चीर च्यातिदिन्थ्या ।

यो खबर श्रीपृथ्वीनारायण महाराजबाट सुन्नुभयो र ळौ च्यातोस् पर्वत्या राजाले भनी तीनछते चीर गाडी होर्ला गर्नुभयो । यो खबर पर्वत्या राजाले सुनी चीर च्यात्न मनसुवा गर्थ्या । बीचमा लमजुङ हुनाले आउन भएन ।”

नालदुम=काठमाडौंबाट ६३ कोश जति पूर्वतिर पर्ने ठाउँ । दह्चोक=काठमाडौंबाट २ कोश जति पश्चिमतिर पर्ने ठाउँ । बाईसी=कर्नालीप्रदेशका बाईस राज्य । पर्वत=काठमाडौंबाट ४७ कोश जति पश्चिम उत्तरतिर पर्ने ठाउँ । अजिरगढ=काठमाडौंबाट २४ कोश जति पश्चिमउत्तर तथा गोरखाबाट ८३ कोश जति उत्तरतिर पर्ने ठाउँ । ढेरै=धेरै । प्राकछो=काठमाडौंबाट २४ कोश जति, तथा गोरखाबाट ३ कोश जति पश्चिमतिर पर्ने ठाउँ । थेग्ल्याया=थेग्ल्याए, दगल्यो पारे, (कामचलाउसम्म पारी अडचाए) । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१२ शकसंवत् १६७७ श्रावण कृष्ण ( पूर्णान्तमानले )

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | १४ | शनैश्चर | तृतीया | २२ | २४ |
| | + | + | + | + | + |

पृथ्वीनारायण शाहले व्यापारसम्बन्धी काममा भोटतिर गएका आफ्ना दूत पण्डित हरिदेव र जमदग्नि उपाध्यायलाई ताकिता गरी वि. सं. १८१२ भाद्र २२ गते बुधवारका दिन पत्र लेखे ।*

* भोटसंग नेपालको व्यापारसम्बन्ध धेरै अघिदेखि चलिआएको थियो । यसै व्यापार सम्बन्धबाट नेपाल–उपत्यकाको टक भोटमा चल्दथ्यो । उपत्यकाका पछिल्ला मल्ल राजाहरूले आफ्नो खाँचो टार्न चाँदीमा तामा मिसाई टक मारेका थिए । यसले गर्दा चोरी गरी टक मार्ने–

"स्वस्ति श्रीगिरिराजेत्यादिश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समर-विजयिनाम्.

स्वस्ति श्रीसर्वोपमेत्यादिश्रीहरिदेव पंण्डित श्रीजमदग्नि उपाध्याके यथोचित प्रणामपूर्वकपत्रं इदम् आगे इहाँको समाचार भलो छ.

उप्रांत सुनु साहेब्ज्युछचौ र मौजंज्युछचौ हज्जार रुपयाका सुना रह्याको छ. त्यो चाँडो मागेर पठाइदेउ.

उप्रांत षासाका भोट्या र बिगुका भोट्याले अघि ता जगातिसँग नमिलि धामधुम गऱ्या. पछि हाम्रो नालदुम घेर्दा सभै उठिकन ततलसम्म पिट्या. तस्कारण ति हाम्रा साइधुवा हुन्.

---

हरूलाई बढ्ता नाफा हुने भएकोले मिसावटी टक प्रशस्त निस्कन थालेका थिए । ती टकले गर्दा बजारको भाउ बढी साधारण जनतालाई मर्का पर्नु स्वाभाविक हुन लाग्यो । सो बाधा हटाउन राजाले शुद्ध टक चलाउनुपर्छ भन्ने नीति पृथ्वीनारायण शाहको थियो । त्यस कारण उनले मिसावटी टक बन्द गरी शुद्ध चाँदीका टक चलाउने उद्देश्यले शुद्ध चाँदीका टक मारेका थिए । भोटसंग कान्तिपुरको व्यापारसम्बन्ध प्रायः पश्चिम नुवाकोटतिरको बाटोबाट हुथ्यो । वि. सं. १८०१ मा पृथ्वीनारायण शाहले सो नुवाकोट विजय गरेपछि उनले आफ्नो पनि भोटसंग स्वतन्त्र व्यापारसम्बन्ध कायम राखी आफ्ना शुद्ध चाँदीका टक भोटमा चलाई व्यापार बढाउनाका निमित्त विस्तार विस्तार आफ्ना दूत पठाई भोटका अधिकारीहरूसंग कुरा मिलाउन लागे । सो कुरा निश्चित भएपछि भोटमा अरू व्यापारभन्दा पहिले सुनको भाउ मिलाई आफ्ना शुद्ध चाँदीका रुपियाँले पाए जति सुन किन्ने प्रबन्ध पृथ्वीनारायण शाहले गरे । सो सुनको लागि एक हजार रुपियाँ पनि भोटतिर पठाइरहेका थिए । तर त्यस रुपियाँको सुन भने भोटे अधिकारीहरूले पठाइदिएका थिएनन्, त्यस कुराको ताकिता पनि पृथ्वीनारायण शाह गर्दै थिए ।

उता आफ्नो उत्तर सीमानानेरका खासा र बिगुका केही भोटेहरूले जगात (कर) बुझाउन मञ्जूर नगरी ततलसम्म आई गडबड गरेका हुनाले ती विद्रोहीहरूलाई पक्री कडा सजाय गर्नु आवश्यक थियो । सो नगरेमा त्यहाँ आफ्नो शासन राम्रोसंग कायम नहुने हुनाले तिनीहरूलाई कडा सजाय गर्ने विचार पृथ्वीनारायण शाहले गरेका थिए । तर तिनीहरूलाई कडा सजाय गर्दा कुतिमा रहेका भोटे अधिकारीहरू भड्कने र त्यतातिरको व्यापारसम्बन्ध विच्छेद भई आफ्नो उद्योग विफल हुने सम्भावना थियो । त्यस कारण पृथ्वीनारायण शाहले यिनै कुराहरूलाई लक्ष्य गरी "ती हाम्रा प्रजाहरू हुन् तापनि ती साइँधुवाहरू हुन्, तिनीहरूलाई हामी सजाय गर्छौं, सजाय गर्दा कुतिका ढेवा महाजनहरू भड्कलान्, सो कुरा हुन नदिनू; त्यहाँ (भोटतिर)का भोटे अधिकारीहरूको मुख्य अभिप्राय र अरू खबर बुझी पत्र लेख्नू; हाम्रा रुपियाँले अरू सुन किन्न पाइने नपाइने के हो, यदि पाइने हो भने प्रशस्त रुपियाँ जम्मा भएका छन्, चाँडो छेडखान गरी पठाएमा चाहिए जति रुपियाँ पठाइनेछ " आदि लेखेको हुनाले यस पत्रबाट भोटतिर पृथ्वीनारायण शाहको कस्तो सम्बन्ध थियो भन्ने कुरा थाहा पाइन्छ ।

हाम्रै प्रजा हुन्. तन्कन हामि तस्नस् गर्छौं. तस्नस् गर्दा कुतिका ढेवाहरू महाजनहरू चम्कनान्. यो चमक मेट्या. तेस्ता साइधुवालाई राष्या फेरि धामधुम होला.

उप्रान्त तांहाँका कुरोकहनि चाँडो बुझि उत्तरा चाँडो पठाउ.

उप्रांत ताँहा हामा रुपयाले सुना मिलन्या भया याँहा रुपया भयाका छन्. यो उत्तरा चाँडो गरि पठाउ र रुपया पठाइदिउला. जति भन्यौ तति रुपया भयाका छन्.

विज्ञेषु किमधिकं. मुहजवानी पत्रवालाको सहि. मिति भाद्रवदि १२ रोज ४ शुभम्."

{श्रीबालकृष्ण पोखरेलद्वारा 'पाँच शय वर्ष' भन्ने पुस्तकमा प्रकाशित यो पत्र ऐतिहासिक पत्रसंग्रह दोस्रो भाग ८३ पृष्ठमा पनि प्रकाशित भएको छ।}

[ सुना = सुन । षासा = खासा = काठमाडौंबाट २१ कोश जति उत्तर पूर्वतिर पर्ने ठाउँ। बिगु = कमाठाडौंबाट २२ कोश जति उत्तर पूर्वतिर पर्ने ठाउँ। जगाति = जगात (कर) उठाउने अधिकारी। धामधुम = धूमधाम = उत्पात, उपद्रव। नालदुम = काठमाडौंबाट ६½ कोश जति पूर्वतिर पर्ने ठाउँ। सभै = सबै, जम्मै। उठिकन = हूल उठेर। तल तलसम्म पिट्या = पिट्तै लखेट्तै तल तलसम्म आए। तस्कारण = त्यस कारण। साइधुवा = साइँदुवा, अपराधी। तन्कन = तिनीहरूलाई। तस्नस् = तहसनहस = दमन गर्नु। कुति = काठमाडौंबाट २३ कोश जति उत्तरपूर्वतिर पर्ने ठाउँ। चम्कनान् = भड्कलान्। चमक मेट्या = भड्कन नदिनू, थामथुम पारिराख्नू। उत्तरा = उत्तर, प्रत्युत्तर, जवाफ। तति = त्यति। मुहजवानी = मुखैले भनेका कुरा। सहि = ठीक। ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८१२ भाद्र कृष्णपक्ष (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | २२ | बुध | द्वादशी | २७ | १३ |

श्रीछोआपांजोर ढेवा, श्रीनुबु ढेवा, श्रीफुंजो रायतेन आदि भोटका अधिकारीहरूले कुतिभित्रको सुनको भाउमा घटीबढी पार्नेछैनौं भनी आजन्म प्रतिज्ञापालन गर्ने वचन दिई पृथ्वीनारायण शाहलाई वि. सं. १८१२ माघ ६ गते बुधवारका दिन व्यापारसम्बन्धी धर्मपत्र लेखिदिए +।

---

+ भोटतिरको व्यापार–सम्बन्ध कायम गरी आफूले पठाएका रुपियाँको सुनका विषयमा भोटे अधिकारीहरूले भाउमा तलमाथि पारिरहने र सुन पठाउन पनि ढीला गर्ने गरेका हुनाले यसभन्दा अघिल्लो पत्रमा आफ्ना दूत पण्डित हरिदेव र जमदग्नि उपाध्यायलाई पृथ्वीनारायण शाहले लेख्ता सुनको निश्चित भाउ बसाल्ने र गएका रुपियाँको सुन चाँडो पठाउन लाउने कुराको ताकिता गरेका थिए। सो काममा छुटिई गएका उनीहरूले पनि भोटका अधिकारीहरूकहाँ गई व्यापार—सम्बन्धी कुरा मिलाई सुनको भाउ निश्चय गर्ने काममा जोड गरेका हुनाले भोटे अधिकारीहरूले अघिल्लो सालमा 'रिर्जिछिवो' लामाले तोकिदिएको

" स्वस्ति श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमन्नृपपृथ्वीनारायण शाहदेवलाई श्रीछोआपांजोर ढेवा, श्रीनुबु ढेवा, श्रीफुंज्ञो रायतेन्, सिछिटुंडो सिबांज्यू एति हामिले आजन्मपर्यन्तको धर्म लेषि चढाञा. सुनको भाउ पोर रिजिंछिवो लामाले ज्या भाउ गरचाको हो, सोही भाउको सही. तेस् भाउदेषि घटीबढी गर्नु छैन. अबउप्रान्त सुनको भाउ यहाँ नगर्नु. तिमिले पठायाका रुपैयाँको सुना पनि आज पुग्या भोलि दिनु. अथवा चार दिनभित्र पुरयाइदिनु, सुनाको भाव घटाया रुपैञाँ अड्काया श्रीकामिनी श्रीभैरवी श्रीलामाज्यु श्रीसिम्भूछेत्र श्रीबौधको हामीकन कुदृष्टि सुनाको भावमहाँ अघि लामाले गरचाको सहिमहा रह्या रुपैञाँ नअड्काया सुदृष्टि. फेरि सुनाको भावमहाँ घटिबढी गरचा श्रीबौध श्रीसिम्भूछेत्रको मठ भत्कायाको पाप लागोस्. कुतिभित्रका सुनाको यो करार हो, कुतिबाहिरको सुना चाँदी पोलिदिनु, इति सम्वत् १८१२ पौष सुदि १४ रोज ६ सुभम् "

{ प्रगति २।४ अङ्कमा श्रीचित्तरञ्जन नेपालीद्वारा यो पत्र प्रकाशित भएको छ। }

[ धर्म लेषि = धर्मपत्र लेखी । पोर = पोहर साल, गतवर्ष । सहि = ठीक, कायम । गर्नु छैन = गर्नु हुन्न, नगर्नू । सुना = सुन । आज पुग्या = आज आइपुग्यो भने । भोलि दिनु = भोलिपल्ट नै पठाइदिनू। पुरयाइदिनु = माग पूरा गरिदिनू ( मागबमोजिम पठाइदिनू) भावमहाँ = भाउमा, मोलमा । श्रीकामिनी = श्रीमनकामनादेवी (?) । मनकामना = काठमाडौं-बाट २१½ कोश जति पश्चिमउत्तरतिर पर्ने ठाउँ । भैरवी = काठमाडौंबाट ७½ कोश जति पश्चिम उत्तरतिर पर्ने नुवाकोटकी देवी। श्रीलामाज्यु = भोटका धर्मगुरु। श्रीसिम्भू छेत्र = काठमाडौं-बाट½ कोश जति पश्चिमतिर रहेको स्वयम्भूचैत्य। श्रीबौद्ध = काठमाडौंबाट१½ कोश जति पूर्वउत्तर-तिर रहेको बौद्ध चैत्य। मठ = मन्दिर। कुति = काठमाडौंबाट २३ कोश जति उत्तरपूर्वतिर पर्ने ठाउँ । करार = कबुलियत। ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

विक्रमसंवत् १८१२ पौष शुक्लपक्ष

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | ६ | शुक्र | चतुर्दशी | २१ | ३३ |

भाउमा सुन दिन मञ्जूर गरे। यति भएपछि पृथ्वीनारायण शाहलाई श्रीछोआपांजोर ढेवा,श्रीनुबु ढेवा, श्रीफुंजो रायतेन, सिछिटुंडो,सिबांजुहरूले आजन्मका लागि "सुनको भाउ पोहोर सालमा रिजिंछिवो लामाले जुन भाउ गरेको हो, सोही भाउमा सुन दिन हाम्रो मञ्जूर छ। सो भाउभन्दा घटीबढी हुने-छैन । अबउप्रान्त यहाँ सुनको भाउमा घटीबढी गर्नेछैनौं । त्यहाँबाट पनि रुपियाँ पठाउँदा भाउमा त्यसभन्दा घटीबढी पारी नमाग्नू । त्यहाँबाट पठाइदिएका रुपियाँको सुन पनि रुपियाँ आइपुगेकै भोलिपल्ट यताबाट चलान गरिदिनेछौं। अथवा चार दिनभन्दा बढ्ता ढीलो गर्नेछैनौं । सुनको भाउमा तलमाथि परेमा र रुपियाँ पठाउन गडबड गरेमा श्रीकामिनी, श्रीभैरवी, श्रीलामाज्यू, श्रीस्वयम्भू, श्रीबौद्धहरूको हामीहरूउपर कुदृष्टि परोस् । नियमको पालना गरेमा यिनै देवताहरूको सुदृष्टि परोस्। यो कुतिभित्रको मात्र सुनको करार ( कबुलियत ) हो " आदि कुरा लेखी प्रतिज्ञा पालन गर्ने वचन दिई व्यापारसम्बन्धी धर्मपत्र लेखिदिए भन्ने कुरा यस पत्रबाट बुझिन्छ ।

# आश्रित राज्यउपर बहादुर शाहले लिएको नीति

—दिनेशराज पन्त

राजप्रतिनिधि बहादुर शाहले वि. सं. १८४३ देखि वि. सं. १८४९ सम्मको ६ वर्षमा नेपाल राज्यको सीमाना गङ्गा पुऱ्याए । ६ वर्षको छोटो समयमा धेरै राज्य जितिनुमा बहादुर शाहले लिएका नीति कारण थिए । तिनमध्ये आश्रित राज्यउपर बहादुर शाहले लिएको नीतिको बारेमा यहाँ विचार गरिन्छ ।

त्यस वेला गण्डकीप्रस्त्रवणक्षेत्रमा चौबीसी राज्यहरू तथा कर्नालीप्रस्त्रवणक्षेत्रमा बाईसी राज्यहरू थिए । ती राज्यहरू विशेष बलिया तथा संघट्टित थिएनन् तापनि गोर्खा बढेको हुनाले तिनीहरू सशङ्क थिए तथा गोर्खालीहरूसँग लड्नुपर्दा संघट्टित रूपमा लड्थे %। पृथ्वीनारायण शाह गोर्खाबाट बढी पूर्व सुक्किमसम्म विजय गर्न सफल भएका थिए । परन्तु पश्चिमतिर गोर्खाभन्दा पर पुग्न सकेका थिएनन् । वि. सं. १८२६ सम्ममा नेपाल–उपत्यका विजय गरेपछि पूर्वतिर बढनुभन्दा पहिले पश्चिमतिर बढ्ने उद्योग पृथ्वीनारायण शाहले गरेका थिए । परन्तु चौबीसीहरूले एक भई उनको मुकाबिला गरेका हुँदा पृथ्वीनारायण शाहको उद्योग सफल हुन सकेको थिएन । *

---

% पूर्वतर्फ गोर्खाको ठूलो लडाइँ भइरहेछ, गोर्खा बढ्यो भन्या हामीलाई मेटिहाल्न्याछ । अब र नेपालसित पनि मधेससित पनि गोर्खाको लडाइँ हुन लागिरहेछ । यस वेला उ जिती अडियो भन्या गोर्खालाई हामीले सक्नेछैनौं । । हामी सबैलाई एकै दिनमा मेटिहाल्न सक्न्याछ । औसर पर्छ, पर्खदैन । त्यसनिमित्त यस वेलामा हामी उठ्नुपर्न्या हो भनी २४ राजाले मतो गरी आइलागी हर्मी, धुवाँकोट, च्यौलिमीकोट, देउराली, लकाङमा आई घेरा दियाको··· ।

(भाषावंशावलीबाट)

* सर्दार केहेरसिंह बस्न्यात जाई स्याङ्जामा बस्या । काजी वंशराज पाँडे, प्रभु मल्ल पनि सामेल भया । सतहुँमा चौबीसी, बाईसी मिली ठूलो फौज बस्याका थिया । हाम्रा काजी वंशराज पाँडे, सर्दार प्रभु मल्ल, मुख्य सर्दार केहेरसिंह बस्न्यातले लडाइँ गर्दा ठूलो युद्ध भयो । कटक बिग्री सर्दार केहेरसिंह बस्न्यात...लडाइँमा पऱ्या । वंशराज पाँडे घा लागी पञ्ची पर्वतेले लग्या । लश्कर धेरै खेत रह्या । जो बाँचेका भिरकोट आई बस्या ।

ताहाँपछि गुमस्ता ढोरमा थियो, उहीं बस्या । ढोर चौबीसीसग मिल्दा चौबीसीले घेरा दिया । १४ दिन घेरामा पऱ्या । नेपालबाट गुहार दिन आउँदा काजी श्रीहर्ष पन्थ, धौकलसिंह बस्न्यात सतीघाटसंम आइपुग्दा घेरा पऱ्याका लश्कर पनि जो बच्याका मर्स्याङ्दीको जँघार तरी सामेल भया ।

तहाँपछि काजी अभिमानसिंह बस्न्यात, रामकृष्ण कुँवरलाई विदा गरी पूर्व राज्यमा लडाइँ गर्न जाँदा पूर्वमा विजयपुर, चैनपुर, चौदण्डी फत्ते गरी फर्की आया ।

(भाषावंशावलीबाट)

पश्चिमतिर बढ्न बहादुर शाहले चौबीसी बाईसी राज्यलाई फुटाई आफूपट्टि मिल्न आएका राज्यलाई प्रोत्साहन दिई आश्रित बनाउने नीति लिएका थिए । यो कुराको झलक वि. सं. १८४३ देखि वि. सं. १८४६ सम्मको विजययात्रालाई लिएर राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले वि. सं. १८४९ मा बनाएको जयरत्नाकरनाटकमा पाइन्छ । जस्तै—

ततः संजाते प्रभाते दिवाकरे हृयुदिते पुनः स राजा राजपुत्रश्च रहस्यं चक्रतुः । राजन् परजनपदापहरणं स्वाश्रितभूपालपालनं सन्न्यायेन प्रजापालनं···चास्मत्कुलपरम्पराधर्मोऽस्ति ।

(जयरत्नाकरनाटक ९ कल्लोल)

[त्यसपछि बिहान सूर्य उदाएपछि फेरि राजा (रणबहादुर शाह) र राजपुत्र (बहादुर शाह) ले एकान्त गर्नु भयो । हे महाराज, शत्रुको मुलुक जित्नु, आफ्ना आश्रित राजालाई रक्षा गर्नु, न्यायपूर्वक प्रजा पाल्नु पनि हाम्रो कुलपरम्पराबाट आएको धर्म हो ।]

(जयरत्नाकरनाटकको १४०–४२, २३३–३४ पृष्ठबाट)

त्यसताकाको पश्चिम नेपालमा पाल्पा धेरै बलियो राज्यमा कहलाउँथ्यो । पाल्पाले चौबीसीहरूसँग मिली धेरैपल्ट गोर्खालीहरूलाई हायलकायल पारेको थियो ÷ । तर बहादुर शाहको यही नीतिले पाल्पा चौबीसीहरूसँग फुटी वि. सं. १८४३ मा नेपालको आश्रित भयो । बहादुर शाहले शुरू गरेको पश्चिमतिरको विजयमा पाल्पाका राजा महादत्त सेनले पनि सहायता गरेका थिए । त्यो सहायता गरेबापत बहादुर शाहले उनलाई गुल्मी, अर्घा, खांची यी तीन राज्य थपिदिएका थिए । यो कुरा तल दिइएको जयरत्नाकरनाटकको वाक्यबाट बुझिन्छ –

राजपुत्रः···ततः समरसहायिनं पाल्पादेशाधिपतिश्रीमहादत्तश्येनाभिधं राजानं कनकच्छत्रादिसकलराजचिह्नानि कनकसंकलितहीरकादिनवरत्नकङ्कणे मुक्ताकुण्डले मुक्ताहारं उष्णीषादिसकलपरिधानादिवस्त्राणि एकोत्तरशतकुञ्जरान् आजानेयैकोत्तरसहस्रतुरङ्गमान् क्षुद्रभूपालराज्यत्रयं मुद्राभारशतं च दत्वा प्रेषयामास ।

(जयरत्नाकरनाटक ९ कल्लोल)

[बहादुर शाहले त्यहाँपछि लडाइँमा सहायता दिने पाल्पाली राजा महादत्त सेनलाई सुनको छाता आदि सम्पूर्ण राजचिह्न, सुनमा हीरा आदि नवरत्न जडिएका दुइटा बाला, मोतीका कुण्डल, मोतीको हार, पगरी आदि सबै लाउने लुगा, १०१ हात्ती, १००१ असल घोडा, साना साना राजाका ३ राज्य, शय भारी रुपियाँ पनि दिएर पठाउनुभयो ।]

(जयरत्नाकरनाटकको १४२,२३४ पृष्ठबाट)

---

÷ सोऽभून्महाराजमुकुन्दसेनः ।।······

गोर्षाक्रान्तं पूर्वदेशं विजित्य
बन्धूंस्तत्र स्थापयामास राजा ।

(शंकरमान राजवंशीद्वारा संपादित, वीरपुस्तकालयबाट प्रकाशित "सेनवंशावली" को २८ पृष्ठबाट)

[महाराज (द्वितीय) मुकुन्द सेन हुनुभयो । गोर्खाले आक्रमण गरेको पूर्व देशलाई जितेर (उहाँ) राजाले त्यहाँ (आफ्ना) नातादारहरूलाई राख्नुभयो ।]

बहादुर शाहले यसै गरी वि. सं. १८४२ भित्रै आश्रित बनिसकेका भिरकोट तथा सतहुँ राज्यलाई पनि उनीहरूलाई अनुकूल पार्न वि. सं. १८४३ मा केही जग्गा दिएका थिए। यो कुरा तलको पत्रबाट स्पष्ट हुन्छ।‡

## श्रीदुर्गा

श्रीदुर्गा भवानि

१. स्वस्तिश्रीमन्महाराजाधिराजस्य रुक्का[1]
२. आगे काजि जिव साह जगजित्पाडे पारथ भँडारि अम्बरसिं रान।
३. प्रबल रानाप्रति भिर्कोटलाई[2] जाहारि सतौलाई+ दार्मु बक्स्यौं.
४. जाहारि र दार्मुका षेतमध्ये षेत बरोबर पारि आजकालको
५. साध जो हो. सो छुट्याईदेउ. ज्याहाको नाउनबिसि× लेष्याको
६. छँदै षेत बरोबर पारि बाडिदेउ. इति सम्वत् १८४३ साल
७. पौषवदि ७ रोज ३▭ मुकाम* काठमाडौ शुभम्

( पछिल्तिर )

रुजु रणजित्पाडे

मार्फत सिवनारायण षत्री

मार्फत गोळैज्यां

यसै गरी बहादुर शाहले आश्रित राज्य मुस्ताङलाई आफ्नो अनुकूल पार्न वि. सं. १८४६ मा जुम्लाविजयपछि केही जग्गा दिएका थिए। यो कुरा तलको पत्रबाट स्पष्ट हुन्छ।▱

स्वस्तिश्रीकाजी शिवनारायण षत्री श्रीसर्दार प्रबल रानाकस्य लिषापत्रम्–

---

‡ अप्रकाशित यो सक्कल पत्र मोहननाथ पाँडेको पुख्यौंली संग्रहमा छ।

१. रुक्का = राजाको रातो छाप लागेको पत्र। २. भिर्कोट = काठमाडौंबाट भिरकोट ४३ कोश जति पश्चिमउत्तरमा छ। +सतौ = काठमाडौंबाट सतहुँ ४४ कोश जति पश्चिमउत्तरमा छ। ×नाउनबिसि = नाउँगोत।

▭ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४३ पौष कृष्ण ( पूर्णान्तमानले )

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| पौष | १ | मङ्गल | सप्तमी | ६ | १० |

( पात्रोबाट)

* मुकाम = वासस्थान।

▱ यो पत्रको विशेष कुरा पूर्णिमा ४ अङ्कको ६४–६५ पृष्ठमा हेर्नुहोस्।

आगे मोस्तांगि राजा आंग्याल् दोर्जेके तिम्रो पुरानु मुलुक् जुम्लाले षायाको बाँदर-फट्कादेषिपूर्व उत्तर भर्बुं षोला तराप् षोला लांघु षोला छार्का गाँउ ( श्री ५ महाराजाधिराज)-बाट बक्स्याको लालमोहोरबमोजिम् हामिले पनि बाहालि चलाईदिसुं. आफ्ना षातिर्जम्मासित सुषभोग्ये गर. टहलमा रुजु रहु. केहि जगा रह्याको सर्कार बिंति गरि बनाइदिउँला. इति सम्वत् १८४६ साल कातिकशुदि १ रोज २ मुकाम छिनाशिम शुभम्

हितान्का षस्का बस्तिबाहेक शुभम्

यसको ७ महीनापछि नेपालसरकारले मुस्ताङी राजा आंग्याल दोर्जेलाई केही जग्गा थपिदिई तथा कर आदिको बन्दोबस्त मिलाईदिई अर्को ताम्रपत्र गरिदिएको थियो । सो ताम्रपत्र यस प्रकारको छ÷ ।

(१) स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नत-श्रीमन्महाराजाधि–

(२) राजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूर्सम्सेर्जङदेवानाम् सदा समरविजयिनाम् ।।····।।

(३) आगे मोस्तांगी राजा वाँग्याल् दोर्जेके तम्रा बाबु बराजुदेषि आजसम्म षायाको देश. जुम्लाले मिचि षाया–

(४) को देश वादरफट्का पूर्वोत्तर औ भावुङ षोला तराप् षोला लाँभु षोला छार्का गाउँ‡ थपि एति देशको र–

(५) जाइ थामि बक्स्युं औ थाक्⊍ ठिनी* बाह्रगाउँ मनाङ❀ नारनिस्यान् और जगामा हिजो परापूर्वदेषि जस्ता रि–

(६) तसँग दैदस्तुर षाइ आयाको हो. सो पनि थामिबक्स्युं औ जुम्लिले तिम्रा देशमा आइ बस्ता जवर्जस्तिसंग व्यापार

(७) गर्न आवन्यालाई छ्याक्पोळ(?)उघाइ→ षान्थ्या. त्यो पनि तिमिलाई बक्स्याको छ. तेस्मा हाम्रा भरभारादार फौज केहि का–

---

÷ श्री ॐकारप्रसाद गौचनज्यूको सौजन्यले यसको नक्कल हामीले लिन पाएका हौं । स्वर्गवासी मुस्ताङी राजा अंगो झेम्बल परवल जंगकहाँ रहेको ताम्रपत्रबाट वि. सं. २०२० मा यो नक्कल मैले लिएको हुँ भन्ने श्रीॐकारप्रसाद गौचनज्यूको भनाइ छ ।

‡ जुम्ला, बाँदरफट्का, तराप खोला, लाँभु खोला तथा छार्का गाउँको परिचय पूर्णिमा ४ अङ्कको ६२,६४–६५ पृष्ठमा हेर्नुहोस् ।

⊍ थाक् = मुक्तिनाथभन्दा अलि उत्तरतिर थाक छ । * जुम्लामा ठिला भन्ने एक नदी छ । (नेत्रबहादुर थापाको 'नेपालको भूगोल" को ८९ पृष्ठ हेर्नुहोस् । ) यही ठिला नदी नै ठिनी हो कि ?

❀ मनाङ = काठमाडौंबाट मनाङ भोट ४४½ कोश जति पश्चिम उत्तरमा छ ।

→ उघाइ = उठाई ।

(८) जले जाँदा टंटा नलावनु औ पश्चिमउत्तर हामिले काज गर्दाको घरि जियधनले आपनु दलबल षजाना फौज हाम्रा

(९) फौजसंग सामेल गरि हान्या ठाउ हान्नु. कुर्न्या ठाउँ कुर्नु. औ हिजो लहासा+ जुम्लालाइ सिर्तो मामूलि दिंदा रह्याछौ. जो लहासा–

(१०) लाइ एकहत्तर रुपया तिर्थ्यौं. सो लहासालाइ तिर. जुम्(ला)लाई जो तिर्थ्यौं. सो हाम्रा हजूर सालबसाल रुपञ्या नौ स–

(११) य उनन्तिस अंकेपि ९२९ घोडा पाच ५ मकरसंक्रांतिका*दिन कांतिपूर दाषिल गर्नु गरि ताँवापत्र बक्स्युं. हाम्रा नि–

(१२) मषको सोझो चिताइ हुकुम् बजाव. साँधसिवानाभित्रको आपनु जिमि पुस्तदरपुस्तसम्म रजाञ्जि जानी भोग्य गर.

(१३) इति संवत् १८४७ साल ज्येष्टशुदि ५ रोज ४मुकाम कांतिपुर राजधानि शुभम्भूयात्≡

यति अलिकता उदाहरणबाट पनि बहादुर शाहले आश्रित राज्यप्रति लिएको नीतिको झलक पाइन्छ ।

राज्य कमाउनु र कमाएको राज्य जोगाउनु यी दुवै काम राजनीतिमा मुख्य मानिन्छन् । सैनिक-बलले मात्र विजय गरेको प्रदेशमा भन्दा तत्तत् ठाउँका राजा प्रजालाई पनि हात लिई कमाएको राज्यमा लब्धप्रशमन गर्न सजिलो हुन्छ । यस कुराको उदाहरण बहादुर शाहले आश्रित राज्यप्रति लिएको नीतिले पनि दर्शाएको छ ।

०–०

# पचलीको श्रीनानीसाहेब लक्ष्मीदेवीको वि. सं. १८७० को अभिलेख र त्यसको ऐतिहासिक व्याख्या

–नयनाथ पौडेल

पं. वाणीविलास पांडेले रचना गरेका ५ वटा शिलापत्रका अभिलेख अहिलेसम्म प्रकाशमा आएका छन् । तीमध्ये पचलीको लक्ष्मीदेवीको वि सं. १८७० को शिलापत्रको विषयमा यहाँ विचार गरिन्छ ।

---

\+ ल्हासाको परिचय पूर्णिमा ५ अङ्कको ६६ पृष्ठमा हेर्नुहोस् ।

* मकरसंक्रांति = माघे संक्रान्ति ।

≡ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४७ ज्येष्ठ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | ९ | बुध | पञ्चमी | १२ । | ० |

(पात्रोबाट)

सो अभिलेख* यस प्रकारको छ–

श्री गणेशाय नमः ।।

यद्भ्रूभङ्गविजृम्भणाज्जगदिदं जन्मादिभाग्जायते
यत्पादाम्बुजसेवनाद्भुवि चतुर्वर्गान्विताः प्राणिनः ।।
जायन्ते, तमजं विभुं त्रिनयनं श्रीपार्वतीवल्लभं
वन्दे दैवतवृन्दवन्दितपदं लक्ष्मीश्वराख्यं शिवम् ।।१।।

श्रीमत्पाटलिपुत्रपत्तनवरैकप्रान्तवर्त्ती वरः
ग्रामः कश्चन गुर्मिञ्चा इति भुवि ख्यातोऽस्ति तत्स्वाम्यभूत् ।।
श्रीमानत्र गणेशदत्त इति सन्नामोपनामान्वितो
बौंडीद्वा इति काश्यपान्वयजनिर्नानागुणालङ्कृतः ।।२।।

तत्पुत्री द्विजदेवभक्तिनिरता सर्वैर्गुणैः शोभिता
प्रारब्धस्य वशात्प्रिया रणबहादूरस्य भूमीभृतः ।।
रूपेणानुपमा मनोरमतनुः सोमानना मानना-
कृन्मान्यस्य जनस्य शीलजलधिर्लक्ष्मीरितीहोदिता ।।३।।

अनुवाद

श्रीगणेशलाई नमस्कार ।

जसको आँखीभुइँको कर्काइ मात्रले यस संसारका सृष्टि स्थिति प्रलय हुन्छन् । जसको चरण–कमलको सेवा गर्नाले प्राणीहरू धर्म अर्थ काम मोक्ष पाउँछन् । अनादि, तीन नेत्र भएका, पार्वतीका पति, देवताहरूले ढोगिएका ती परमेश्वर लक्ष्मीश्वर महादेवलाई नमस्कार गर्छु ।।१।।

पटना शहरदेखि अलि पर रहेको एक जिल्लामा गुर्मिञ्चा नाउँ गरेको गाउँ छ । त्यस गाउँका मालिक काश्यप गोत्रमा जन्मेका , गुणी गणेशदत्त बौंडीद्वा हुनुहुन्थ्यो ।।२।।

उहाँ गणेशदत्तकी छोरी ब्राह्मण र देवताको भक्ति गर्ने , गुणी , रात्री , चन्द्रमा जस्तै मुख भएकी , मान्नुपर्ने मानिसहरूको मान गर्ने , असल स्वभाव भएकी लक्ष्मीदेवी भाग्यले राजा रणबहादुरकी प्यारी हुनुभयो ≡ ।।३।।

* यो अभिलेख अभिलेख—संग्रह बाह्रौं भागमा प्रकाशित भएको छ ।

≡ भाषावंशावलीमा रणबहादुर शाहकी एकजना पटनाकी नानीसाहेबको उल्लेख परेको छ । सो यस प्रकारको छ –

श्रीमहाराज रणबहादुर साहका महारानी राजेश्वरीदेवी (राजराजेश्वरीदेवी) , कान्तवतीदेवी, चन्द्रावतीदेवी , श्रीविजया (विद्या) लक्ष्मीदेवी , अम्बरराज्येश्वरीदेवी , ललितत्रिपुरसुन्दरीदेवी ६ रानी र पटनावाला , भादगाउँल्या नानीसाहेब २ जम्मा ८ थिया ।

स्वामीज्यू ( ले) भन्या पाटन चौकोटमा फेरि विवाह गरचा । पटनाबाट ल्यायाकी रानी विवाह नगरी दर्वार लगी राख्या ।

( भाषावंशावलीबाट )

श्रीसंवन्नवषड्वसुक्षितिमिते मासे तपस्ये सिता-
ष्टम्यां सौम्यदिने बवे मृगशिरस्यायुष्मति श्रीमती ।।

---

पं. वाणीविलास पाँडेले यहाँ लक्ष्मीदेवीलाई भाग्यले नानीसाहेब हुन पुगेकी भन्ने कुरा लेखेका छन् ।

श्री ५ गीर्वाणयुद्धविक्रमकी मुमा कान्तिमतीको विषयमा वाणीविलासले यस्तो लेखेका छन्—

सौन्दर्यातिशयादमुष्य नृपतेः प्राणाधिकप्रेयसी ।
श्रीमत्कान्तिमती त्रिलोकविदिता जायाभवद्वीक्ष्य याम् ।।
एषा कापि सुराङ्गनासु किमियं किं नागकन्यासु वा
कामस्येति रतिः प्रिया किमथवा लोकोऽयमाशङ्कत ।।८।।

( वाग्वतीको भीमसेन थापाको वि. सं. १८६८ को स्तम्भाभिलेखबाट)

[उहाँ राजा ( रणबहादुर)की अतिसुन्दरी हुनाले प्राणभन्दा पनि प्यारी भएकी, सर्वत्र नाउँ चलेकी रानी कान्तिमती हुनुभयो। जसलाई देखेर कुनै अप्सरा हुन् कि वा कुनै नागकन्या हुन् कि अथवा कामदेवकी प्यारी रति नै हुन् कि भनीकन मानिसहरू अडकल गर्दथे ।।८।।]

( त्रिरत्नसौन्दर्यगाथाको २९९ पृष्ठबाट )

रानी सुवर्णप्रभाको विषयमा पं. वाणीविलासले यस्तो लेखेका छन्–

एतस्य प्रस्नुषेयं जयति नृपमणेः सत्स्नुषा श्रीप्रताप-
सिंहस्योदग्रतेजोनृपतिरणबहादूरशाहस्य भार्या ।।१।।
नेपालेऽत्र विभाति कान्तिनगरे नाम्ना सुवर्णप्रभा
रूपेणानुपमा मनोगतविदा प्राणप्रिया स्वामिनः ।।

( अभिलेख–संग्रह बाह्रौं भागमा प्रकाशित नन्दिकेश्वरबहालको रानी सुवर्णप्रभाको वि. सं. १८६५ को अभिलेखबाट )

[राजा पृथ्वीनारायण शाहकी नातिनी बुहारी, राजा प्रतापसिंह शाहकी बुहारी, राजा रणबहादुर शाहकी रानी, ज्यादै राम्री, सुवर्णप्रभा स्वामी महाराजको मनको आशय बुझ्न सक्ने हुनाले उहाँकी प्राणप्यारी हुनुभएको थियो । उहाँ महारानी अहिले कान्तिपुरमा विराजमान हुनुहुन्छ । ]

कान्तिमती, सुवर्णप्रभा, लक्ष्मीदेवी यी तीनवटैलाई सुन्दरी भनी वाणीविलासले लेखेका छन् । कान्तिमतीको उन्नतिको कारण अतिशय सौन्दर्य; सुवर्णप्रभाको उन्नतिको कारण स्वामीज्यूको मनअनुसार चल्न जान्नु; लक्ष्मीदेवीको उन्नतिको कारण भाग्य हो भन्ने कुरा वाणीविलासले लेखेका छन् ।

लक्ष्मीदेव्यमुमीश्वरं सुरवरं लक्ष्मीश्वराख्यं प्रति–
ष्ठाप्यैवार्चयदीश्वराधिकमुदे प्रीणय्य देवद्विजान् ॥४॥
संवद् व्योमनगाष्टभूपरिमिते श्रीकार्त्तिके पाण्डुरे
पक्षे विश्वतिथौ वणिक्करणकेऽजांघ्रौ गुरोर्वासरे ॥
व्याघाते पुनरेतदीश्वरगृहाग्र्यं सर्वतो वेश्मनो
निर्मित्यै खननादिकं कृतवती लक्ष्मीश्चतुर्दिक्ष्वपि ॥५॥
संवद् व्योमाद्रिनागावनिमितिकलिते मार्गकृष्णद्वितीया-
युक्ते सौम्यस्य वारे गरकरणयुते धातृभे शंभुयोगे ॥
श्रीमत्पश्चायनार्चार्चनभजनधिया स्थापितान्यावशिष्टा-
दित्यानां स्थापनाय व्यधित भुवि शिलान्यासनां सैव (ल)क्ष्मीः ॥६॥

वि. सं. १८६९ फाल्गुन शुक्ल अष्टमी बुधवार मृगशिरा नक्षत्र आयुष्मान् योग बव करण भएको दिन▭ उहाँ लक्ष्मीदेवीले देवता र ब्राह्मणहरूलाई खुशी पारेर परमेश्वरलाई अत्यन्त प्रसन्न पार्न लक्ष्मीश्वर महादेवको स्थापना गरी पूजा गर्नुभयो ॥४॥

वि· सं. १८७० कार्तिक शुक्ल एकादशी बृहस्पतिवार पूर्वभाद्र नक्षत्र व्याघात योग वणिक करण भएको दिन+ महादेवको मन्दिरको वरिपरि धर्मशाला बनाउनाको लागि लक्ष्मीदेवीले चारै दिशामा जग खन्न लाउनुभयो ॥५॥

वि. सं. १८७० मार्ग कृष्ण द्वितीया बुधवार रोहिणी नक्षत्र शिव योग गर करण भएको दिन* श्रीपश्चायनको पूजा र भजन गर्ने विचारले स्थापना गर्न बांकी रहेका अरू देवताहरूको स्थापनाको लागि लक्ष्मीदेवीले शिलान्यास गर्नुभयो ॥६॥

▭ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६९ फाल्गुन शुक्ल

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| फागुन २९ | बुध | अष्टमी | ८।५० | मृगशिरा | १८।३० | आयुष्मान् | ३७।३० |

(मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा रहेको पात्रोबाट)

+यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. स. १८७० कार्तिक शुक्ल

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| कार्तिक२१ | बृहस्पति | एकादशी | ४०।५९ | पूर्वभाद्र | ४३।५५ | व्याघात | ४०।५५ |

(पात्रोबाट)

*यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८७० मार्ग कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| कार्तिक २७ | बुध | द्वितीया | १२।२३ | रोहिणी | २५।१३ | शिव | ५१।५९ |

(पात्रोबाट)

यावद्भूमिरियं बिभाति भगवान् भास्वान् सदा बासरा-
न्निस्तन्द्रो रचयत्यसौ कुमुदिनीनाथोऽपि यावन्निशाः ॥
यावद्रामकथाऽस्ति तावदनिशं वाणीविलासस्तुता
लक्ष्मीनामनृपस्त्रियाऽत्र विहिता कीर्तिर्वरीवृत्यताम् ॥७॥
क्षेत्रस्य विनियोगोऽस्य नित्ये नैमित्तिकेऽर्चने ।
उत्पन्नधान्यानुसारि भाषयाऽलिख्य दर्श्यते ॥८॥

स्वस्ति श्रीसम्वत् १८६९ साल फाल्गुणशुक्लाष्टमी बुधवारका दिन श्रीसाहिला नानीसाहेब लक्ष्मीदेवीले वाग्वतीका तीरमा स्थापना गऱ्याका लक्ष्मीश्वरका नित्य नैमित्तिक पूजा र देवालय चौंघरा घाटका संभार मर्मत गर्नाकन लुभुका अंबल बिंखिडोल षेतमध्ये षेत २।६०* ठिमिका अंबल सरस्वतीषेलमध्ये पाषो षेत १।४०★जम्मा षेत ४।० संकल्प गरी गुठि चह्राऱ्या.

इन षेतका बाली घ्युषानीका आमदानीले सर्कारबाट बक्स्याका तावापत्रमा लेषियाबमोजिमका पर्व पर्व र नित्य नैमित्तिक पूजालाइ चाहिन्या सराजाम पूजा गर्न्या ब्राह्मण १ गुठि षेतको सबूत तल्लास गराइ बाली घ्युषानी गैह्र तहसील गरी चाहिन्या षर्चलाई समयमा बिक्री गरि षरीद गर्न्या पूजा गैह्रको सराजाम पुऱ्याउन्या गुठियार जना एक झारुबढार गर्न्या जना १ लक्ष्मीश्वरको टहलुवा जना १ नित्य बिल्वपत्र फूल दहुचाउन्या माली जना १ चौघराको सुसार गर्न्या जना २ नित्य नैमित्तिक पूजा आरतीमा बाजा बजाउन्या कुसल्या जना ७ नगरा बजाउन्या दमाइ १ जम्मा जना १५ ले तावापत्रमा लेषियाबमोजीम षानगी एसै आमदानीमा षाई लक्ष्मीश्वरको टहल आफु आफुलाई लाग्याको एकचित्त गरि रुजू भै गर्नु. गुठियारले वर्ष दिनको नित्य नैमित्तिक पूजा गैरह फाल्गुणशुक्लाष्टमीका दिन वर्षबन्धन शिवरात्रिका प्रहर चार्का पूजा ४ भोलीपल्ट फकीरफुकरा षुवाउनु. वैसाष ज्येष्ठ दुइ महीनामा जलधारा चह्राउनु. भरिचौमासा रुद्रि दिनप्रति आवर्त एक एक गर्नु. भरिकार्त्तिक महिना दीपदान वर्षप्रति देवालय चौघरामा चुन लगाउनालाइ चाहिन्या (स) राजाम गैह्र समयमा षरीद गरी तावापत्रमा लेख्यामाफीक कत्ती नघटाइ लाउनु. साल पुग्यापछी गुठीयारले षेतको बालीको

---

जबसम्म पृथिवी रहिरहन्छिन्, दिउँसो सूर्य उदाइरहन्छन् , राती चन्द्रमा उदाइरहन्छन्, जबसम्म रामचन्द्रको कथा चलिरहन्छ, तबसम्म नानीसाहेब लक्ष्मीदेवीले बनाउन लाएको वाणीविलासले स्तुति गरिएको कीर्ति रहिरहोस् ।।७।।

यी देवताको नित्य नैमित्तिक पूजाको लागि राखिएको जग्गाको कूतबाट आउने धानअनुसारको खर्च भाषामा लेखी देखाइन्छ ।।८।।

*बिखिण्डोल लुभुनजीकै छ र काठमाडौंबाट २½ कोस जति पूर्वदक्षिणमा पर्छ । १ खेत बराबर २५ रोपनी हुन्छ तथा ६० मुरी बराबर १५ रोपनी हुन्छ । यसरी २ खेत ६० मुरी बराबर ६५ रोपनी हुन्छ ।

★ठिमी काठमाडौंबाट २ कोस जति पूर्वमा पर्छ । १।४० खेत बराबर ३५ रोपनी हुन्छ ।

आमदानी खर्च बुझी बाकी रह्याको भला मानिस् साक्षी राखी बहिमा लेषी जगेरा राषनु. जगेरामध्ये देवालय चौघरा घाट प्रषाल भत्क्या चुह्यामा बनाउनु. दैवाधि पऱ्याका समयमा गुठि चलाउनु. लेख्याबमोजीममा घटाई लोभमा पस्या पंच महापातक लाग्ला. यथोक्त गरी काम गर्नामा पस्या पंच महायज्ञको पुण्य होला ॥

तपसील ॥

लुभुका षेत् २।६० कुत् चावल मुरी ६०।० तेमध्ये षर्च रुपैया–१२७।।।ऽ।।१[1] नित्य नैमित्तिक पूजाके दर≡।।१[2] ताके जम्मा दिन ३६०[3] के जम्मा रु ८०=।।[4] शिवरात्रीके ४ प्रहरका पूजा ४ के र भोली(प)ळ्ट फकीरफुकरा षुवाउनाके रु १६≡।।। २[5] वर्षबन्धनके[6] रु १० ।।=।।।३[7] बैसाष ज्येष्ठ मैह्लाभरि जल चह्लाउन्या ब्राह्मणके रु–।।[8] भरिचौमासा रुद्रि प्रतिआवृत्ति १के दर–[9] ताके रु ७।।[10] कार्तिक मैह्लाभर दीपदानके रु ३।–[11]गह्नाके रु ५ चुन लगाउनाके रु ३ प्रतिवर्षका होम पूजा गैह्रका पात तोरण पंचपल्लवके ।।–।[12] वर्षप्रतिका १२ मैह्लाका रुमाल १२ के रु ।।।०[13] लुभु षेतको ग मुरी १८ दर ८ ताके रु ४५ घीउषानि रु ३० चार्दामठेकि रु १ऽ।[14] नित्य नैमित्तिक पूजालाई लाग्याको तपसिल गहु मुरि १८ दर ८ताके रु ४५ घिउषानि रु ३० मध्ये रु २२ ।।। ऽ ।। १* चावल मुरि १८ दर ६ ताके रु ६० बाकी घीउषानि रु ७≡ । ३ [15] दारुवाके रु ८ = [16]चार्दामठेकि रु १ऽ ।[17] गहु ० चावल मुरि ४२ तेमध्ये खर्च पुजाहारि भट्टके मुरि ८ पुजासुसाऱ्याके मुरि ४ गुठियारके मुरि ५।१० मालिके मुरि ३।१० कुसुल्या जना ७के मुरि १७।१० नगार्चि जना १ के मुरि ३।१० बाँकि रु १६।–।।३[18]मोहिनाईक्याके दाज्यापाथि[19] जम्माबाहेक लिनु. दफे ठिमि सरस्वतिषेल षेत १।४० ताके धान कुत मुरि ३५।० तेमध्ये खर्च चौघरामा काम गर्न्या जना २ के मुरि १८ । चोक पिढि घाट बढार्न्या कुसल्या जना १ के मुरि ५।० बाकी धान मुरि १२। दर १४ ताके १७=।१ [20]मध्ये खर्च नगारा

१. १२७ रुपियाँ ३ सुका २ पैसा १दाम । २. ३आना २ पैसा १ दाम । ३. यहाँ वर्षमा ३६० दिन हुन्छन् भनी लेखिएको छ । चान्द्रवर्षमा ३५४ दिन र सौरवर्षमा ३६५ दिन हुन्छन् । (पूर्णिमा ३ अङ्कको ३ पृष्ठ हेर्नुहोस्।) ४. ८० रुपियाँ २ आना २ पैसा । ५. १६रुपियाँ ३ आना ३पैसा २दाम । ६. वर्षबन्धन = जन्मजयन्ती । ७. १० रुपियाँ २सुका २ आना ३ पैसा ३ दाम। ८. यहाँ जल चढाउने ब्राह्मणलाई १ आना २ पैसा दिने भनी लेखिएको छ । परन्तु सम्पूर्ण खर्च माथि १२७ रुपियाँ ३ सुका २ पैसा १ दाम देखाइएको छ । यहाँ १ आना २ पैसा मानेमा यो खर्च मिल्न आउँदैन । यसलाई २ सुका १ आना मानेमा उपर्युक्त खर्च मिल्न आउँछ । यहाँ शिलापत्र कुँद्ने मानिसले दुइ ठाडा धर्कापछि एक तेर्सो धर्को कुँद्नुपर्नेमा भूलले १ तेर्सो धर्कापछि २ ठाडा धर्का कुँदेको देखिन्छ । ९. १ आना । १०. ७ रुपियाँ २ सुका । ११. ३ रुपियाँ १ सुका १ आना । १२. २ सुका १ आना १ पैसा । १३. ३ सुका । १४. १ रुपियाँ १ पैसा । *२२ रुपियाँ ३ सुका २ पैसा १ दाम । १५. ७ रुपियाँ ३ आना १ पैसा ३ दाम । १६. ८ रुपियाँ २ आना । १७. १ रुपियाँ १ पैसा । १८. १६ रुपियाँ १ सुका १ आना २ पैसा ३ दाम । १९. दाज्यापाथी = मोहीनाइकेले मोहीसँग लिने कूत धान, चामल, गहुँको प्रतिमुरी एक पाथीका दरले लिने दस्तूर । ठेकिएको कूतबाहेक मोहीका उपरमा बढ्ता लागेको कर यो देखिन्छ । २०. १७ रुपियाँ २आना १ पैसा १दाम ।

मोह्र्नकि छाला मसाला रु १।[१] बाकी १५।।। =।१ [२] साउन्या फागुको रु १। [३] बाँकी रु १७= [४] दाज्यापाथि जम्माबाहेक १।१५ जम्मा जगेरा ३३ ।।[५]

स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम्।।
षष्टिवर्षसहस्राणि विष्ठायां जायते क्रिमिः।।१।।२[६] शुभम्

## यस शिलापत्रमा लेखिएबमोजिम १ वर्षको आम्दानी र खर्च

### आम्दानी

जिन्सी

| | मुरी |
|---|---|
| चामल | ६० |
| गहुँ | १८ |
| धान | ३५ |

नगदी

| | रुपियाँ | सुका | आना | पैसा |
|---|---|---|---|---|
| घिउखानी | ३० | | | |
| चारदामठेकी | १ | | | १ |
| साउने फागु | १ | १ | | |
| दाउराके | ८ | | २ | |
| जम्मा | ४० | १ | २ | १ |

### खर्च

जिन्सी

चामल

| | मुरी | पाथी |
|---|---|---|
| पूजाहारी भट्टके | ८ | |
| पूजासुसारेके | ४ | |
| गुठियारके | ५ | १० |
| मालीके | ३ | १० |
| बाजा बजाउने कुस्ले जना ७ के | १७ | १० |
| नगरा बजाउने नगार्चीके | ३ | १० |
| जम्मा | ४२ | |

धान

| | मुरी |
|---|---|
| चौघरासुसारे २जनाके | १८ |
| बढार्ने कुस्लेके | ५ |
| जम्मा | २३ |

नगदी

| | रुपियाँ | सुका | आना | पैसा | दाम |
|---|---|---|---|---|---|
| दिनको ३ आना २ पैसा १ दामका दरले ३६० दिनको नित्यपूजाके | ८० | | २ | २ | |
| शिवरात्रिको दिन४प्रहरका ४ पूजा र फकीरफुकरा खुवाउनाके | १६ | | ३ | ३ | २ |
| वर्षबन्धनके | १० | २ | २ | ३ | ३ |
| वैशाख जेठ २ महीना जल चढाउने ब्राह्मणके | | २ | १ | | |
| एक आवृत्ति रुद्री पाठ गरेको १आनाका दरले चौमासाभर रुद्रीपाठ गर्नेके | ७ | २ | | | |
| कार्तिक महीनाभर बत्ती बाल्नाके | ३ | १ | १ | | |
| देवतालाई चढाउने गहनाके | ५ | | | | |
| देवालय चौघरामा चूनलाउनाके | ३ | | | | |
| पञ्चपल्लव आदिके | | २ | १ | १ | |
| महीनाको १ वटा रुमालका दरले १२ वटा रुमालके | | ३ | | | |
| जम्मा | १२७ | ३ | | २ | |
| नगरा मोहर्नकि छाला मसलाके | १ | १ | | | |
| जम्मा | १२९ | | | २ | १ |

१. १ रुपियाँ १ सुका । २. १५ रुपियाँ ३ सुका २ आना १ पैसा १ दाम ।
३. १ रुपियाँ १ सुका। ४. १७ रुपियाँ २ आना । ५. ३३ रूपियाँ २ सुका ।
६. आफूले दिएको वा अरूले दिएको जग्गा जसले हरण गर्छ, त्यो मानिस साठी हजार वर्षसम्म नरकमा कीरा भई रहन्छ ।। शुभ

## बाँकी जिन्सी

| | मुरी |
|---|---|
| चामल | १८ |
| गहुँ | १८ |
| धान | १२ |

## बाँकी जिन्सीलाई नगदीमा परिणत गर्दा

| | रुपियाँ | सुका | आना | पैसा | दाम |
|---|---|---|---|---|---|
| १ रुपियाँको ६ पाथीका भाउले १८ मुरी चामलको | ६० | | | | |
| १ रुपियाँको ८ पाथीका भाउले १८ मुरी गहुँको | ४५ | | | | |
| १ रुपियाँको १४ पाथीका भाउले १२ मुरी धानको | १७ | | २ | १ | १ |
| जम्मा | १२२ | | २ | १ | १ |
| नगदी आम्दानी | ४० | १ | २ | १ | |
| जम्मा | १६२ | २ | | २ | १ |
| नगदी खर्च जम्मा | १२९ | | | २ | १ |
| नगदी जम्मा जगेडा | ३३ | २ | | | |

जगेडा रहेको यो रुपियाँले देवालय, चौघरा, घाट, पर्खाल, भत्किएमा चुहिएमा बनाउने तथा दैव लागेको वेलामा गूठी चलाउने ।

## यस शिलालेखबाट आउने अर्थविषयक सार

वि. सं. १८७० मा

परिभाषा

४ दाम = १ पैसा ४ आना = १ सुका

४ पैसा = १ आना ४ सुका = ६४ पैसा = १ रुपियाँ

## दरभाउ

### चामलको भाउ

| | |
|---|---|
| एक रुपियाँ ( ६४ पैसा )को ६ पाथी | |
| ३२ पैसाको | ३ पाथी |
| १६ पैसाको | १२ माना |
| ८ पैसाको | ६ माना |
| ४ पैसाको | ३ माना |
| २ पैसाको | १½ माना |
| १ पैसाको | ३ चौथाइ = ७½ मूठी |

### गहुँको भाउ

| | |
|---|---|
| एक रुपियाँ ( ६४ पैसा )को ८ पाथी | |
| ३२ पैसाको | ४ पाथी |
| १६ पैसाको | २ पाथी |
| ८ पैसाको | १ पाथी |
| ४ पैसाको | ४ माना |
| २ पैसाको | २ माना |
| १ पैसाको | १ माना |

### धानको भाउ

| | |
|---|---|
| १ रुपियाँ (६४ पैसा) को १४ पाथी | |
| ३२ पैसाको | ७ पाथी |
| १६ पैसाको | २८ माना |
| ८ पैसाको | १४ माना |
| ४ पैसाको | ७ माना |
| २ पैसाको | ३½ माना |
| १ पैसाको | १ माना ३ चौथाइ |

## जागीर र ज्याला

यहाँ पूजाहारी भट्टले+ ८ मुरी चामल पाउने लेखिएको छ। आजभोलि १ पाथी चामलको ६ रुपियां पर्छ । एक पाथीको ६ रुपियांअनुसार ८ मुरी चामलको मूल्य ९६० रुपियाँ हुन्छ। यसरी आजभोलिको चामलको भाउअनुसार पूजाहारी भट्टले वर्षको ९६० रुपियाँ पाउने देखिन्छ ।

यहाँ क आवृति रुद्री पाठ गर्नेले १ आना पाउने लेखिएको छ। उस वेला १ आनाको ३ माना चामल पाइन्थ्यो । यसरी १ आवृत्ति रुद्री पाठ गर्नेले ३ माना चामल पाउने देखिन्छ । आजभोलि ३ माना चामलको २ रुपियाँ २५ पैसा पर्छ । यसरी १ आवृत्ति रुद्री* पाठ गर्नेले दिनको २रुपियाँ २५ पैसा पाउने देखिन्छ ।

यहाँ गुठियारले⊡५ मुरी १० पाथी चामल पाउने लेखिएको छ । आजभोलिको भाउअनुसार ५ मुरी १० पाथी चामलको ६६० रुपियाँ पर्छ । यसरी गुठियारले वर्षको ६६० रुपियाँ पाउने देखिन्छ ।

+नित्य नैमित्तिक पूजा गर्ने काम पूजाहारी भट्टको हुन्छ ।

*चौमासाभर दिनको १ आवृत्ति रुद्री लाग्छ ।

⊡गूठी खेतको बाली उठाई वेळैमा बेच्नुपर्ने बेचेर चाहिने पूजासामा आदि किनी बन्दोबस्त मिलाउने अधिकार गुठियारको हुन्छ । वेला वेलामा गर्नुपर्ने कामको देखरेख गर्ने, आम्दानी खर्च लेख्ने, बाँकी रहेको जगेडा राख्ने, भत्केबिग्रेको बनाउने कामको अधिकार पनि गुठियारको हुन्छ यस कारण गुठियार हाकिम जस्ता देखिन्छन् ।

यहाँ चौघरासुसारे★२ जनाले १८ मुरी धान पाउने लेखिएको छ । आजभोलि १ पाथी धानको २ रुपियाँ ७५ पैसा पर्छ । एक पाथी धानको २ रुपियाँ ७५ पैसाअनुसार १८ मुरी धानको ९९० रुपियाँ पर्छ । ९९० रुपियाँ २ जनालाई बाँड्दा चौघरासुसारेले जनही वर्षको ४९५ रुपियाँ पाउने देखिन्छ ।

यहाँ पुजासुसारेले▨४ मुरी चामल पाउने लेखिएको छ । आजभोलिको भाउअनुसार ४ मुरी चामलको ४८० रुपियाँ पर्छ । यसरी पूजासुसारेले वर्षको ४८० रुपियाँ पाउने देखिन्छ ।

यहाँ मालीले†३ मुरी १० पाथी चामल पाउने लेखिएको छ । आजभोलिको भाउअनुसार ३ मुरी १० पाथी चामलको ४२० रुपियाँ पर्छ । यसरी मालीले वर्षको ४२० रुपियाँ पाउने देखिन्छ ।

यहाँ नगार्ची÷( दमाई ) ले ३ मुरी १० पाथी चामल पाउने लेखिएको छ । आजभोलिको भाउअनुसार ३ मुरी १० पाथी चामलको ४२० रुपियाँ पर्छ । यसरी नगार्चीले वर्षको ४२० रुपियाँ पाउने देखिन्छ ।

यहाँ ७ जना बाजा बजाउने कुस्लेले ‡१७ मुरी १० पाथी चामल पाउने लेखिएको छ । आजभोलिको भाउअनुसार १७ मुरी १० पाथी चामलको २१०० रुपियाँ हुन्छ । २१०० रुपियाँ ७ जनालाई भाग लगाउँदा बाजा बजाउने कुस्लेले जनही वर्षको ३०० रुपियाँ पाउने देखिन्छ ।

यहाँ बढार्ने कुस्लेले❀५ मुरी धान पाउने लेखिएको छ । आजभोलिको भाउअनुसार ५ मुरी धानको२७५ रुपियाँ पर्छ । यसरी बढार्ने कुस्लेले वर्षको २७५ रुपियाँ पाउने देखिन्छ ।

यहाँ जल चढाउने ब्राह्मणले २ सुका एक आना पाउने लेखिएको छ । उहिलेको २ सुका १ आना अहिलेको २० रुपियाँ २५ पैसा हुन्छ ✿। यस कारण आजभोलिको भाउले जल चढाउने

---

★मन्दिर, सत्तलको देखरेख गर्ने, पालो बस्ने काम चौघरासुसारेको हुन्छ ।

▨देवताको टहल गर्ने, पूजासामा मिलाइदिने काम पूजासुसारेको हुन्छ ।

†नित्य नैमित्तिक पूजाको लागि फूल बेलपत्रहरू ल्याउने काम मालीको हुन्छ ।

÷नित्य नैमित्तिक पूजा आरतीमा नगरा बजाउने काम नगार्चीको हुन्छ ।

‡नित्य नैमित्तिक पूजा आरतीमा बाजा बजाउने काम बाजा बजाउने कुस्लेको हुन्छ ।

❀चोक पिढी घाट बढार्ने काम बढार्ने कुस्लेको हुन्छ ।

✿उस वेला ( वि. सं. १८७० मा ) एक रुपियाँको ६ पाथी चामल, ८ पाथी गहुँ, १४ पाथी धान पाइन्थ्यो ।

आजभोलि ( वि. सं २०२२ मा ) ६ पाथी चामलको ३६ रुपियाँ, ८ पाथी गहुँको ३५ रुपियाँ ८४ पैसा, १४ पाथी धानको ३८ रुपियाँ ५० पैसा पर्छ ।

यसरी वि. सं १८७० को भाउभन्दा वि. सं २०२२ को भाउ चामलमा ३६ गुना, गहुँमा ३५·८४ गुना, धानमा ३८·५ गुना भएको देखिन्छ ।

मोटामोटी हिसाबले उस वेलाको १ रुपियाँ, अहिलेको ३६ रुपियाँ भएको देखिन्छ ।

ब्राह्मणले १ महीनाको १० रुपियाँ १२ पैसा पाउने देखिन्छ×।

## पूजाको खर्च

यहां पूजाको निमित्त दैनिक खर्च ३ आना २ पैसा १ दाम लेखिएको छ। उस वेलाको ३ आना २ पैसा १ दाम आजभोलिको ८ रुपियाँ २ पैसा हुन्छ।

यहाँ शिवरात्रिका दिन ४ प्रहरका ४ पूजाको निमित्त र फकीरफुकरा खुवाउनाको लागि १६ रुपियाँ ३ आना ३ पैसा २ दाम खर्च लेखिएको छ। उस वेलाको १६ रुपियाँ ३ आना ३ पैसा २ दाम आजभोलिको ५८४ रुपियाँ ७२ पैसा हुन्छ।

यहाँ वर्षबन्धनको निमित्त १० रुपियाँ २ सुका २ आना ३ पैसा ३ दाम खर्च लेखिएको छ। उस वेलाको १० रुपियाँ २ सुका २ आना ३ पैसा ३ दाम आजभोलिको ३८४ रुपियाँ ६१ पैसा हुन्छ।

यहाँ गहनाको निमित्त ५ रुपियाँ खर्च लेखिएको छ। उस वेलाको ५ रुपियाँ आजभोलिको १८० रुपियाँ हुन्छ।

यहाँ कार्तिक महीनाभर बत्ती बाल्नाका निमित्त ३ रुपियाँ १ सुका १ आना खर्च लेखिएको छ। उस वेलाको ३ रुपियाँ १ सुका १ आना आजभोलिको ११९ रुपियाँ २५ पैसा हुन्छ।

यहाँ बाह्र महीनाको निमित्त बाह्रवटा रुमालको ३ सुका खर्च लेखिएको छ। उस वेलाको ३ सुका आजभोलिको २७ रुपियाँ हुन्छ। यसरी एउटा रुमालको आजभोलिको २ रुपियाँ २५ पैसा पर्ने देखिन्छ।

यहाँ पञ्चपल्लवहरुको निमित्त २ सुका १ आना १ पैसा खर्च लेखिएको छ। उस वेलाको २ सुका १ आना १ पैसा आजभोलिको २० रुपियाँ ८१ पैसा हुन्छ।

## मरम्मतको खर्च

यहाँ चून लाउनाको निमित्त ३ रुपियाँ खर्च लेखिएको छ। उस वेलाको ३ रुपियाँ आजभोलिको १०८ रुपियाँ हुन्छ।

यहाँ नगरा मोहर्नाके छाला मसला १ रुपियाँ १ सुका खर्च लेखिएको छ। उस वेलाको १ रुपियाँ १ सुका आजभोलिको ४५ रुपियाँ हुन्छ।

## जगेड

यहाँ जम्मा जगेडा ३३ रुपियाँ २ सुका लेखिएको छ। उस वेलाको ३३ रुपियाँ २ सुका आजभोलिको १२०६ रुपियाँ हुन्छ।

---

× वैशाख जेठ २ महीनामा जल चढाइन्छ।

## कूत

लुभु बिसिण्डोलको ६५ रोपनीबाट आउने कूत

गूठीले लिने

| मुरी | | | आजभोलिको भाउले रुपियाँ |
|---|---|---|---|
| चामल | ६० | | ७२०० । |
| गहुँ | १८ | | १६२० । ☐ |
| | रुपियाँ | आना पैसा | |
| घिउखानी | ३० | | १०८० । |
| दाउराको | ८ | २ | २९२ । ५० |
| चार दाम ठेकी | १ | १ | ३६ । ५६ |

गूठीले लिने जम्मा १०,२२९ । ०६

मोहीनाइकेले मोहीसँग उठाउने दाज्यापाथी

| | पाथी | आजभोलिको भाउले रुपियाँ |
|---|---|---|
| चामल | ६० | ३६० । |
| गहुँ | १८ | ८१ । |

मोहीनाइकेले खाने जम्मा ४४१ ।

मोहीले तिर्नुपर्ने जम्मा १०,६७० ।०६

लुभु बिसिण्डोल खेतको १रोपनीमा

| | |
|---|---|
| मोहीले तिर्नुपर्ने | १६४ ।१६ |
| गूठीले पाउने | १५७ ।३७ |
| मोहीनाइकेले पाउने | ६ ।७९ |

ठिमी सरस्वतीक्षेत्र पाखो खेत ३५ रोपनीबाट आउने कूत

गूठीले लिने

| मुरी | | | आजभोलिको भाउले रुपियाँ |
|---|---|---|---|
| धान ३५ | | | १८०० । |
| | रुपियाँ | सुका | |
| साउने फागु | १ | १ | ४५ । |

गूठीले लिने जम्मा १८४५ ।

☐ जागीर र ज्यालाको टिप्पणी हेर्नुहोस् ।

मोहीनाइकेले मोहीसंग उठाउने दाज्यापाथी

पाथी आजभोलिको भाउले रुपियाँ

धान ३५ ९०।

मोहीनाइकेले खाने जम्मा ९०।

मोहीले तिर्नुपर्ने जम्मा १९३५।

ठिमी सरस्वतीखेलको खेत १ रोपनीमा मोहीले तिर्नुपर्ने ५५।२९

गूठीले पाउने ५२।७२

मोहीनाइकेले पाउने २।५७

—०—

# नेपाल-अंग्रेजयुद्धको दोस्रो चरण

## उजिरसिंह थापाले भीमसेन थापा र रणध्वज थापालाई पालपाबाट वि. सं. १८७२ फागुन १० गते लेखेको पत्र र त्यस पत्रको ऐतीहासिक व्याख्या

—महेशराज पन्त

वि. सं. १८७१ कार्तिक १० गते शुरू भएको[१] नेपाल-अंग्रेजयुद्ध वि. सं. १८७२ जेठ ४ गते थामिएपछि[२] दुवै पक्षबाट सन्धि गर्ने कुरा चल्यो।

नेपालबाट सन्धि गर्न गएका गुरुज्यू गजराज मिश्र र टकसारी चन्द्रशेखर उपाध्यायले वि. सं. १८७२ जेठ १७ गते अंग्रेज प्रतिनिधि पेरिश ब्राडशालाई सुगौलीमा भेटे।

महाकालीदेखि पश्चिमका नेपाली राज्य, नेपालको सम्पूर्ण तराई तथा नेपालले सिक्किमसंग जितेको राज्य कम्पनीसरकारलाई नेपालसरकारले सुम्पिनुपर्ने शर्त अंग्रेज प्रतिनिधिले राखे।

यतिका राज्य अंग्रेजलाई सुम्पी सन्धि गर्ने अख्तियार हामीलाई छैन भनी नेपाली प्रतिनिधिले अंग्रेज प्रतिनिधिलाई जवाफ दिए।

यसपछि कम्पनीसरकारले तराईको सट्टामा वर्षको २ लाख रुपियाँ नेपालसरकारलाई दिने शर्त राख्यो। यस शर्तमा पनि सन्धि गर्ने अख्तियार हामीलाई छैन भनी नेपाली प्रतिनिधिले जवाफ दिए।

यसपछि पनि दुवैतर्फबाट बराबर सन्धि गर्ने कुरा चल्यो। तर कुरा टुङ्गो लागेन। अब दुवै पक्षले लडाइँ गर्ने विचार गरी त्यसको तयारी गर्न थाले[३]।

१. "पूर्णिमा" १ अङ्कको ४८ पृष्ठ हेर्नुहोस्।

२. "अमरसिंह थापा" को १०७ पृष्ठ हेर्नुहोस्।

३. "अमरसिंह थापा" का १६२–१७१ पृष्ठ हेर्नुहोस्।

वि. सं. १८७२ फागुन १ गते जर्नेल अक्टरलोनी काठमाडौंबाट १५।। कोस जति परेको[1] भिछा-खोरी (आजभोलिको अमलेखगञ्ज)मा आइपुगे[2]। अंग्रेजले नेपालीसँग लड्न २५ हजार फौज ल्याएका थिए।[3]

यसपछि अलिअलि गर्दै अक्टरलोनी अगाडि सर्न लागे। यस वेला नेपाली भारादारले अंग्रेजी फौजको बाटो छेक्न र सो फौजमा हमला गरी त्यसको नाश गर्ने उपायमा बडो उत्साहपूर्वक विचारविनिमय र काम गर्न थाले।

वीरपुस्तकालयको सङ्ग्रहमा रहेका अप्रकाशित पत्रबाट नेपाली भारादारको त्यस वेलाको मनको अवस्था तथा नेपाली र अंग्रेजी सेनाको गतिविधि पनि बुझ्न केहीं मदत हुने हुनाले ती पत्र पूर्णिमामा प्रकाश गरिने विचार गरिएको छ। अहिलेलाई एउटा पत्र मात्र प्रकाश गरिएको छ।

मूल पत्र

स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरिष्ट राजभारोउद्धारणसामर्थ श्रीश्रीश्रीश्रीश्रीश्री-बाबाज्यू जर्णेल भिमसेन थापाका चरणतल तथा श्रीश्रीश्रीकाजी बाबा रणध्वज थापाकेषू[4] ईत श्रीउजिरसिंह थापाकस्य[5] कोटिसाष्टांगदंडवत्सेबापूर्वकपत्रमिदं.

---

१. यहाँ हालिएका कोस नक्सामा नापिएका हुन्। यस कारण यहाँ दिइएका कोसभन्दा बाटो हिंड्नुपर्ने कोस बढी हुन्छन्।

२. "अमरसिंह थापा" को १७२ पृष्ठ हेर्नुहोस्।

३. "इतिहास-प्रकाश" १ अङ्कको ४३ पृष्ठ हेर्नुहोस्।

४. "पूर्णिमा" २ अङ्कको ७० पृष्ठमा रणध्वज थापाको परिचय हेर्नुहोस्।

५. भीमसेन थापाका माहिला भाइ नयनसिंह थापाका जेठा छोरा उजिरसिंह थापा हुन्। ("इतिहास-प्रकाश" १ अङ्कको १२० पृष्ठ हेर्नुहोस्।)

भीमसेन थापाका बाबु जर्नेल अमरसिंह थापा पालपाका शासक भएका थिए। वि. सं. १८७१ कार्तिक ७ गते महाष्टमीको दिन ५५ वर्षको उमेरमा जर्नेल अमरसिंह थापाको मृत्यु भयो। ("त्रिरत्न-सौन्दर्य-गाथा" को ६५ पृष्ठ हेर्नुहोस्।)

बाजेको मृत्यु भएको २० दिनपछि कार्तिक २७ गते ⊡ १९ वर्षका+ उजिरसिंह थापा काठमाडौं-बाट पालपा जान हिंडे।

बाजे अमरसिंहले शासन चलाएको पालपामा शासन चलाउन नाति उजिरसिंह गएका थिए भन्ने कुरा वीरपुस्तकालयको सङ्ग्रहमा रहेको वि. सं १८७१ मङ्सीर ८ गते लेखिएको अप्रकाशित तलको पत्रबाट बुझिन्छ–

---

⊡ वि. सं. १८७१ कार्तिककृष्ण

| गते | वार | तिथि |
|---|---|---|
| कार्तिक २७ | बृहस्पति | चतुर्दशी |

घरबाट यात्रा उजिरसिंहस्य पाल्पा

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको पात्रोबाट)

+"त्रिरत्नसौन्दर्यगाथा" को ६५ पृष्ठ हेर्नुहोस्।

ज्याहाँ आसिर्बादले कुसल छौं. ताहाँ पाव कुसलमंगल सदा सर्बदा भया मेरा उद्धार प्रतीपाल होला. आगे यहाँको समाचार भलो छ.

फाळगुण बदि १ रोज ४ □ का मितीको कृपापत्र येहि बदि ४‡का रात्रीमा आईपुग्यो. अर्थ सिर चऱ्ह्याँ.

उप्रान्त बिछाषोरिमा[1] बस्याको बैरि अलिक् ओढ[2] सरि बस्यो भंन्या षबर हिजो[3] आयोथ्यो. फेरि केहि आयाको छैन. जो षबर आवला सो लेषि पठाउँला भनि आग्या आयाका अर्थ बिछाषोरिमा आयाकै दिन हेटौंडा[4] उत्रनु छ भंन्या फौज बिछाषोरिमा अडिएर थोरो ओढो सऱ्याका डवळमा[5] ताहाँदेषि ओढोको बाटो बिकट्[6] र हाम्रो फौज् चुऱ्याका[7]

---

"स्वस्ति श्रीसर्बोपमाजोग्येत्यादिसकलगुणगरिष्ट राजभारोद्धारणसामर्थेषु श्रीकप्तान् उजिसिं थापाका पावतलेषुः ईत श्रीसुबेदार भक्तबत्सल मल्लको सलामःपुर्वकपत्रमिदम्.

ईत निकः ताँहाँ सर्बदाँ पात्र कुसल मंङ्गल भया हाम्रो प्रतिपाल उद्धार होला. आगे ईहाँको समचार पावका सुजसले भलो छ.

उप्रांन्त श्रीजर्नेल साहेब मुक्त हुँतुभयेछ. बढा लाग्छ. दैवकि ईक्षाः ईश्वरःको हुकुम टारिसक्नु कसैले रहेनछ. यस्तो पर्ला भनि जानिसक्नु कसैले रहेनछ. जगत्का माँहाँतारि हुनुहुन्थ्यो. छोटा बडाको उद्धार हुन्थ्यो. आज टुहुरा भईउ.

आज तपाईका बाज्या बस्या ठेगानामा आवनुभईरहेछ. बाज्याका कृपाले छोठा बडा सभै जियाका थिञौ. सभैको रक्षा गर्नुहोला:……

ईः संवत् १८७१ साल्मीः कार्त्तिः श्रु ९ रो २…"

बाजे जर्नेल अमरसिंह थापापछि पालपाको शासक भई नाति उजिरसिंह थापा थापा गएका थिए भन्ने कुरा इतिहास–प्रकाश १ अङ्कको ४३ पृष्ठबाट पनि बुझिन्छ ।

यस नेपाल–अंग्रेजयुद्धमा पालपा दखल गर्न आएका अंग्रेज सेनापति जर्नेल उडलाई उजिरसिंह थापाले हराई धपाइदिएका थिए । ( "इतिहास–प्रकाश" १ अङ्कको ४३ पृष्ठ हेर्नुहोस् । )

□ फाल्गुण बदि १ रोज ४ = वि. सं. १८७२ फागुन ५ गते बुधवार । ‡येहि बदि ४ = फागुन ८ गते शनैश्चरवार।

१. बिछाषोरिमा = भिछाखोरीमा = अमलेखगञ्जमा । २. ओढ = वर । ३. हिजो = फागुन ४ गते । ४. काठमाडौंबाट १२ कोस जति दक्षिणपश्चिममा हेटौंडा छ । ५. डवल्मा = छाँटमा । ६. बिकट् = अप्ठ्यारो । ७. नेपालका उत्तर भागमा हिमालय पर्वत छ । ………………हिमालयको दक्षिणपट्टि महाभारत प्रायः हिमालयकै हाराहारी मेची–देखि महाकाली ( शारदा ) सम्म फैलिएको छ। महाभारतको दक्षिणपट्टि चुरे भन्ने होचो पहाड कोसीदेखि महाकाली ( शारदा ) सम्म फैलिएको छ। ( खड्गमान मल्लको "नेपालका भूगोल" ९ संस्करणको १६–१७ पृष्ठबाट )

आडमा‡ जम्मा भयाको षबर सुन्दा आफु अडियाका जगामा झिकि ताक् पारि लड्डु भंन्या× र दाहिना बाउँका रस्ताको चर्चा गरि+ गौं बेगौं* बुझनामा लाग्याको होला.

त्यो मूहूँडा÷ सूथारि▭ कत्तल् गर्न्या काम भया अन्त मोष्य आउनै सकैन. आईगयो भन्या पनि उस्तो जोर गर्न सकैन. काटि हटाउँन्या काम् हुँन्यैछ तेस् मुहुँडामा बितवल्★ पर्न गयो भन्या दर्बारमा⧈ हाम्रो बळ֍ पातलो§ छ. अन्तका सम्भारले पुग्न्याछैन. बहुतै सुथारि काज गर्नु पर्न्याछ.

वाहाँ गयाका भारादार पनि पाकापाकै छंन्. गर्न्या चाँजो मजबुत गरयाको होला. तपाञीहरुबाट पनि बषत्‌अनुसार सिक्षार्तो[१] जाँदै रहदो हो. साम्ने तेस् आडमा आयो भन्या काटि हटाउन्या काम् गर्न्यैछंन्.

आफ्ना चित्तले चितौंन्[२] सुमेसोर[३] कबिलास् पूरतिरको[४] संदेह लाग्याको बिस्तार हिजोको[५] चिठिमा बिंति गरि पठायाको हो. मालुम भयो हो.

सर्बजीत् थापा कपतानबाट[६] आयाका चीठीमा पनी नवळ्पुर[७] दाउन्याबाट दारोगा

---

‡ बडे बडे मूढा र हाँगाबिंगा गाडी दोहरो पंक्तिको बीचमा ठूलठुला ढुङ्गा हाली मजबूत पर्खाल बनाई सो पर्खालभित्र फौजलाई बस्न बनाइएको ठाउँ आड भनिन्थ्यो ।

× आफु अडियाका जगामा झिकि ताक् पारि लड्डु भंन्या = आफू बसेको ठाउँमा आफ्नो अनुकल पारी लडौं भन्ने । + दाहिना बाउँका रस्ताको चर्चा गरि = यताउताका अचलती बाटा खोजी । *गौं बेगौं = पहुँच पुग्ने नपुग्ने । ÷त्यो मूहडा = शत्रु आएको त्यस ठाउँ । ▭ सुथारि = होशियारी गरी ? । ★ बितवल् = बित्यास । ⧈ दर्बारमा = राजधानी काठमाडौंमा । ֍बल् = फौज ।§ पातलो = थोरै ।१. सिक्षार्तो = शिक्षा अर्ती ।२. काठमाडौंबाट दक्षिणपश्चिममा चितौन छ । ३. चितौनको दक्षिणपट्टि सोमेश्वर पर्वतश्रेणी छ । ( नेत्रबहादुर थापाको " नेपालको भूगोल " ३ संस्करणको ५ पृष्ठ हेर्नुहोस् । )४. काठमाडौंबाट २३ कोस जति पश्चिममा कपिलास छ । कबिलासपुर र कपिलास एकै ठाउँ हुन् कि जस्तो लाग्छ । ५. हिजोका = फागुन ९ गतेको ।

६. भीमसेन थापाका महिला बाबु वंशराज थापाका नाति यी सर्वजित् थापा हुन् । ( " इतिहास–प्रकाश " १ अङ्कको १२० पृष्ठ हेर्नुहोस् )

समनपुरमा आएको अंग्रेजी फौजलाई यी सर्वजित् थापाले वि. सं. १८७१ पूस १९ गते हराई धपाइदिएका थिए । भाषावंशावलीमा यस घटनाको वर्णन यसरी गरिएको छ–

" श्रीनाथ कंपुका ५ पट्टी देवीदत्त फयेर लिई कप्तान सर्वजित् थापा र लेफ्टेन पृथ्वी हमाल अरू भारी फौज लिई समनपुरमा गई राति डाँक हान्दा दुइ ठाउँमा फिरङ्गी साफ गरी काटियो । पर्सा समनपुरमा वैरी आयो र कप्तान शमशेर राना कप्तान वीरकेसर पाँडेलाई कालीबक्स श्रीनाथ देवीदत्तका फयेर र अरू वीरभद्रजङ्गकम्पनी समेत दिई पठाया । ७१ साल पोषवदि ६ रोज ७ मा तरवार मिसी ठूलो लडाइँ भयो ।

सुबेदारहरुले लेष्याको र चितौंनको फौज्दार देवरिषि पाध्याले लेष्याका चिठीमा अनि रामनगरमा+ जम्मा भयाका फौजमध्ये केहि फौज् माहांयोगीनिका नजीक्मा आयो. हान्न आउंछ भन्या षबर छ भनि लेष्याको रहेछ.

७१ साल पौष वदि ६ रोज ७ का पर्सा समनपुरका लडाइँमा वैरी काटियाका षेत रह्याका–पर्सामा गोरा १२ तिळंगा र बनियाँबगाल गरो ११६१ जम्मा ११७३, घाइत्या भई जान्या थाहा भएन। समनपुरमा खेत रह्याका गोरा ६ तिळंगा ३५१ जम्मा ३५७, दुवै ठाउँको जम्मा १५३० भया।

हाम्रा पर्सा समनपुरमा गरी कंपु वीरभद्रजङ्गकम्पनी ढाक्रचासमेत गरी खेत रह्याका ७० घाइता २५९ भया.

यस लडाइँमा वैरीका खजाना पायाको मेजर गुणवन्तले हिसाब लेख्याबमोजिम तोप ३, बन्दूकमा अंग्रेजी १६९, फेसाली ८४, दुइनाल्या ५, पिस्तौल ८, कराबीन* १, टोटाबाल लस्करी ३०, कुर्था अम्बुरेठ लायाको समेत ३५०, संगीन २२६, तोसदान ★ २९, टोप १०५, किरिच ÷ ३३, भाला ९, चप्रास ३२, दूरबीन २, घडी ३, पानीघडी १, पत्थर २२२७, गोली ७०४, गठ्ठा १८९२, फुलवत २, बाँसुरी ४, कलाँट १, तमोर ४, हात्ती ४, ऊँट २, तोपका छर्राका डब्बा १, गोला ९, दिक्साधन २, बुट १, बेलायती चाप २, बोतास ८६, तुरही १, तसबीर गज २, पालकलाटचांदनी ३, बनाथका चुस्ता सुरुवाल ५४, मार्तोल १३, किताब १९ लिई नेपाल श्री ५ सरकारमा चढाई पठाया. जित गोरखाको भयो"

"७१ साल पोष वदि ६ रोज ७ मा अंग्रेजी सैन्यलाई नेपाली सैन्यले हरायो" भनी यहाँ लेखिएको छ।

"पौष कृष्ण ५ शनिवार रात्रिशेषघडी ६ बाराका मुखमा कटी हटायाको" तथा "पौष कृष्ण ५ शनिवार रा. घ. १८ यात्रा युद्धार्थम्. फत्य पर्सा उषःकाले" यी दुइ वाक्य लक्ष्मीपति पाँडेका वि. सं. १८७१ का पात्रामा टिपिएका छन्।

यतावाट पूस १९ गते शनिबारको दिन राती ४॥ बजे बारामा शत्रुलाई हराएको देखिन्छ। पर्सामा चाहिं त्यही दिन राति १२॥ वजे लड्न गई बिहानीपख शत्रुलाई हराएको बुझिन्छ।

पौष कृष्ण पञ्चमी २७ घडी भएकोले वंशावलीमा पौष कृष्ण षष्ठी लेखिएको देखिन्छ।

७. चितौनको पश्चिमपट्टि नवलपुर छ।

+काठमाडौंबाट २८ कोस जति दक्षिणपश्चिममा रामनगर छ। रामनगर तनहुँको तराई हो। तनहुँतिर नेपालको प्रभाव फैलिन लागेपछि त्यहाँका राजाहरू अंग्रेजका आश्रित बनी रामनगरका राजा बने।

यस नेपाल–अंग्रेजयुद्धमा रामनगरका राजा तेजप्रताप सेनले अंग्रेजलाई मदत गरेका थिए। तेजप्रतापका भाइ अमरप्रताप त अंग्रेजी सैन्यको साथ लागी नेपाल हान्नै आएका थिए। (अम्बिकाप्रसाद उपाध्यायको "नेपालको इतिहास" २ संस्करणको २६५–२७० पृष्ठ हेर्नुहोस्।)

* कराबीन = ठूलो मुख भएको पुरानो बन्दूक वा कमरमा झुण्ड्याउने सानो बन्दूक। ( रामचन्द्र वर्माको "देवनागरी उर्दू हिन्दी कोश" को ६३ पृष्ठबाट ) ★ तोसदान = थैला। ÷ किरिच = तरवार।

चिगा[1] हेराउँदा पनि चुत्याको आड बिछाबोरिको बुँद गरि हेराउँदा हाम्रो जीत् उस्को नास् हुँन्या आयो.

सुमेसोर चितौन् बेळौत् कबिलासपुरमा आउँन्या नआउन्या कसो छ भनि हेराउँदा पनि आउँन्या जोरिन्या[2] आयो. जीत् हार कसो छ भनि हेराउँदा पनि बढिया आएन.

जैसिहरुले[3] पनि उस्तै बताउंछन्. चिवा हर्काराहरुले पनि उस्तै षबर ल्याउंछन्.

साम्ने आयाका बैरिलाई भन्या काटि हटाउन्यैछन्. दाहिना बाउँ छिरुवा[4] रस्ता भया उस्ताबाट चितवन् बेलवत्का मैदानमा निस्को भन्या सुमेसोर र अकबरका चुत्यालाई उट्ठा लाग्न्या[5] र कविलास्पुरमा किस्त लाग्न्याछ[6]. तेस्तरफको चाहिन्या नर्ताकिनि पठाउँनुहुँदैहो.

बाँकि किर्ति रानाका छोरालाई त्यो पाठ अह्रायाको बडिया गरिछस्. पुगन सकन्या मानिस पठाई, पत्र पनि लेषि जौंना तरहले[7] हुंछ किर्ति रानालाई झीकाउँन्या काम् गर्नु भनि आग्या आयाकाअर्थ बढीया आग्या आयेछ.

उस्का छोराले[8] घरमा आफ्ना दाज्यूले मधेसबाट ल्यायाको षबर सुसन मानिस् पठायाका छ. षबर ली उ मानिस् आयापछि चाहिन्या कुरा लेषि अन्हाई किर्ति रानाछेउ पठाउन्या काम् गरौंला.

बाँकि दामोधर पाँडेका छोरा करबिर पांडेहरु ३ भाई मकवानपुर[9] कर्णेलहरु[10] भयाका जगामा आयाछन्. न्याहाँ आउँछन् भनी आग्या आयाका अर्थ एस् दरबारका पाँडे हुन्. बला चीन्हि आयाछन्. हजूरबाट[11] बोलाहाट् भयेछ. बढिया भयेछ. उस्को[12] मनसुबा षबर पनि ल्यायाहुन्.

बाँकि येस्तरफको खबरका अर्थ गोरखपुर[13] पठायाका सर्बानन्द हटवाल् वाहाँ छाड्याका ६ दिनमा अस्ति[14] ब्यालुका आईपुग्या.

---

१. चिगा = चिना । २. जोरिन्या=भिडिने । ३. जैसिहरुले = ज्योतिषीहरूले । ४. छिरुवा = छिर्न सकिने । ५. उट्ठा लाग्या = बसिरहेको ठाउँ छोडी जानुपर्ने । ६. कबिलासपुरमा किस्त लाग्न्याछ = कबिलासपुरसम्म शत्रुको प्रभाव फैलनेछ । ७. जौंना तरहले = जुन किसिमले । ८. उस्का छोराले = किर्ति रानाको छोराले । ९. मकवानपूर = मकवानपुरमा । काठमाडौंबाट ११ कोस जति दक्षिणतिर मकवानपुरगढी छ । १०. कर्णेलहरु = कर्णेल रणवीरसिंह थापाहरू । ११. हजूरबाट = श्री ५ महाराजाधिराजबाट ।१२. उस्को = अंग्रेजको । १३. काठमाडौंबाट ६१ कोस जति पश्चिमदक्षिणमा गोरखपुर छ । १४. अस्ति = फागुन ८ गते ।

उन्ले ल्यायाको षबर -----

दक्षिणिसित [१] र नवाबसित [२] सलुक् [३] भयो भंन्या सोहोरा [४] चल्याको रहेछ, निश्चए सलुक् भयो भंन्या षतमी भयाको छैन. १०।८ हजार बेळ्दार[५] र काहार ÷ पठाईदेउँ भंन्या ताकिती अष्तरलोनिबाट आएछ. जति जति पायाका बेळ्दार काहार बटोळ्दै रामनगर बेतीया [६] जाउ भनि मानिस् साथ लाउँदै पठाउँदै गर्छ.

—२—का बंङ्लामा गयाका फौजमध्ये केहि वाहिं थामी ३ पळटन् गोरषपूर आयाथ्या. उसमध्ये १ पळटन् स्युराजतिर[७] गयो. १ पळटन् बेतियातिर गयो भंथ्या. हिंड्याको देष्याँथ्यां. १ पळटन् तिळंगा[८] र १ हजारको पेट पर्बत्या गोरषपूरमा छ. २ पळटन् तिळंगा र ११।१२ सए पर्बत्या अढाई सए असवार[९] अरु बनिञ्जाबगालसमेत[१०] ४।५ हजारको भीड

---

१. दक्षिणिसित = मरहट्टासित । २. नवाबसित = अवधका नवाबसित ।३. सलुक् = सन्धि । ४. सोहोरा = हल्ला । ५. बेळ्दार = खन्ने ज्यामी । ÷ काहार = भरिया । ६. काठमाडौंबाट ३३ कोस जति दक्षिणपश्चिममा बेतिया छ । ७. बुटवलभन्दा पश्चिमपट्टि स्युराज छ । ८. तिळंगा = तालीम पाएका सिपाही । ९. असवार = रिसल्ला ।

१०. बनिञ्जाबगालसमेत = व्यापारीहरूको समूहसमेत ।

सैनिकहरूलाई चाहिने मालसामान सजिलैसँग पाइने बन्दोबस्त गर्नाको लागि व्यापारीहरूलाई पनि लडाइँमा ळैजाने चलन प्राचीनकालमा पनि थियो ।

संस्कृतभाषाका प्रसिद्ध कवि माघले यस विषयमा यस्तो लेखेका छन्—

यावत् स एव समयः सममेव ताव—<br>
दव्याकुलाः पटमयान्यभितो वितत्य ।<br>
पर्यापतत्क्रयिकलोकमगण्यपण्य—<br>
पूर्णापणा विपणिनो विपणीर्विभेजुः ॥

(शिशुपालवध ५ सर्ग २४ श्लोक)

[फौज वास बसिसक्दा नसक्दै व्यापारीहरूले खटाखट नहडबडाईकन दुवैतिर पाल टाँगी बेच्नाको लागि राखिएका धेरै मालतालले भरिएका पसल भएका बजार तयार पारे । त्यस बजारमा किनमेल गर्न मानिसको घुइँचो लाग्यो । ]

मुगलकालमा लडाइँ गर्न जाने फौजको साथमा व्यापारीहरू पनि जान्थे भन्ने कुरा भारतका इतिहासमा लेखिएका छन् ' जस्तै –

"शाही सेना हिंडिरहेको भद्दा सहर जस्तो देखिन्थ्यो । राजदरबारका किम्मती मालसामान पनि सेनासँगै लगिन्थे । दरबारका केही स्वास्नीमान्छे सुसारे साथमा लिई हात्ती र ऊँटमा चढेर सेनासँगै जान्थे । हिंडिरहेको राजसभा सेनासँगै हुन्थ्यो । उस्तादहरू, अड्डाखाना, कारखाना र बजार पनि सेनासँगै जान्थे । हात्ती र ऊँट नगदी चीज बोक्थे । गाडामा फौजी मरसामान लगिन्थे । खच्चरहरूले शाही सरसामान र अरू चीजबीज बोक्थे ।"

(रमेशचन्द्र मजुमदार, हेमचन्द्र रायचौधुरी र कालिंकिकर दत्तको " भारत का बृहत् इतिहास" को ६९१ पृष्ठबाट ।)

पृ० १०.

लोटन्मा ÷ छ. १ पल्टन् ६।७ सए पर्बत्या २५० असवारसमेत गारन्★ नज्रबळ्मा छ.

---

"उर्दू" शब्दको मूल अर्थ "फौजी बजार" हो। फौजी बजारमा बोलिने धेरै भाषाका शब्द मिसिएर बनेको भाषाले "उर्दू" नाउँ पाएको हो। यताबाट पनि सेनाको साथमा व्यापारीहरू पनि हुन्थे भन्ने कुरा बुझिन्छ।

वि. सं १८४३ देखि १८४९ भित्र नेपालले गरेको विजययात्रालाई लिएर राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले वि. सं. १८४९ मा लेखेको जयरत्नाकरनाटकमा लडाइँ खेल्न गएको नेपाली सैन्यसँगै व्यापारीहरू पनि गएको वर्णन छ। जस्तै —

काश्मीरोर्णादुकूलावरणहतहिमैः कुण्डलामण्डितास्यैः
पण्याजीवैरनेकैः करगतवलयैः कण्ठसंवीतहारैः।
गुंजामाषाक्षकर्षाढककुडवतुलामानपात्रप्रवीणैः —
र्युक्ता सा वैजयन्ती जयति रणबहादूरभट्टारकस्य ॥१५॥

(जयरत्नाकरनाटक ९२ पृष्ठबाट)

[ कश्मीराको लुगा लाउनाले जाडो हटाएका, कुण्डलले मुख सुहाएका, गलामा मोतीको माला लाएका, हातमा बाजु लाएका, लाल, माषा, कर्ष, आढक, कुडव, तुला आदि जोख्ने भर्ने काममा सिपालु भएका अनेकन् व्यापारीहरूले युक्त भएको महाराजाधिराज रणबहादुर शाहको यो निशान सुहाइरहेको छ॥१५॥ ]

(जयरत्नाकरनाटक १९४–१९५ पृष्ठबाट)

अंग्रेजी सैन्यसँग व्यापारीहरू आएका थिए भन्ने कुरा भाषावंशावलीको माथि उद्धरण गरिएको अंशबाट बुझिन्छ।

अंग्रेजी सैन्यको साथमा व्यापारीहरू पनि थिए भन्ने कुरा उजिरसिंहको यस पत्रबाट बुझिन्छ।

÷ काठमाडौंबाट ३५ कोस जाते पश्चिमदक्षिणमा भैसालोटन छ।

★बम शाहलाई लोभ्याई आफ्नो पक्षमा मिलाउन तथा कुमाउका प्रजामा नेपालसरकार-प्रति घृणा फैलाउन एडवर्ड गार्डनर खटिएका थिए। अंग्रेजले कुमाउ जितेपछि थिनी कुमाउका पहिला शासक भएका थिए। सुगौलीसन्धिपछि यिनी अंग्रेजका दूत भई काठमाडौं आएका थिए।

कर्नेल गार्डनर कुमाउमा अंग्रेजका सेनापति भई लड्न आएका थिए। यिनैका निगरानीमा बम शाहले कुमाउ छोडेका हुन्।

यस पत्रमा उल्लेख गरिएका "गरन्" एडवर्ड गार्डनर हुन् कि कर्णेल गार्डनर हुन् यसै भन्न सकिएन।

जर्णैल उद × बनारस्‌बाट + आउँछ भंन्या सोहोरा थियो. आयाको थियेन.

मकवानपूर र सुमेसोर चितौनबाट चढनु. बुटवळ्गैरह अन्त देषाहा नपर्नु ‡ भंन्या चाँजो छ भंन्थ्या भंन्या षबर ल्यायाछंन्‌ .

षाँचीको* मधेस्‌ षजनीका तराइमा बस्न्या फौज्दार जग्यनारान्ले मनिराजलाई लेष्याका चीठिमा बंगलातिरको षबर र मनिराजले मलाई लेष्याका चिठिमा गोरषपुर बाँसि ★ लोटन्‌को षबर लेष्याको रहेछ. सो बिजीनिस् ❁ चह्राई पठायाको छ. दाषील्‌ भै जो लेष्याको षबर मालुम होला.

ञाहाँ प्रांत जो षबर होला. बिति गरि पठाउँला. सिक्षात्ति कृपा हुँदै रह्या बढीया होला. किमधिकं विज्ञचरणेषु.

इति सम्बत्‌ १८७२ साल फाळ्गुण बदि ७ रोज २ ÷ मोकाम नवाकोट्‌गढि △ शुभंम्‌
श्रीगणपती उपाध्यायस्य वेदोक्तसुभासिर्वादि सतम्‌

---

× मकवानपुरतिर हान्न आएका मे. ज. मार्ली नेपालीसँग हारी भागेकाले उनको ठाउँमा मे. ज. जर्ज उड खटिएका थिए। यिनी पनि नेपालीसँग हारी फर्केका थिए।

मे. ज. आइ. यस. उड पालपातिर दखल गर्न आएका थिए। तिनलाई उजिरसिंह थापाले हराई धपाईदिएका थिए।

यस पत्रमा उल्लेख गरिएका " जर्णैल उद " कुनचाहिं हुन्, यसै भन्न सकिएन ।

+ काठमाडौंबाट ९३ कोस जति दक्षिणपश्चिममा बनारस छ ।

‡ बुटवलमा दुइ दुइपल्ट मार खानुपरेकोले अंग्रेज सेनापतिले त्यतातिर नआउने विचार गरेका होलान्‌ ।

* बुटवलभन्दा उत्तरपश्चिमपट्टि खाँची छ । वि. सं. १८४३ भाद्र २८ गते नेपालराज्यमा खाँची मिलेको हो । ("पूर्णिमा" २ अङ्कका ६१–६८ पृष्ठ हेर्नुहोस्‌ ।)

★ काठमाडौंबाट ६५ कोस जति पश्चिमदक्षिणमा बाँसी छ । ❁ बिजीनिस्‌ = चिठी ।

÷ फाळ्गुण बदि ७ रोज २ = फागुन १० गते सोमवार ।

△ यो नवाकोटगढी पालपाको हो । भाषावंशावलीमा यस विषयमा यस्तो लेखिएको छ—

" कर्णैल उजिरसिंह थापा भारादार लस्कर लिई पालपाको नुवाकोटगढीमा बस्याका थिया"। काठमाडौंबाट फागुन ५ गते पठाएको चिठी पालपाको नुवाकोटगढीमा फागुन ८ गते राती पुगेको यहाँबाट देखिन्छ । काठमाडौंबाट नुवाकोटगढी ५१ कोस पश्चिम छ । हिंड्ने बाटो त ६० कोस जतिको छ । यस कारण ३ दिनमा ६० कोस जति टाढा ठाउँमा चिठी पुर्‍याउने प्रबन्ध भएकोले यस ताका हुलाकको राम्रो प्रबन्ध भएको देखिन्छ ।

भीमसेन थापाका भतिजा उजिरसिंह् थापाले भीमसेन थापा र रणध्वज थापालाई पालपाको नुवाकोटगढीबाट वि. सं. १८७२ फागुन १० गते यो पत्र लेखेका हुन् ।

नेपालको सरहदमा अंग्रेजी सैन्य बढ्दै आएको सुनेर अब नेपालीले अंग्रेजी सैन्यमा आक्रमण नगरी हुँदैन भन्ने भाव उजिरसिंहले यस पत्रमा प्रकट गरेका छन् ।

भीमसेन थापाले फागुन ५ गते उजिरसिंहलाई पत्र लेखेका थिए । "भिछाखोरीमा आएको अंग्रेजी सैन्य अलि वर सऱ्यो भनी फागुन ४ गते खबर आयो" भनी त्यस पत्रमा लेखिएको थियो ।

यस विषयमा उजिरसिंह यसरी आफ्नो विचार पोख्छन्—

"अंग्रेजी फौजको भिछाखोरीमा आएकै दिन हेटौंडा उत्रने सुर थियो । तर त्यो फौज भिछाखोरीमै अड्यो । पछि अलिकति वर सऱ्यो । भिछाखोरी यताको बाटो अप्ठ्यारो भएको हुँदा र चुरेमा हाम्रो फौज जम्मा भएको खबर सुन्दा आफू बसेका ठाउँमा आफ्नो अनुकूल पारी लड्ने विचारमा र यताउताका अचलती बाटा बुझी त्यता आफ्नो पहुँच पुग्ने नपुग्ने बुझ्न अंग्रेजी फौज लागेको होला ।

पहिलेबाट लडाइँ हुने ठाउँमै अंग्रेजी सैन्यलाई काट्न सकेको खण्डमा अन्त अन्त अंग्रेजी सैन्य आउनै सक्दैन । आइहाले तापनि उसको जोर पुग्दैन । पहिलेबाट लडाइँ हुने ठाउँमै हामीले अंग्रेजी सैन्यलाई काट्न सकेनौं भने अंग्रेजी सैन्य राजधानीमै आइपुग्ने डर हुन्छ । त्यस बेला अन्त अन्त ठाउँको रक्षा गरेर मात्र केही हुँदैन । किनभने राजधानीमा थोरै मात्र फौज छ ।

त्यतातिर खटिएका भारादार अनुभवी छन् । उनीहरूले गर्नुपर्ने बन्दोबस्त गरेकै होलान् । तपाईहरूले पनि उनीहरूलाई सिकाउने सधाउने काम गर्नुभएकै होला । उनीहरूले आफ्नो अगाडि अंग्रेजी सैन्य आयो भने त्यस सैन्यलाई काटी हटाउने नै छन् ।

मलाई त चितौन, सोमेश्वर, कबिलासपुरतिर पनि अंग्रेजी फौज आउला जस्तो लाग्छ । यो कुरा फागुन ९ गतेको चिठीमा मैले लेखेको थिएँ ।"

उजिरसिंहले त्यतातिर अंग्रेजी सैन्य आउने विषयमा उनको मनमा लागेका शङ्का त्यस पत्रमा लेखेका होलान् । तर त्यो पत्र हामीले देख्न नपाएकाले यस विषयमा बढता बोल्न हामी सक्दैनौं ।

नेपालमा हमला गर्नाको लागि अंग्रेजले रामनगरमा जम्मा गरेका फौज महायोगिनीको नजीकै आयो । यो फौज नेपालमा हमला गर्न आउँछ भन्ने कुरा नवलपुरबाट र चितौनबाट मलाई लेखेको चिठीमा लेखिएको छ भनी उजिरसिंहले यस पत्रमा लेखेका छन् ।

श्री ५ पृथ्वीनारायण शाह तथा उनका उत्तराधिकारीको पालामा लडाइँ खेल्न जाँदा साइत देखाएर मात्र जाने चलन थियो[१] ।

---

१. "पूर्णिमा" २ अङ्कका ६१–६३ पृष्ठ हेर्नुहोस् ।

यस नेपाल–अंग्रेजयुद्धमा लडाइँ खेलिरहेका नेपाली सेनापति र र अंग्रेज सेनापतिमध्ये कुन ठाउँमा कसले जित्छ, कसले हार्छ भन्ने विषयमा त्यस बेलाका प्रसिद्ध ज्योतिषी लक्ष्मीपति पाँडेले विचार गरी लेखेका कागतपत्र पाइन्छन् ±।

ज्योतिषीहरूसँग जितहारको विषयमा उजिरसिंहले सोधेको कुरा यस पत्रमा लेखिएको छ।

अंग्रेजी सैन्य सामुन्ने आएको खण्डमा त त्यसलाई नेपाली सैन्यले काटी हटाउनेनैछ। तर यताउता चोरबाटाबाट चितौन र बेळौतका मैदानमा केही गरी अंग्रेजी सैन्य पस्यो भने सोमेश्वर र चुरे हामीले छोड्नुपर्नेछ तथा कबिलासपुरसम्म अंग्रेजी सैन्यको प्रभाव फैलिनेछ। यस कारण त्यतातिर राम्रो प्रबन्ध होओस् भन्ने अनुरोध उजिरसिंहले यस पत्रमा गरेका छन्।

वि. सं. १८६० फागुनमा* स्वामी महाराज रणबहादुर शाह काशीबाट फर्केपछि दामोदर पाँडे र उनका छोरा काटिए ÷। दामोदर पाँडेका अरू ३ छोरा करवीर पाँडे, रणजङ्ग पाँडे, रणदल पाँडे मुगलान पसे ‡।

१०।१२ वर्ष जति भारतमा बसेका करवीर पाँडेहरूले अंग्रेजको गतिविधि केही बुझेका थिए। उनीहरूले मकवानपुरमा बसेका नेपाली सेनापति रणवीरसिंह थापालाई अंग्रेजको सूचना दिएकाले रणवीरसिंह थापाको सिंफारिशले भीमसेन थापाले करवीर पाँडेहरूलाई नेपाल आउन दिएका थिए भन्ने कुरा यस पत्रबाट बुझिन्छ।

करवीर पाँडेहरूलाई नेपाल आउन दिएको कुरा "जनरल भीमसेन थापा र तत्कालीन नेपाल" को ३६ पृष्ठमा छापिएको वि. सं. १८७२ माघ २ गतेको पत्रबाट पनि बुझिन्छ।

"इतिहास–प्रकाश" १ अङ्कको ४१–४६ पृष्ठमा छापिएको माथवरसिंह थापाहरूको जितापत्रबाट पनि यो कुरो बुझिन्छ।

माथवरसिंहले आफ्नो जितापत्रमा यो कुरा बढ्याई लेखाएका रहेछन् भन्ने कुरा उजिरसिंहको यस पत्रबाट स्पष्ट हुन्छ।

१०।८ हजार बाटो बनाउने ज्यामी र भरिया पठाइदिन अक्टरलोनीले आफ्नो सरकारमा ताकिती गरेपछि कम्पनीसरकार पाए जति ज्यामी र भरिया बटुल्दै रामनगर र बेतियातिर पठाउँदैछ। मकवानपुर, सोमेश्वर, चितौनमा हमला गर्ने, बुटवलतिर चाँहि देखैं नपर्ने अंग्रेजको बन्दोबस्त छ भन्ने खबर गोरखपुरमा खबर बुझ्न पठाएको मानिसले ल्यायो भनी यस पत्रमा लेखिएको छ।

—०—

± लक्ष्मीपति पाँडेका वंशज मोहननाथ पाँडेको पुख्यौली सङ्ग्रहमा यी कागतपत्र छन्।

* "त्रिरत्नसौन्दर्यगाथा" को १७२–१७३ पृष्ठ हेर्नुहोस्।

÷ "इतिहास–प्रकाश" १ अङ्कको ४२ पृष्ठ हेर्नुहोस्।

‡ "इतिहास–प्रकाश" १ अङ्कको ४२ पृष्ठ हेर्नुहोस्।

[ क्रमागत ]

# त्रिकोणमिति ( ज्योत्पत्ति )

## पहिलो अध्याय

——नयराज पन्त

२७ प्रक्रम—

### ३४३८ त्रिज्या मान्नाको कारण

२५ प्रक्रममा $\frac{३०}{२५६}$ अंश अर्थात् $\frac{२२५}{३२} = ७\frac{१}{३२}$ कलाको ज्या २०४५३०६३·३४ हुन्छ भनी गणितद्वारा हामीले सिद्ध गरेका छौं। २२५ कला वा त्यसभन्दा सानो चाप भएमा ज्या र चापमा फरक थाहा पाइँदैन भन्ने कुरो माथि २४ प्रक्रममा लेखिएको छ। परन्तु अहिले $७\frac{१}{३२}$ = ७·०३१२५ कलाको ज्या २०४५३०६३·३४ भएकोले ज्या र चापको संख्यात्मक मानमा फरक परेको प्रत्यक्ष देखियो। यस कारण माथि २४ प्रक्रममा भनेको कुरोमा विरोध परेको देखिन आयो। अब यस विषयमा विचार गरिन्छ।

माथि ५ सारणीमा चापलाई पनि जौमा, ज्यालाई पनि जौमा ल्याई तिनको अन्तर देखाइएको छ। अर्थात् ज्या र चापलाई एकै नापोले नापिएको छ। त्यहाँ त्यही प्रसङ्गमा २२५ कला वा त्यसभन्दा साना चाप भएमा ज्या र चापमा फरक थाहा पाइँदैन भन्ने कुरा लेखिएको हो। अहिले यहाँ त्रिज्या १०००००००००० ( दश पद्म ) परिधिचाहिं कलात्मक अर्थात् २१६०० मानिएको छ। यसो गर्दा $७\frac{१}{३२}$ कलाको ज्या २०४५३०६३·३४ हुन्छ। यस कारण ज्या र चापमा आँखाले प्रत्यक्ष नदेखिने भेद गणितबाट देखिन आयो भन्ने शङ्का उठेको हो।

माथि २४ प्रक्रममा जस्तै व्यास र परिधिलाई एकै नापोले नापेमा $७\frac{१}{३२}$ कलाको चाप र ज्यामा रहेको अभेद गणितद्वारा पनि प्रत्यक्ष देखिन आउला भन्ने कुरो मनमा फुर्छ। यस कारण अब यस विषयमा विचार गरिन्छ।

२१६०० परिधि भएमा ६८७५·४९३···व्यास हुन्छ भन्ने कुरो १६ प्रश्नमालाको १५ प्रश्नको उत्तरबाट देखिन आउंछ। यस कारण सो व्यासको आधा ३४३७·७४६ त्रिज्या भएमा $\frac{३०}{२५६}$ अंशको

ज्या $\frac{२०४५३०६३·३४ \times ३४३७·७४६}{१००००००००००}$ = ७·०३१२······हुन्छ [२० प्रक्रम]।

यहाँ चाप $७\frac{१}{३२}$ = ७·०३१२······छ। त्यसको ज्या ७·०३१२···छ। यस कारण ज्या र चापमा अभेद भएको गणितबाट पनि देखिन आयो।

आंखाले प्रत्यक्ष देखिने ज्या र चापको अभेद गणितबाट पनि देखियोस् भनी आर्यभट

आदि प्राचीन आचार्यहरूले चक्रकला (२१६००) परिधि भएमा हुन आउने अर्धव्यास ३४३७.७४६ = ३४३८ (आसन्न) त्रिज्या मानी गणित गरेका हुन्।

२८ प्रक्रम—

हामीले माथि ( २५ प्रक्रममा ) व्यास र परिधिको सम्बन्ध ल्याउन दश पद्म त्रिज्या मानी केही ज्या ल्याएका छौं। ठूलो त्रिज्या मानी ल्याइएका हुनाले ती ज्या सूक्ष्म छन्। २४ वटा ज्या ल्याउने रीतको विषयमा भास्करले बोलेको कुरा हामीले माथि (पूर्णिमा ४ अङ्क ९६–१०२ पृष्ठमा) उद्धरण गरिसकेका छौं। अब पहिले हामी १०००००००००० ( दश पद्म) त्रिज्या मानी २२५ कलादेखि उठान गरी २२५, २२५ कला बढ्दै गएका २४ वटा चापका ज्या ल्याउँछौं।

१०००००००००० त्रिज्या भएमा

$३०^\circ$ को ज्या = ५०००००००००

$६०^\circ$ को ज्या = $३०^\circ$ को कोज्या = ८६६०२५४०३७.८४

$१५^\circ$ को ज्या = $\frac{३०^\circ}{२}$ को ज्या = $\sqrt{६६९८७२९८१०८००००००००}$

= २५८८१९०४५१.०३

$७५^\circ$ को ज्या = $\frac{३०^\circ}{२}$ को कोज्या = ९६५९२५८२६२.८९

$७^\circ ३०'$ को ज्या = $\frac{३०^\circ}{४}$ को ज्या = $\sqrt{१७०३७०८६८५५५००००००}$

= १३०५२६१९२२.२

$८२^\circ ३०'$को ज्या = $\frac{३०^\circ}{४}$ कोकोज्या = ९९१४४४८६१३.७४

$३^\circ ४५'$ को ज्या = $\frac{३०^\circ}{८}$ को ज्या = $\sqrt{४२७७५६९३१३००००००००}$

= ६५४०३१२९२.२९

$८६^\circ १५'$को ज्या = $\frac{३०^\circ}{८}$ को कोज्या = ९९७८५८९२३२.३६

हामीलाई चाहिएका २४ वटा ज्यामध्ये २५ प्रक्रमबाट ३ अं ४५ क (= २२५ क पहिलो), ७अं ३० क (दोस्रो), १५ अं (चौथो), ३० अं (आठौं), ६० अं (सोह्रौं), ७५ अं (बीसौं), ८२ अं ३० क (बाइसौं), ८६ अं १५ क (तेइसौं) र ९० अं (चौबीसौं) का समेत गरी ९ वटा ज्या हामीले पाएका छौं। अब बाँकी रहेका १५ वटा ज्यालाई हामी गणित गरी ल्याउँछौं।

$४५^\circ$को ज्या = $\sqrt{\frac{त्रि^२}{२}} = \sqrt{\frac{(१००००००००००)^२}{२}}$ [१० प्रक्रम]

= $\sqrt{५०००००००००००००००००००}$

= ७०७१०६७८११.८६

४५° को उत्क्रमज्या = १००००००००००−७०७१०६७८११·८६
= २९२८९३२१८८·१४

$$२२°३०' \text{ को ज्या} = \sqrt{\frac{\text{त्रि} \times ४५° \text{को उत्क्रमज्या}}{२}} \quad [\text{ १८ प्रक्रम }]$$

$$= \sqrt{\frac{१०००००००००० \times २९२८९३२१८८·१४}{२}}$$

$$= \sqrt{१४६४४६६०९४०७००००००००००}$$

= ३८२६८३४३२३·६५

$$२२°३०' \text{को कोज्या} = \sqrt{\text{त्रि}^२ - २२°३०' \text{को ज्या}^२}$$

$$= \sqrt{(१००००००००००)^२ - (३८२६८३४३२३·६५)^२}$$

$$= \sqrt{८५३५५३३९०५९३००००००००}$$

= ९२३८७९५३२५·११

∴ ६७°३०' को ज्या = २२°३०'को कोज्या
= ९२३८७९५३२५·११

२२°३०'को उत्क्रमज्या = १००००००००००−९२३८७९५३२५·११
= ७६१२०४६७४·८९

$$∴ ११°१५' \text{को ज्या} = \sqrt{\frac{१०००००००००० \times ७६१२०४६७४·८९}{२}}$$

$$= \sqrt{३८०६०२३३७४४५००००००००}$$

= १९५०९०३२२०·१६

$$११°१५' \text{को कोज्या} = \sqrt{(१००००००००००)^२ - (१९५०९०३२२०·१६)^२}$$

$$= \sqrt{९६१९३९७६६२५५५०००००००}$$

= ९८०७८५२८०४·०३

∴ ७८°४५'को ज्या = ९८०७८५२८०४·०३

६७° ३०' को कोज्या = २२° ३०' को ज्या = ३८२६८३४३२३·६५
∴ ६७° ३०' को उत्क्रमज्या = १००००००००००−३८२६८३४३२३·६५
= ६१७३१६५६७६·३५

$$∴ ३३° ४५' \text{ को ज्या} = \sqrt{\frac{१०००००००००० \times ६१७३१६५६७६·३५}{२}}$$

$$= \sqrt{३०८६५८२८३८१७५००००००००}$$

= ५५५५७०२३३०·२

$$\text{३३° ४५' को कोज्या} = \sqrt{(१००००००००००)^{२} - (५५५५७०२३३०\cdot२)^{२}}$$

$$= \sqrt{६९१३४१७१६१८२५०००००००}$$

$$= ८३१४६९६१२३\cdot०३$$

$$\therefore \text{५६° १५' को ज्या} = ८३१४६९६१२३\cdot०३$$

$$\text{७५° को कोज्या} = \text{१५° को ज्या} = २५८८१९०४५१\cdot०३$$

$$\therefore \text{७५° को उत्क्रमज्या} = १०००००००००० - २५८८१९०४५१\cdot०३$$

$$= ७४११८०९५४८\cdot९७$$

$$\therefore \text{३७° ३०' को ज्या} = \sqrt{\frac{१०००००००००० \times ७४११८०९५४८\cdot९७}{२}}$$

$$= \sqrt{३७०५९०४७७४८५०००००००}$$

$$= ६०८७६१४२९०\cdot०९$$

$$\text{३७° ३०। को कोज्या} = \sqrt{(१००००००००००)^{२} - (६०८७६१४२९०\cdot०९)^{२}}$$

$$= \sqrt{६२९४०९५२२५५१५०००००००}$$

$$= ७९३३५३३४०२\cdot९१$$

$$\therefore \text{५२° ३०' को ज्या} = ७९३३५३३४०२\cdot९१$$

$$\text{३७° ३०' को कोज्या} = ७९३३५३३४०२\cdot९१$$

$$\therefore \text{३७° ३०' को उत्क्रमज्य।} = १०००००००००० - ७९३३५३३४०२\cdot९१$$

$$= २०६६४६६५९७\cdot०९$$

$$\therefore \text{१८° ४५' को ज्या} = \sqrt{\frac{१०००००००००० \times २०६६४६६५९७\cdot०९}{२}}$$

$$= \sqrt{१०३३२३३२९८५४५०००००००}$$

$$= ३२१४३९४६५३\cdot०३$$

$$\text{१८° ४५' को कोज्या} = \sqrt{(१००००००००००)^{२} - (३२१४३९४६५३\cdot०३)^{२}}$$

$$= \sqrt{८९६६७६६७०१४५५०००००००}$$

$$= ९४६९३०१२९४\cdot९५$$

$$\therefore \text{७१° १५' को ज्य।} = ९४६९३०१२९४\cdot९५$$

$$\text{५२° ३०' को कोज्या} = \text{३७° ३०' को ज्या} = ६०८७६१४२९०\cdot०९$$

$$\therefore \text{५२° ३०, को उत्क्रमज्या} = १०००००००००० - ६०८७६१४२९०\cdot०९$$

$$= ३९१२३८५७०९\cdot९१$$

पृ० ११.

∴ २६ १५′ को ज्या $= \sqrt{\dfrac{\text{१००००००००००} \times \text{३९१२३८५७०९.९१}}{\text{२}}}$

$= \sqrt{\text{१९५६१९२८५४९५५००००००}}$

$= \text{४४२२८८६९०२.१९}$

२६° १५′ को कोज्या $= \sqrt{(\text{१००००००००००})^{\text{२}} - (\text{४४२२८८६९०२.१९})^{\text{२}}}$

$= \sqrt{\text{८०४३८०७१४५०४५००००००}}$

$= \text{८९६८७२७४१५.३३}$

∴ ६३°४५′को ज्या $= \text{८९६८७२७४१५.३३}$

८२°३०′को कोज्या $= \text{७°३०′को ज्या} = \text{१३०५२६१९२२.२}$

∴ ८२°३०′को उत्क्रमज्या $= \text{१००००००००००} - \text{१३०५२६१९२२.२}$

$= \text{८६९४७३८०७७.८}$

∴ ४१°१५′को ज्या $= \sqrt{\dfrac{\text{१००००००००००} \times \text{८६९४७३८०७७.८}}{\text{२}}}$

$= \sqrt{\text{४३४७३६९०३८९०००००००००}}$

$= \text{६५९३४५८१५१}$

४१°१५′को कोज्या $= \sqrt{(\text{१००००००००००})^{\text{२}} - (\text{६५९३४५८१५१})^{\text{२}}}$

$= \sqrt{\text{५६५२६३०९६११०००००००००}}$

$= \text{७५१८३९८०७४.७९}$

∴ ४८°४५′को ज्या $= \text{७५१८३९८०७४.७९}$

माथिको गणितबाट ल्याइएका २४ वटा ज्या क्रमैसंग तल दिइन्छन् ।

## ६ सारणी

त्रिज्या = १०००००००००० (दश पद्म)

| चाप अं । क | ज्या | चाप अं । क | ज्या |
|---|---|---|---|
| ३।४५ | ६५४०३१२९२·२९ | ४८।४५ | ७५१८३९८०७४·७९ |
| ७।३० | १३०५२६१९२२·२० | ५२।३० | ७९३३५३३४०२·९१ |
| ११।१५ | १९५०९०३२२०·१६ | ५६।१५ | ८३१४६९६१२३·०३ |
| १५।०० | २५८८१९०४५१·०३ | ६०।०० | ८६६०२५४०३७·८४ |
| १८।४५ | ३२१४३९४६५३·०३ | ६३।४५ | ८९६८७२७४१५·३३ |
| २२।३० | ३८२६८३४३२३·६५ | ६७।३० | ९२३८७९५३२५·११ |
| २६।१५ | ४४२२८८६९०२·१९ | ७१।१५ | ९४६९३०१२९४·९५ |
| ३०।०० | ५०००००००००·०० | ७५।०० | ९६५९२५८२६२·८९ |
| ३३।४५ | ५५५५७०२३३०·२० | ७८।४५ | ९८०७८५२८०४·०३ |
| ३७।३० | ६०८७६१४२९०·०९ | ८२।३० | ९९१४४४८६१३·७४ |
| ४१।१५ | ६५९३४५८१५१·०० | ८६।१५ | ९९७८५८९२३२·३९ |
| ४५।०० | ७०७१०६७८११·८६ | ९०।०० | १००००००००००·०० |

### २९ प्रक्रम–

६ सारणीमा दिइएका २४ वटा ज्यालाई अब हामी अनुपात गरी ३४३८ त्रिज्यामा परिणत गर्छौं ।

१०००००००००० : ६५४०३१२९२·२९ : : ३४३८ : क

$$\text{वा,}\ \frac{६५४०३१२९२·२९ \times ३४३८}{१००००००००००} = २२४·८५५९५८२८९३०२$$

$\therefore$ ३४३८ त्रिज्या भएमा ३°४५′ को ज्या = २२४·८५५९५८२८९३०२

= २२५ ( आसन्न )

यही रीतबाट अरू २३ वटा ज्या पनि परिणत गरी तलको सारणीमा दिइएका छन् ।

## ७ सारणी

त्रिज्या = ३४३८

| चाप अं।क | ज्या | आसन्न पूर्णाङ्क ज्या | चाप अं।क | ज्या | आसन्न पूर्णाङ्क ज्या |
|---|---|---|---|---|---|
| ३।४५ | २२४·८५५९५८२८९३०२ | २२५ | ४८।४५ | २५८४·८२५२५८११२८०२ | २५८५ |
| ७।३० | ४४८·७४९०४८८५२३६० | ४४९ | ५२।३० | २७२७·५४८७८३९२०४५८ | २७२८ |
| ११।१५ | ६७०·७२०५२७०९१००८ | ६७१ | ५६।१५ | २८५८·५९२५२७०९७७१४ | २८५९ |
| १५।०० | ८८९·८१९८७७०६४११४ | ८९० | ६०।०० | २९७७·३९५३३८२०९३९२ | २९७७ |
| १८।४५ | ११०५·१०८८८१७११७१४ | ११०५ | ६३।४५ | ३०८३·४४८४८५३९०४५४ | ३०८३ |
| २२।३० | १३१५·६६५६४०४७०८७० | १३१६ | ६७।३० | ३१७६·२९७८३२७७२८१८ | ३१७६ |
| २६/१५ | १५२०·५८८५१६८२५०८८ | १५२१ | ७१।१५ | ३२५५·५४५७८५२०३८१० | ३२५६ |
| ३०।०० | १७१९ | | १७१९ | ७५।०० | ३३२०·८५२९९०७८१५८२ | ३३२१ |
| ३३।४५ | १९१०·०५०४६११२२७६० | १९१० | ७८।४५ | ३३७१·९३९७९४०२५५१४ | ३३७२ |
| ३७।३० | २०९२·९२१७९२९३२९४२ | २०९३ | ८२।३० | ३४०८·५८७४३३४०३८१२ | ३४०९ |
| ४१।१५ | २२६६·८३०९१२३१३८०० | २२६७ | ८६।१५ | ३४३०·६३८९७८०९५६८२ | ३४३१ |
| ४५।०० | २४३१.०३३११३७१७४६८ | २४३१ | ९०।०० | ३४३८ | ३४३८ |

प्राचीन आचार्यहरूले २४ वटा ज्यालाई पूर्णाङ्करूपमा दिई ती ज्याका क्रमसंख्या तथा अन्तर पनि दिएका छन् । सो तलको सारणीबमोजिम छ ।

## ८ सारणी

त्रिज्या = ३४३८

| क्रमसंख्या | चाप अं।क. | ज्या | अन्तर | क्रमसंख्या | चाप अं।क. | ज्या | अन्तर |
|---|---|---|---|---|---|---|---|
| पहिलो | ३।४५ | २२५ | २२४ | तेह्रौं | ४८।४५ | २५८५ | १४३ |
| दोस्रो | ७।३० | ४४९ | २२२ | चौधौं | ५२।३० | २७२८ | १३१ |
| तेस्रो | ११।१५ | ६७१ | २१९ | पन्ध्रौं | ५६।१५ | २८५९ | ११८ |
| चौथो | १५।०० | ८९० | २१५ | सोह्रौं | ६०।०० | २९७७ | १०६ |
| पाँचौं | १८।४५ | ११०५ | २११ | सत्रौं | ६३।४५ | ३०८३* | ९३ |
| छैटौं | २२।३० | १३१६* | २०५ | अठारौं | ६७।३० | ३१७६* | ८० |
| सातौं | २६।१५ | १५२१* | १९८ | उन्नाइसौं | ७१।१५ | ३२५६ | ६५ |
| आठौं | ३०।०० | १७१९ | १९१ | बीसौं | ७५।०० | ३३२१ | ५१ |
| नवौं | ३३।४५ | १९१० | १८३ | एक्काइसौं | ७८।४५ | ३३७२ | ३७ |
| दशौं | ३७।३० | २०९३ | १७४ | बाइसौं | ८२।३० | ३४०९ | २२ |
| एघारौं | ४१।१५ | २२६७ | १६४ | तेइसौं | ८६।१५ | ३४३१ | ७ |
| बाह्रौं | ४५।०० | २४३१ | १५४ | चौबीसौं | ९०।०० | ३४३८ | |

* भास्कराचार्यले छैटौं ज्या १३१५, सातौं ज्या १५२०, सत्रौं ज्या ३०८४,

गणित गर्न सजिलो होस् भन्नाका लागि प्राचीनपद्धतिमा ज्यालाई श्लोकमा लेखी कण्टस्थ गर्ने चलन छ । माथि आएका २४ वटा ज्यालाई बताउने श्लोक यी हुन्--

तत्वाश्विनो नन्दसमुद्रवेदाश्चन्द्राद्रिषट्का गगनाङ्कनागाः ।
पञ्चाभ्ररुद्रा नृपविश्वतुल्या +आद्यैर्निरुक्ताः कुभुजेषुचन्द्राः + ॥२८॥
नन्दावनीशैलभुवो दिगङ्कचन्द्रा हुताशग्रहपूर्णदस्राः ।
तुरङ्गषट्काकृतयः कुरामसिद्धाः शराष्टेषुयमाः क्रमेण ॥२९॥
गजाब्धिभान्यङ्कशराष्टदस्त्रास्तुरङ्गसप्तग्रहलोचनानि ।
कृशानुकुम्भ्यम्रगुणा + विपक्षशैलेन्दुरामा + रसभूतदन्ताः ॥३०॥
कुदन्तलोका द्वितुरङ्गदेवा गोश्राब्धिलोकाः कुगुणाब्धिरामाः ।
भुजङ्गलोकाब्धिगुणाः क्रमज्याः..........................॥३१॥

(सि. शि. स्पष्टाधिकार ३–६ श्लोक)

[ २२५. ४४९, ६७१, ८९०, ११०५, १३१६, १५२१, १७१९, १९१०, २०९३, २२६७, २४३१, २५८५, २७२८, २८५९, २९७७, ३०८३, ३१७६, ३२५६, ३३२१, ३३७२, ३४०९, ३४३१, ३४३८, यी ज्या हुन् । ]

[ मेरो साथ रही मेरो विचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन् । ]

---

अठारौं ज्या ३१७७ दिएका छन् ( सि. शि. स्पष्टाधिकार ३–६ श्लोक ) ।
गणित गर्दा छैटौं ज्या १३१५·६६......, सातौं ज्या १५२०·५८......, सत्रौं ज्या ३०८३·४४......, अठारौं ज्या ३१७६·२९......आउँछन् । छैटौं र सातौं ज्याका दशमलव भाग आधाभन्दा अलिकति नाघेका छन्, सत्रौंमा आधा अलिकति पुगेको छैन, अठारौंमा ·२९ छ। यस कारण भास्करले बोलेको कुरा धेरै फरक परेको छैन तापनि "अर्धाधिके रूपं ग्राह्यम्, अर्धाल्पे रूपं त्याज्यम्" ( आधाभन्दा बढ्ता भए १ लिनू, आधाभन्दा कम भए १ छोड्नू ) । यो नियमको राम्ररी प्रतिपालन होस् भनी यहाँ छैटौं ज्या १३१६, सातौं ज्या १५२१, सत्रौं ज्या ३०८३, अठारौं ज्या ३१७६ लिइएका छन् । अरू बाँकी २० वटा ज्या भास्करले बोलेकै सकारिएका छन् ।

+यहाँ संशोधित पाठ दिइएको छ । यस विषयको विचार ८ सारणीको टिप्पणीमा हेर्नुहोस् ।

# हाम्रो वक्तव्य

असत्य कुरा पढेर, पढाएर, फैलाएर देशलाई केही फाइदा हुँदैन । उल्टो यसले अनर्थ मात्र पैदा गरिदिने हुन्छ । अतः इतिहासकारले पहिले नै यो कुरा सिद्ध गर्छु भनी पूर्वाग्रह वा दुराग्रह गरी कलम चलाउनु हुँदैन । ऐतिहासिक प्रमाणहरू ठीक ठीकसंग केलाएर हेर्दा जुन कुरा ठहर्छ, त्यही कुरा ग्रहण गर्नुपर्छ ।

लिच्छवि राजा मानदेवले गण्डकी तरी गोरखपुरका मल्लहरूलाई जितेका थिए भनी श्रीकेशरबहादुर खत्री क्षत्रीज्यूले लेख्नुभएको थियो । परन्तु यो कुरा होइन । मानदेवले गण्डकीपारिका मल्लपुरीका आफ्नै सामन्त राजालाई कज्याएका हुन्, गोरखपुरमा त्यस बेला मल्लहरूको राज्यै थिएन, त्यस बेला गोरखपुर सोझै गुप्तसाम्राज्यभित्र पर्दथ्यो भन्ने कुरा वि. सं. २०१२ मा हामीले प्रमाणद्वारा सिद्ध गरेका थियौं‡ । अहिले आएर फेरि श्रीहितनारायण झा एम्. ए. पिएच्. डी. ले २०२२।३।५।७ को गोरखापत्रमा 'मानदेवले विजय गरेको मल्लपुरी कता ?, भन्ने निबन्धमा मानदेवले गोरखपुरलाई नै जितेको हुन सक्छ भनी तानतुन पारी सिद्ध गर्ने चेष्टा गर्नुभएको छ । यस कारण यस विषयमा फेरि विचार गर्नुपरेको छ ।

मानदेवले चाँगुको स्तम्भलेखमा आफ्नो कुरा राम्ररी वर्णन गराएर गएका हुनाले यस विषयमा सबभन्दा बढ्ता कुरा त्यस स्तम्भलेखबाट नै स्पष्ट बुझिन्छ । यस कारण विचार गर्न सजिलो होस् भन्नाका लागि पहिले सो स्तम्भलेखको केही भाग यहाँ उद्धृत गर्नुपरेको छ–

" [क]र्म्मज्ञो विनयेप्सुरुत्तमगु[णः श्रीध]र्म्मदेवो नृपः
[ध]र्म्मणैव कुलक्रमागत[मपान्नेपाल]राज्यं महत् ॥४॥

[प]त्नी तस्य विशुद्धवंशविभवा श्रीराज्यवत्युत्तमा ॥५॥

[सत्कर्म्मावि]रतैर्य्यशोंशुभिरिदं व्याभास्य कृत्स्नञ्जगत्
याति स्म त्रिदिवालयं नरपतावुद्यानयात्रामिव ॥६॥

प्रत्यागत्य सगद्गदाक्षरमिदन्दीर्घं विनिश्वस्य च
प्रेम्णा पुत्रमुवाच साश्रुवदना यातः पिता ते दिवम् ॥८॥

सत्पुत्रेण सहौर्द्ध्वदेहिकविधिं भर्त्तुः प्रकृत्यात्मना
तस्थौ तद्धृदया सती व्रतविधौ साक्षादिवारुन्धती ॥११॥

यूपैश्चारुभिरुच्छ्रितैर्व्वसुमती पित्रा ममालङ्कृता
क्षात्रेणाजिमखाश्रयेण विधिना दीक्षाश्रितोहं स्थितः

‡हाम्रो इतिहास-संशोधन निस्केपछि वि. सं. २०१७ मा मात्र श्रीडिल्लीरमण रेग्मीज्यूले इतिहास-संशोधनको नामोल्लेख नगरीकन सो कुरा सार्नुभएको हो ।

यात्राम्प्रत्यरिसङ्क्षयाय तरसा गच्छामि पूर्व्वान्दिशम्
ये चाज्ञावशवर्त्तिनो मम नृपाः संस्थापयिष्यामि तान् ॥१४॥
इत्येवञ्जननीमपेतकलुषां राजा प्रणम्योचिवान्
नाम्बानृण्यमहन्तपोभिरमलैः शक्नोमि यातुम्पितुः
किन्त्वाप्तेन यथावदस्त्रविधिना तत्पादसंसेवया
यास्यामीति ततोम्बयातिमुदया दत्ताभ्यनुज्ञो नृपः ॥१५॥
प्रायात्पूर्व्वपथेन तत्र च शठा ये पूर्व्वदेशाश्रयाः
सामन्ताः प्रणिपातबन्धुरशिरः प्रभ्रष्टमौलिस्रजः
तानाज्ञावशवर्त्तिनो नरपतिः संस्थाप्य तस्मात्पुनः
निर्भीः सिंह इवाकुलोत्कटसटः पश्चाद्भुवञ्जग्मिवान् ॥१६॥
सामन्तस्य च तत्र दुष्टचरितं श्रुत्वा शिरः कम्पयन्
बाहुं हस्तिकरोपमं स शनकैः स्पृष्ट्वाब्रवीद्गर्व्वितम्
आहूतो यदि नैति विक्रमवशादेष्यत्यसौ मे वशम्
किं वाक्यैर्ब्बहुभिर्वृथात्र गदितैः संक्षेपतः कत्थ्यते ॥१७॥
अद्यैव प्रियमातुलोरुविषमक्षोभार्णवस्पर्द्धिनीम्
भीमावर्त्ततरङ्गचञ्चलजलान्त्वङ्गण्डकीमुत्तर
सन्नद्धैर्व्वरवाजिकुञ्जरशतैरन्वेमि तीर्त्वा नदीम्
त्वत्सेनामिति निश्चयान्नरपतिस्तीर्णप्रतिज्ञस्तदा ॥१८॥
जित्वा मल्लपुरीन्ततस्तु शनकैरभ्याजगाम स्वकम्
देशम्प्रीतमनास्तदा खलु धनम्प्रादाद्द्विजेभ्योक्षयम्
राज्ञी राज्यवती च साधुमतिना प्रोक्ता दृढम्सूनुना
भवत्याम्ब त्वमपि प्रसन्नहृदया दानम्प्रयच्छ स्वत[:] ॥१९॥

[कर्मकाण्ड जान्ने, अनुशासन मन पराउने, असल गुण भएका श्रीधर्मदेव राजाले कुलको क्रमैसँग आएका ठूलो नेपाल राज्यलाई धर्मबमोजिम रक्षा गर्नुभयो ॥४॥ उहाँकी चोखो कुलमा जन्मेकी बडामहारानी श्रीराज्यवती हुनुहुन्छ ॥५॥ सत्कर्मबाट निरन्तर आइरहेका कीर्तिका किरणले सारा संसारलाई झलमल्ल पारेर बगैंचामा गए झैं राजा (धर्मदेव) स्वर्ग जानुभयो ॥६॥ फर्केर आई लामो सास फेरी गहभरी आँसु लिएर सुँक्क सुँक्क गर्दै उहाँ महारानी (राज्यवती)ले छोरा (मानदेव)लाई माया गर्दै भन्नुभयो–तिम्रा बुवाको स्वर्गवास भयो ॥८॥ सपूत छोरासंग रहेर पतिको काजक्रिया गरी आफू व्रतमा रही पतिमै तन मन दिएर साक्षात् अरुन्धती जस्तै भई रहनुभयो ॥११॥

मेरा बुबाले राम्रा अग्ला मौलाहरूले पृथिवीलाई सिंगार्नुभएथ्यो । लडाइँरूपी यज्ञको आड लिएर क्षत्रीको धर्मबमोजिम दीक्षा लिएर म बसिरहेको छु । पराक्रमले शत्रुको नाश गर्न पूर्व

दिशातिर जान्छु । जो राजाहरू मेरो काबूमा बस्नेछन्, तिनलाई थाम्नेछु ॥१४॥ यो कुरा सुन्नाले पीर हटेकी मुमा (राज्यवती)लाई राजा(मानदेव)ले ढोगेर भन्नुभयो– मुमा, शुद्ध तपस्या गरेर म बुवाको अऋणी हुन सक्तिन, तर उहाँका पाउको सेवा गरेर विधिपूर्वक (उहाँबाट) सिकेको हतियारको कामले अऋणी हुनेछु । तब अत्यन्त खुशी भएकी मुमाबाट आज्ञा पाएर राजा(मानदेव) पूर्वको बाटो लाग्नुभयो । त्यहाँ पुगिया सण्ठ रजौटाहरूले डरेर शिर निहुराए । तिनका श्रीपेचका माला भुइँमा खसे । हुकूममा तामेल रहने तिनीहरूलाई थमौती गरी जगर फिजाएको सिंह जस्तै निडर भई राजा पश्चिमतर्फ लाग्नुभयो ॥१५-१६॥

त्यहाँ रजौटाको बदमाशी सुनेर टाउको हल्लाउँदै हात्तीका सूँड जस्ता पाखुरा विस्तारै निमोठ्तै उहाँ (राजा मानदेव) ले घमण्ड गरेर भन्नुभयो– बोलाउँदा त्यो आउँदैन भने मेरो पराक्रमले तहमा आउला । यहाँ व्यर्थै धेरै कुरा गरेर के काम, छोटकरीमै भन्छु ॥१७॥ प्यारा मामा, धेरै अड्चाङखड्चाङ भएर रुमलिएको, समुद्रको जोडालाग्दो डरलाग्दा भुमरीले र छालले पानी छ्याल्लब्याल्ल भएको गण्डकी नदी आजै हजुर तर्नुहोस् । कसिएका सयौं असल हात्ती घोडा लिई नदी तरेर म हजुरको फौजको पछि पछि आउनेछु । यस्तो अठोट गरेर राजाले त्यस वेला कबूल पूरा गर्नुभयो ॥१८॥ (राजा मानदेव) मल्लपुरीलाई जितेर त्यहाँबाट विस्तारै आफ्नो देशमा फर्कनुभयो । तब खुशी हुँदै ब्राह्मणहरूलाई अक्षय धन दान गर्नुभयो । असल बुद्धि भएका छोरा (मानदेव)ले महारानी राज्यवतीलाई 'मुमा! हजुर पनि खुशी मनले भक्तिपूर्वक आफ्नो तर्फबाट पनि दान गर्नुहोस्' भनी बिन्ति चढाउनुभयो ॥१७–१९॥]

(इतिहास-संशोधनको प्रमाणप्रमेय १०२–१०८ पृष्ठबाट)

यस वर्णनबाट "मानदेवका बाबु धर्मदेवको अकस्मात् मृत्यु भयो; अनि चढ्दो उमेरका मानदेव गद्दीमा बसे; यस संकटको मौका छोपी वरपरका सामन्त राजाहरूले टाउको उठाउने चेष्टा गर्न लागे; अनि आफ्ना मामाको सहायता लिई मानदेव उनीहरूलाई कज्याउन हिंडे; पहिले पूर्वका सामन्तहरूलाई कज्याई उनीहरूलाई थमौती गरे; अनि उनी पश्चिमतिर लागे; पश्चिमतिर गण्डकीवारि मल्लपुरी थियो; त्यहाँका सामन्त राजाले मानदेवको आधिपत्य मन्जूर गरेनन्; यसो हुँदा गण्डकी तरी मल्लपुरीमा आक्रमण गरे; अनि त्यहाँ आफ्नो आधिपत्य कायम गरी त्यताबाट फर्केर आई मानदेवले आमासाथ दान धर्म गरे', भन्ने कुरा स्पष्ट बुझिन्छ ।

मूल (केन्द्र) मा कुनै कारणवश कमजोरी पैदा भयो कि अधीनस्थ वरपरका राजाहरू स्वतन्त्र हुन चेष्टा गर्दथे। यस्तो अवस्थामा ती सामन्तहरूलाई कज्याउन सकिएन भने राज्य टुक्रिन जान्थ्यो भन्ने कुराका उदाहरण इतिहासमा धेरै पाइन्छन्। मानदेवले पनि आफ्ना बाबुको अकस्मात् मृत्यु हुँदा आफू गद्दीमा बस्ने बित्तिकै यही अवस्थाको सामना गर्नुपर्‍यो र बाबुको मृत्यु भएको लगत्तै नै आफ्ना सामन्तहरूलाई कज्याउन हिंड्नुपर्‍यो★ । यस

★ मानदेवका सामानकालिक गुप्तसम्राट् स्कन्दगुप्तले पनि यस्तै अवस्थाको सामना गर्नुपरेको थियो । यसको सप्रमाण चर्चा तल गरिएको छ ।

संकटको अवस्थामा मानदेवले ती सामन्तहरूलाई कज्याउन नसकेका भए उनको पुख्यौली राज्य टुक्रिने संभावना थियो। यसो हुँदा त्यस वेला स्वतन्त्र हुन खोजेका सामन्तहरूलाई कज्याउन सक्नु भरखर गद्दीमा बसेका मानदेवको लागि ठूलो कुरो थियो। यस कारण त्यताबाट फर्केर आई मानदेवले आफ्नो विधवा आमासाथ चाँगुनारायणको पूजा गरी दान धर्म गर्नु स्वाभाविक कुरा थियो।

यसरी चाँगुको स्तम्भलेखको वर्णनबाट मानदेवले नयाँ नयाँ मुलुक जितेका थिएनन्; आफ्नो पुख्यौंली राज्य थाम्न सामन्तहरूलाई कज्याएका मात्र हुन् भन्ने स्पष्ट बुझिन्छ। यसै हुँदा पूर्वतिर त मानदेवले कतै लड्नुनैपरेको थिएन, पश्चिमतिर पनि मल्लपुरीका सामन्तसंग मात्र लड्नुपरेको थियो।

अब झाज्यूले उठाउनुभएका तर्कहरूको उद्धरणसाथ तिनको विचार गर्नुपरेको छ। झाज्यूको ठूलो तर्क चाँगुको स्तम्भलेखमा मानदेवले मल्लपुरी जित्न तरेको गण्डकीको वर्णन "ऊरुविषमक्षोभार्णवस्पर्द्धिनी भीमावर्त्ततरङ्गचञ्चलजला" भन्ने परेको छ; गण्डकीको यस्तो रूपको वर्णन पहाडी भागमा सम्भव छैन ; समतल भूमिमा मात्र सम्भव छ भन्ने छ। उहाँका वाक्य यस प्रकारका छन् –

" वर्णनमा गण्डकीको रूप समुद्र जस्तो (अर्ण्णवस्पर्द्धिनीम्) छ, अर्थात् धेरै टाढासम्म जळैजल छ। पहाडी इलाकामा कुनै नदीको समुद्र जस्तो रूप हुनु गाह्रो छ। किन भने त्यहाँ त्यति जल जम्बा हुन सक्तैन। फेरि छ डर लाग्दो भुमरी। के पहाडी इलाकामा यस्तो भयंकर भुमरीको संभावना हुन सक्तछ ? मेरो सानो विचारमा यस्तो भुमरी समतल भूमिमा मात्रै संभव छ। अन्तमा छ चंचल जलतरङ्ग। यो पनि समतल भूमि भागमा संभव हुन सक्तैन।..."

झाज्यूको यो तर्क कुनै गतिलो छैन। हिमालयभेकदेखि तराईभेकसम्मको नेपालभित्रको गण्डकीको लामो प्रस्रवणक्षेत्रभित्र विषम सम स्थल धेरै पर्न आउँछन्। यसो हुँदा चाँगुको स्तम्भलेखमा गरिएको वर्णनसंग मिल्ने गण्डकीको रूप नेपालभित्रै ठाउँ ठाउँमा भेट्टिन्छन्। गोरखपुरसम्म पुग्नुपर्दैन। यस कारण चाँगुको स्तम्भलेखमा वर्णित गण्डकीको रूप गोरखपुर-तिर पुगेपछि मात्र सम्भव छ भन्ने झाज्यूको भनाइको कुनै माने रहँदैन तथा यसबाट मानदेवले गोरखपुर जिते भन्ने कुरा कुनै हालतमा सिद्ध हुँदैन।

मानदेवले गोरखपुर जितेका हुन् भन्ने सिद्ध गर्नाका लागि मुख्य कुरा "त्यस वेला गोरखपुरमा मल्लहरूको राज्य कायम थियो अथवा त्यहाँ मल्लपुरी भन्ने प्रदेश थियो तथा सो प्रदेश त्यस बेला गुप्तसाम्राज्यभित्र पर्दैनथ्यो" भन्ने कुरा प्रमाणद्वारा सिद्ध गरेर देखाउन सक्नुपर्छ। परन्तु यसो होला, उसो होला भन्ने कल्पनासिवाय झाज्यूले यस कुरालाई सिद्ध गर्ने कुनै प्रमाण दिन सक्नुभएको छैन। यस विषयका उहाँका वाक्य यस प्रकारका छन् –

"मानदेवको चाँगुनारायण शिलालेखको तिथि शक सम्वत् ३८६ (४६४–६५ ई.) मा+ गोरखपुर इलाका गुप्त सम्राट्को अधीनमा थियो भन्ने कुरा निराधार छ। कुनै पनि प्रमाण यस्तो छैन जसबाट यो सिद्ध होस् कि यस बखतमा यो इलाका गुप्त सम्राट्को अधीनमा नै थियो।

+ वि. सं. ५२१ मा

पृ० १२.

कहौम शिलाभिलेख जसको तिथि गुप्त सम्वत् १४१ (४६० – ६१ ई.)* छ निश्चय नै व्यक्त गर्दछ कि यो बखतमा गोरखपुर इलाकामा गुप्तहरूको अधिकार थियो । तर यसबाट कदापि भन्न सक्तैनौं कि यो इलाका ४६४ - ६५ ई. × मा पनि गुप्ताधीन थियो। सांचो कुरा त यो हो कि यस बखतमा गुप्त साम्राज्यको पतनको आरम्भ र उत्तरी भारतको विकेन्द्रीकरण शुरू भइसकेको थियो । प्राचीन भारतीय इतिहासका प्रमुख विद्वान् डा. रमेशचन्द्र मजुमदार ( वी. सी ळौ भौल्यूम , भाग १ , पृ. ६३६ – ३७ ) तथा अरू विद्वान्हरूको पनि यो विचार छ कि यस बखतमा गुप्त साम्राज्यको पतन हुन लागिसकेको थियो। अत: यस्तो परिस्थितिबाट मानदेवळे फाइदा उठाएन होलान भन्नु तर्कसंगत हुँदैन। मल्लपुरी नाउँ हुनलाई त्यस बखतमा पनि मल्लहरूको राज्य नै हुनु आवश्यक छैन। त्यो इलाका धेरै समयसम्म मल्लहरूको गठ भएकोळे त्यस समयमा पनि मल्लपुरीको नाउँले नै प्रख्यात थियो। अर्को यो पनि सम्भव हुन सक्छ कुनै मल्लले गुप्तसाम्राज्यको ह्रास हुन लागेको मौका छोपी आफ्नो स्वतन्त्र राज्य खडा गरेको होलान् । "

गोरखपुरभेकमा बुद्धको समयमा मल्लहरूको गणराज्य थियो भन्ने कुरा 'महापरिनिव्वाणसुत्त' आदि बौद्ध ग्रन्थबाट थाहा पाइन्छ । यो कुरा मानदेवभन्दा हजार वर्ष जति पहिलेको कुरा हो ‡ । मानदेवको समयमा गोरखपुरमा मल्लहरूको राज्य कायम थियो भन्ने वा त्यस वेला 'मल्लपुरी' नाउँको कुनै प्रदेश त्यहाँ थियो भन्ने कुरा देखाउने कुनै प्रमाण पाइँदैन । उता गुप्तसम्राट् समुद्रगुप्तले आर्यावर्तका सबै राजालाई उखेलेको छु*भनी बोलेका र स्कन्दगुप्तको पालाको गुप्तसंवत् १४१ (वि. सं. ५१७)को अभिलेख गोरखपुर कहावममा पाइएको हुनाले यस बेला गोरखपुर सोझै गुप्तसाम्राज्यभित्र पर्दथ्यो भन्ने स्पष्ट छ ।

कुमारगुप्तको मृत्युपछि वि. सं. ५१२ मा स्कन्दगुप्त गद्दीमा बस्दा ठाउँ ठाउँका सामन्त राजाहरू उठ्न खोजेका र हूणहरूको आक्रमण पनि भएको हुँदा त्यस वेला गुप्तसाम्राज्य टुट्छ कि भन्ने सम्भावना देखापरेको थियो। परन्तु स्कन्दगुप्तले वीरतापूर्वक लडी सामन्तहरूलाई कज्याए, हूणहरूलाई परास्त पारे । यसपछि उनको शासन वि. सं. ५२४ सम्म कायम रह्यो। यो कुरा स्कन्दगुप्तका र उनका पालाका अभिलेखबाट हामी स्पष्ट बुझ्न सक्छौं । विचारार्थ ती अभिलेखका सारभाग यहाँ उद्धृत गरिन्छन् —

"तदनु जयति शश्वत् श्रीपरिक्षिप्तवक्षाः स्वभुजजनितवीर्य्यो राजराजाधिराजः।२।।
नृपतिगुणनिकेतः स्कन्दगुप्तः पृथुश्रीः चतुरुदधिजलान्तां स्फीतपर्यन्तदेशाम् ।
अवनिमवनतारिर्यः चकारात्मसंस्थां पितरि सुरसखित्वं प्राप्तवत्यात्मशक्त्या।।६।।
एवं स जित्वा पृथिवीं समग्रां भग्नाग्रदर्पान् द्विषतश्च कृत्वा ।
सर्व्वेषु देशेषु विधाय गोप्तृन् संचिन्तयामास बहुप्रकारम् ।।

*वि. सं. ५१७

× वि. सं ५२१ मा. ‡. इतिहास–संशोधनको प्रमाणप्रमेयको २०७–९ पृष्ठ हेर्नुहोस् ।

* इतिहास–संशोधनको प्रमाणप्रमेयको ४६ पृष्ठ हेर्नुहोस् ।

सर्व्वेषु भृत्येष्वपि संहतेषु यो मे प्रशिष्यान्निखिलान्सुराष्ट्रान् ।
आं ज्ञातमेकः खलु पर्णदत्तो भारस्य तस्योद्वहने समर्थः ॥११॥
पूर्व्वेतरस्यां दिशि पर्णदत्तं नियुज्य राजा धृतिमांस्तथाभूत् ॥१३॥
संवत्सराणामधिके शते तु त्रिंशद्भिरन्यैरपि षड्भिरेव ।
रात्रौ दिने प्रोष्ठपदस्य षष्ठे गुप्तप्रकाले गणनां विधाय ॥२७॥ "

( जूनागढको स्कन्दगुप्तको पालाको पर्वताभिलेखबाट * )

[ अनि हरबखत लक्ष्मीले वास गरेको छाती भएका, आफ्नै बाहुबल भएका, राजामा हुनुपर्ने गुणहरू भएका, ठूलो शोभा भएका, महाराजाधिराज स्कन्दगुप्त ठूला हुनुहुन्छ । बाबु परलोक हुँदा जसले शत्रुलाई वश पारीकन चारै समुद्रसम्म फैलिएको, सम्पन्न छेउ छेउका देश भएको पृथ्वीलाई आफ्नै बलले जितेर आफ्नो अधीनमा पार्नुभयो । यसरी जम्मै पृथ्वीलाई जितेर शत्रुहरूको घमण्ड तोडेर उहाँ ( स्कन्दगुप्त )ले सबै देशमा गोप्ता ( राज्यपाल ) नियुक्त गरेर सुराष्ट्र ( गुजरातभेकको प्रदेश ) को शासन चलाउनका लागि यो मेरा कर्मचारीहरूमा कुनचाहिं ठीक होला भनी धेरै विचार गर्नुभयो । अँ, थाहा पाएं, यो भारी बोक्न पक्का पर्णदत्त सक्छन् भनी पश्चिमतिर पर्णदत्तलाई नियुक्त गरी राजाले खामोस खानुभयो । --गुप्तसंवत् १३६ ( वि.सं. ५१२ ) भाद्रको छैटौं दिनमा राती --- ]

"प्रथितपृथुमतिस्वभावशक्तेः पृथुयशसः पृथिवीपतेः पृथुश्रीः ।
पितृपरिगतपादपद्मवर्ती प्रथितयशाः पृथिवीपतिः सुतोऽयम् ॥१॥
जगति भुजबलाढ्यो गुप्तवङ्शैकवीरः प्रथितविपुलधामा नामतः स्कन्दगुप्तः ॥२॥
विचलितकुललक्ष्मीस्तम्भनायोद्यतेन क्षितितलशयनीये येन नीता त्रियामा ।
समुदितबलकोशान्पुष्यमित्रांश्च जित्वा क्षितिपचरणपीठे स्थापितो वामपादः ॥४॥
प्रसभमनुपमैर्व्विध्वस्तशस्त्रप्रतापैर्विनयसमुचितैश्च क्षान्तिशौर्यैर्न्निरूढम् ।
चरितममलकीर्त्तेर्गीयते यस्य शुभ्रं दिशि दिशि परितुष्टैराकुमारं मनुष्यैः ॥५॥
पितरि दिवमुपेते विप्लुतां वङ्शलक्ष्मीं भुजबलविजितारिर्यः प्रतिष्ठाप्य भूयः ।
जितमिति परितोषान्मातरं सास्रनेत्रां हतरिपुरिव कृष्णो देवकीमभ्युपेतः ॥६॥
हूणैर्यस्य समागतस्य समरे दोर्भ्यां धरा कंपिता
भीमावर्त्तकरस्य शत्रुषु शरा ......................... ।"

( गाजिपुर भितरीको स्कन्दगुप्तको स्तम्भलेखबाट )

[ प्रख्यात भएको ठूलो बुद्धि स्वभाव शक्ति भएका, ठूलो कीर्ति फैलिएका महाराजाधिराज ( कुमारगुप्त )का छोरा ठूलो शोभा भएका बुबाको चरणकमलको सेवा गरेका, ठूलो कीर्ति फैलिएका यहाँ महाराजाधिराज ( स्कन्दगुप्त ) हुनुहुन्छ । बाहुबलले संसारमा प्रसिद्ध भएका, गुप्तवंशका मुख्य वीर, ठूलो प्रभाव फैलिएका स्कन्दगुप्त हुनुहुन्छ ।

* यस निबन्धमा उद्धृत गरिएका भारतका अभिलेखहरू श्रीफ्लीट, श्रीदिनेशचन्द्र सरकार, श्रीराजवली पाण्डेका भारतीय अभिलेखसम्बन्धी पुस्तकको आधारमा दिइएका हुन् ।

डगमगाउन लागेको कुललक्ष्मीलाई थाम्न उद्योग गर्दा जसले भुइँमा सुतेर रात बिताउनुभयो । प्रशस्त फौज धनसम्पत्ति भएका पुष्यमित्रहरूलाई पनि जिती जसले राजाको पाउदानीमा बाँया खुट्टा हाल्नुभयो (सिंहासनमा बस्नुभयो) । हातहतियारको प्रभावलाई बळैले हटाएका अनुशासनमा बानी बसेका बेजोडका सहनशीलता र शुन्याइँले प्रख्यात भएको जसको बालककालदेखिको पवित्र चरित्रलाई दिशा विशाका मानिसहरू सन्तुष्ट भएर गाउँछन् ।

बुबा स्वर्ग हुँदा डगमगाउन लागेको कुललक्ष्मीलाई जसले बाहुबलले शत्रुहरूलाई जितीकन निश्चल पार्नुभयो र कंसलाई मारेका कृष्ण देवकीकहाँ झैं जो (स्कन्दगुप्त) जितें भनी दङ्ग भएर गहभरी आँसु भएकी आमाकहाँ जानुभयो ।

लडाइँको मैदानमा हूणहरूसंग भिडिंदा जसका बाहुबलले पृथ्वी काँपिन् । भयङ्कर भुमरी जस्तो पार्ने जसका बाणहरू शत्रुहरूमा ...... ]

"यस्योपस्थानभूमिर्नृपतिशतशिरःपातवातावधूता
गुप्तानां वंशजस्य प्रविसृतयशसस्तस्य सर्वोत्तमर्द्धेः ।
राज्ये शक्रोपमस्य क्षितिपशतपतेः स्कन्दगुप्तस्य शान्ते
वर्षे त्रिंशद्दशैकोत्तरकशततमे ज्येष्ठमासि प्रपन्ने ॥१॥
ख्यातेस्मिन्ग्रामरत्ने ककुभ इति जनैस्साधुसंसर्गपूते"

(गोरखपुर कहावममा रहेको स्कन्दगुप्तको पालाको वि.सं. ५१७ को अभिलेखबाट)

[जसको (स्कन्दगुप्तको) सलामी दिने ठाउँ सयौं राजाले टाउको नुहाउँदा चलेको हावाले बढारिन्छ । कीर्ति फैलिएका, धेरै असल ऐश्वर्य भएका, इन्द्र जस्ता सयौं राजाका मालिक उहाँ स्कन्दगुप्तको शान्ति भएको राज्यमा । गुप्तसंवत् १४१ (वि.सं. ५१७) ज्येष्ठ महीनामा ककुभ (कहावम) भनी प्रख्यात भएको, असल मानिस बस्नाले पवित्र भएको गाउँमा ]

"परमभट्टारकमहाराजाधिराजश्रीस्कन्दगुप्तस्याभिवर्द्धमानविजयराज्यसंवत्सरशते षच्चत्वारिंङ्शदुत्तरतमे फाल्गुनमासे ... अन्तर्वेद्यां ... देवविष्णुः... सवित्रे दीपोपयोज्यं ... मूल्यं प्रयच्छति"

(इन्दोरमा पाइएको स्कन्दगुप्तको पालाको वि.सं. ५२२ को ताम्रपत्रबाट)

[परमभट्टारक महाराजाधिराज स्कन्दगुप्तको विजयराज्यमा संवत् १४६ (वि.सं. ५२२) फाल्गुन महीनामा ... अन्तर्वेदीमा ... देवविष्णुले सूर्यलाई बत्ती बाल्नाका लागि धन दान दिए]

"...... (महाराजाधिराजश्रीस्क) न्दगुप्तः... [समाज्ञापयति]"

(विहारको स्कन्दगुप्तको खण्डित अभिलेखबाट)

[ ... महाराजाधिराज श्रीस्कन्दगुप्त ... आज्ञा गर्नुहुन्छ ... । ]

यी वर्णनबाट स्कन्दगुप्तको शासनको प्रारम्भमा गुप्तसाम्राज्यमा केही कमजोरी देखापरेको थियो तापनि स्कन्दगुप्तले त्यस कमजोरीलाई हटाई गुप्तसाम्राज्यको रक्षा गरेका थिए भन्ने बुझिन्छ । माथि उद्धृत गोरखपुर कहावमको वि. सं. ५१७ को अभिलेखले त्यस बेला गोरखपुर गुप्तसा-

साम्राज्यभित्र पर्दथ्यो भन्ने प्रमाणित गरेको छ । यसपछि उत्तरभारतमा स्कन्दगुप्तको साम्राज्य टुटेको कुनै उल्लेख नपाइने हुनाले गोरखपुर पछिसम्म पनि स्कन्दगुप्तको साम्राज्यभित्र नै रह्यो भन्ने कुरामा शङ्का गर्ने कुनै आधार छैन । यस कारण झाज्यूको उपर्युक्त तर्क निराधार छ भन्ने स्पष्ट छ ।

फेरि झाज्यू लेख्नुहुन्छ–

" अन्तिम प्रश्नको जवाफमा के भन्न सकिन्छ भने " सामन्त " शब्दको अर्थ रजौटा मात्र होइन । यसको अर्थ छिमेकी राजा ( आप्टे–दी स्टुडेन्ट्स् संस्कृत इङ्ग्लिश डिक्सनरी, १९६३ पृ. ५९८; लल्लनजी गोपाल, जे. आर. . एस. भाग १–२, १९६३, पृ. २१–२६ ) पनि हुन्छ । चाँगुनारायण अभिलेखमा नै शत्रुलाई " प्रत्यरि " अर्थात् बराबरको शत्रु पनि भनिएको छ । यो शत्रु अधीन भएका मुखिया अथवा रजौटा मात्र भएको भए यस अभिलेखको कुशल लेखकको लेखनी-बाट "प्रत्यरि" शब्दको व्यवहार उचित थिएन । ...मल्लपुरी बिजय गरे पछि राजधानीमा मानदेव तथा उनकी आमा राज्यवतीले ब्राह्मणहरूलाई अक्षय धन खुला हृदयले दान गर्नुभयो । मुखिया अथवा रजौटाको विद्रोह दमन मात्रै भएमा यस्तो धनदानको कुनै महत्त्व हुने थिएन ।"

सामन्त शब्दको अर्थ 'छिमेकी राजा' भन्ने पनि हुन्छ तापनि चाँगुको स्तम्भलेखमा कुन अर्थमा यसको प्रयोग गरिएको छ भन्ने कुरा सो स्तम्भलेखको वर्णनबाट नै स्पष्ट बुझिन्छ । त्यहाँ मल्लपुरीका सामन्त राजालाई लक्ष्य गरी–"सामन्तको बदमाशी सुनेर...पाखुरा निमोठ्तै राजाले घमण्डसाथ भन्नुभयो; बोलाउँदा त्यो आउँदैन भने मेरो पराक्रमले तहमा आउला" यस्तो वर्णन गरिएको छ । यस वर्णनबाट मल्लपुरीका सामन्त 'स्वतन्त्र छिमेकी राजा' होइनन्, मानदेवका पूर्वजको पालादेखि वशवर्ती राजा हुन् भन्ने स्पष्ट बुझिन्छ । नत्र कुनै पनि स्वतन्त्र देशका राजाका विषयमा यस्तो लेखिनु प्रसङ्ग मिल्ने कुरा हुने थिएन । किनभने मल्लपुरीका राजा स्वतन्त्र भएका भए मानदेवले मेरो आधिपत्य मान्न आऊ भन्दैमा आउने कुनै कुरै थिएन तथा उनी आएनन् भनी मानदेव रिसले चूर भएको वर्णन गर्नु भद्दा हुने थियो। यस कारण यहां प्रयुक्त सामन्त शब्दको अर्थ वशवर्ती राजा (रजौटा) नै हो भन्ने स्पष्ट छ ।

फेरि रजौटा मात्र भएको भए चाँगुनारायण स्तम्भलेखमा 'प्रत्यरि' अर्थात् 'बराबरको शत्रु' यस शब्दको प्रयोग हुने थिएन भनेर पनि झाज्यूले माथि लेख्नुभएको छ । तर "यात्राम्प्रत्यरिसङ्क्षयाय तरसा गच्छामि पूर्व्वान्दिशम् " चाँगुको स्तम्भलेखको यस पद्यको उहाँले भने जस्तै तरसा प्रत्यरिसङ्क्षयाय यात्रां पूर्व्वां दिशं गच्छामि' यस्तो अन्वय गरे यो वाक्य नै अशुद्ध हुन जान्छ । किनभने गम्‌धातु द्विकर्मक होइन‡ । यस कारण यसको अन्वय 'तरसा अरिस-

‡ "अकथितं च" १।४।५१ अष्टाध्यायी,

[ अपादान आदि विशेष कुराले विवक्षा नगरिएको कारक कर्मसंज्ञक हुन्छ । ]

"दुह् याच्पच्दण्ड्रुधिप्रच्छिचिब्रूशासुजिमथ्मुषाम् ।
कर्मयुक् स्यादकथितं तथा स्यान्नीहृकृष्वहाम् ॥ "

[ दुह्, याच्, पच्, दण्ड्, रुध्, प्रच्छ्, चि, ब्रू, शास्, जि, मथ्, मुष्, नी, हृ, कृष्, वह् यी सोह्र धातुको कर्मसंग जसको योग हुन्छ, त्यही मात्रै अकथित कर्म हुन्छ । ]

ङ्क्षयाय यात्राम्प्रति पूर्व्वां दिशं गच्छामि, यस्तो हुन्छ । अनि मात्र व्याकरणसम्मत÷ वाक्य यो बन्छ । यस कारण 'प्रत्यरि' शब्दको प्रयोगबारेको झाज्यूको तर्क पनि गलत छ भन्ने स्पष्ट छ।

रजौटाको विद्रोह दमन मात्र भएको भए मानदेवले त्यत्रो दानधर्म नगर्नुपर्ने भन्ने तर्क पनि झाज्यूले उठाउनुभएको छ । त्यस वेला स्वतन्त्र हुन खोजेका सामन्तलाई मानदेवले कज्याउन नसकेका भए उनको पुख्यौली राज्य टुट्ने सम्भावना थियो । यस कारण भरखर गद्दीमा बसेका मानदेवका लागि त्यस वेला ती सामन्तलाई कज्याई राज्य थाम्न सक्नु ठूलो कुरो थियो भन्ने कुरा माथि नै लेखिसकेको छ। यस कारण यस विषयमा फेरि दोहऱ्याउनु आवश्यक छैन।

झाज्यूको अर्को तर्क छ–

"यस सम्बन्धमा यौटा स्मरणीय कुरा यो पनि छ कि भारतको गुप्त राजा जीवितगुप्तले जसको समय ५१० ई. देखि ५५४ई.को* बीचमा पर्दछ "हिमालयदेखि समुद्रपर्यन्त'को इलाकालाई पुनः जित्यो ( राय चौधरी–पौलिटिकल हिष्ट्री आफ ऐन्सिएन्ट इन्डिया, सं. ६, पृ.६००–६०१ ) । अतः यी इलाकाहरू गुप्तको हातबाट गएका थिएनन् भने फेरि जित्नुको कुरा कहाबाट आयो? मजुमदार ( बी.सी. ळौ भौल्यूम, भाग १, पृ.६३६–३७ ) को पनि भनाइ छ कि यो इलाका यस बखतमा नेपालको अधीन भएको थियो । मानदेव पछि र अंशुवर्माको अगाडि कुनै पनि त्यस्तो शक्तिशाली राजा नेपालको इतिहासमा पाइन्न जसले यी इलाकाहरू गुप्तहरूबाट दखल गरिएका होलान् ।……यो पनि स्पष्ट नै छ कि गुप्त साम्राज्यको उदयकालमा लिच्छवि र अरू गणराज्यहरू खतम भएर गए र गुप्तशासनको पतनको समयमा मानदेवले आफ्नो पूर्वज र मित्रहरूको इलाका कोशीदेखि गोरखपुरसम्म दखल गऱ्यो। नेपालको कमजोर लिच्छवि राजाहरूको समयमा फेरि गुप्त राजा जीवितगुप्तले नेपाल तराईका केही भाग र भारतीय इलाकाहरू फिर्ता लिए ।"

जीवितगुप्तको वा उनको पालाको कुनै लेख पाइएको छैन । यस कारण यिनको समय निश्चित छैन । जीवितगुप्तका पाँच पुस्तापछिका वि.सं. ७२९ तिरका आदित्यसेनको अफसादको अभिलेखमा उनका पुर्खाहरूको वर्णनक्रममा यी जीवितगुप्तको वर्णन परेको छ । सो यस प्रकारको छ—

> "श्रीजीवितगुप्तोभूत्क्षितीशचूडामणिः सुतस्तस्य ।
> यो दृप्तवैरिनारीमुखनलिनवनैकशिशिरकरः ॥४॥
> मुक्तामुक्तपयःप्रवाहशिशिरासूत्तङ्गतालीवन–
> भ्राम्यद्दन्तिकरावळूनकदलीकाण्डासु वेलास्वपि ।
> श्च्योतत्स्फारतुषारनिर्झरपयःशीतेपि शैले स्थितान्
> यस्योच्चैर्द्विषतो मुमोच न महाघोरः प्रतापज्वरः ॥५॥

---

÷ "लक्षणेत्थंभूताख्यानभागवीप्सासु प्रतिपर्यनवः" १।४।९० अष्टाध्यायी.

[ लक्षण, यस्तो भएको भनी बयान गर्नु, भाग, वीप्सा ( व्यापक हुनु ) भन्ने अर्थ बुझिएमा प्रति, परि, अनु कर्मप्रवचनीयसंज्ञक हुन्छन् । ]

*वि. सं. ५६७ देखि ६२१ सम्म

[ उहाँका ( हर्षगुप्तका ) छोरा राजामा श्रेष्ठ श्रीजीवितगुप्त हुनुभयो । जो उहाँ घमण्डी शत्रुका आइमाईका मुखरूपी कमलहरूका चन्द्रमा जस्ता हुनुहुन्थ्यो । जसको ठूलो डरलाग्दो प्रतापको तेजले मोतीबाट चुहेको पानीको मेलले चीसो भएको, अग्ला तालका वनमा घुमिरहने हात्तीका सूँडले भाँचेका केराका डाँठ भएका समुद्रका किनारामा बस्ने तथा चुहिरहेका ठूला हिउंका छहराका पानीले चीसो भएको पहाडमा ( हिमालयमा ) बस्ने शत्रुहरूलाई पनि छोडेन । ]

यहाँ हिमालयदेखि समुद्रसम्म जीवितगुप्तको प्रताप फैलिएको थियो भन्ने कुरा काव्यात्मक ढङ्गले लेखिएको छ । राजाहरूको वर्णन गर्दा टाढा टाढासम्म प्रताप फैलिएको थियो भनी लेख्ने साधारण चलन चलेको पाइन्छ । यस कारण यस उक्तिले जीवितगुप्तको विजयकार्यलाई निश्चित रूपमा व्यक्त गर्दैन । यदि धेरै पछि लेखिएको यस सामान्य उक्तिलाई नै सर्वात्मना सत्य मान्ने हो भने यसको अर्थ हिमालयको काखमा रहेको नेपालराज्य जस्मैं जीवितगुप्तले जितेका थिए भन्ने हुन आउँछ, झाज्यूले भन्नुभए जस्तै 'नेपालका तराईका केही भाग र भारतीय इलाका फिर्ता लिए' भन्ने मात्र हुँदैन । परन्तु नेपालराज्य यसताका भारतको अधीन थियो भन्ने कुरा सर्वात्मना गलत हो । लिच्छविकालको यस ताकाको इतिहासमा नेपालले यस्तो परतन्त्रता स्वीकार गर्नु-परेको हाम्रो यहाँ कुनै संकेत पाइँदैन । यसकारण जीवितगुप्तको उक्त वर्णनले हिमालयदेखि समुद्र-सम्म उनले विजय गरे भन्ने सिद्ध गर्दैन । काव्यात्मक ढङ्गले लेखिएका यस्ता वर्णनलाई अरू प्रमाणद्वारा परीक्षै नगरी खुरुक्क मान्ने हो भने नेपालका कर्णालीप्रदेशका राजा पुण्यमल्ललाई भारतभरिका सम्राट् मान्नुपर्ने हुन आउँछ । किनभने पुण्यमल्लले आफ्नो वि.सं.१३९४को अभि-लेखमा—

" ... करदीकृतकोंकणकर्णाटलाटमुरलकेरलडहालांगवंगकलिंगमिथिलमालवनेपालगुर्जरजाळंधरां-ध्रप्रमुखमेदिनीनाथसंसेव्यमानास्थानीनिकेतनाजिरे श्रीमति सेंजापुरे ।···महाराजाधिराज···श्रीपुण्य—मल्लदेवाः सान्तःपुरसकुमाराः सुचिरं विजयिनो भवन्तु ।"

[···कर तिर्ने बनाइएका कोंकण कर्णाट लाट मुरल केरल डहाल अङ्ग वङ्ग कलिङ्ग मिथिल मालव नेपाल(उपत्यका) गुर्जर जाळंधर आन्ध्र आदिका राजाहरूले सेवा गरिएको सलामी दिने ठाउँको आंगन भएको श्रीसम्पन्न सेंजाशहरमा ।···महाराजाधिराज···श्रीपुण्यमल्लको र उहाँका जहान छोराछोरीको धेरै कालसम्म जय भइरहोस् । ]

यसो लेखेका छन् । तर पुण्यमल्ल भारतभरका पनि राजा थिए भन्ने कुरा यस वेलाको भारतको इतिहासबाट सिद्ध हुँदैन ।

यस कारण मानदेवले गोरखपुर जिते भन्ने र जीवितगुप्तले सो फिर्ता लिए भन्ने दुवै कुरा कल्पित हुन्, प्रमाणद्वारा सिद्ध हुने कुरा होइन ।

यसरी कतैबाट पनि मानदेवले जितेको मल्लपुरी गोरखपुर हो भन्ने कुरा सिद्ध हुँदैन । चाँगुको स्तम्भलेखमा मानदेवले मल्लपुरीका आफ्ना सामन्त राजालाई कज्याएको वर्णन स्पष्ट हुँदा वाद - विवाद गर्नुपर्ने विषय यो छैन । मानदेवले गुप्तसाम्राज्यभित्र पर्ने गोरखपुर विजय

गरेका भए उनको लागि यो ठूलो गौरवको कुरा हुने थियो र यो कुरा गर्वसाथ स्पष्टसंग आफ्नो अभिलेखमा उनले कुँदाउने थिए ∈ ।

\+ + +

डा. हितनारायण झाज्यूले 'लिच्छविकालिक इतिहासमा केही विचार' भन्ने एउटा निबन्ध पनि वि. सं. २०२२ ज्येष्ठ २ गतेको गोरखापत्रमा प्रकाश गर्नुभएको छ । त्यसमा अंशुवर्माहरूले व्यवहार गरेको संवत् ६३१ देखि उठेको अंशुवर्मसंवत् हो भन्ने तर्क उहाँले पेश गर्नुभएको छ । लेलेको शिवदेव र अंशुवर्माको अभिलेखको[1] संवत् ५२६ र हाँडिगाउँको अंशुवर्माको अभिलेखको[2] संवत् ३० को वर्ष एउटै हो; अंशुवर्मा सामन्त बनेको ५२६ संवत्मा ३० वर्ष पुगेको थियो, अतः ५२६ – ३० = ४९६ शकसंवत् ( वि. सं. ६३१ ) मा यो अंशुवर्मसंवत् चलेको हो भन्ने कल्पना झाज्यूले गर्नुभएको छ ।

परन्तु अंशुवर्माको ३० देखिको* संवत् मात्र पाइन्छ, त्यसभन्दा अघिको संवत् पाइदैन भन्ने झाज्यूको आधारस्तम्भलाई बुङ्मतीको अभिलेखले ढालिदिएको छ । भगवान्लालले बुङ्मतीको अभिलेखको संवत्को अङ्क ३४ पढेका थिए; अरूहरूले परीक्षै नगरी त्यसको अन्धानुसरण गरेका थिए तापनि बुङ्मतीको अभिलेखको संवत् २९ हो । यसमा शङ्का गर्ने ठाउँ छैन । बुङ्मतीको सो अभिलेखको स्पष्ट प्रतिलिपि वीरपुस्तकालयमा छ । प्राचीन लिपि, अङ्कमा दखल भएकाले परीक्षा गरी हेरे यो कुरा सजिलैसंग निर्णय गर्न सक्छन् । सो अङ्कको प्रतिलिपि 'पूर्णिमा'को यहीं अङ्कको २ पृष्ठमा छापिएको छ, हेर्नुहोस् । यस कारण यति कुराबाट झाज्यूको तर्क गलत छ भन्ने स्पष्ट हुन्छ ।

---

∈ जस्तै– श्री५ पृथ्वीनारायण शाहले भारतबाट नेपालमा आक्रमण गर्न आएका मीरकासिमको र अंग्रेजको सैन्यलाई हटाएका हुनाले सो कुरा आफ्नो अभिलेखमा स्पष्टसंग लेखाएका छन्–

" कास्मल्लीखां प्रयातो वरुणदिशि जितो यस्य भल्लप्रहारा –
दार्त्तो मत्त : क्षणेन क्षणमपि न रणे स्थातुमीशः फिरङ्गी ।
गेहेशूरा : प्रतीच्या रणभुवि सुभटैर्निर्जितास्ते वराका :
पृथ्वीनारायणेशो रिपुदवदहनो भाति नेपालसिंह : ॥ "

( संस्कृतसन्देश १।११ को ४९–५३ पृ.)

[ जसका भालाको चोटले घाइते भएको कास्मल्लीखाँ ( मीरकासिम ) हारेर पश्चिमतिर भागेर गयो । केही काल माद चढेको फिरङ्गी ( अंग्रेज ) लडाइँमा एक छिन पनि टिक्न सकेन । घरका बाघ ती बिचरा पश्चिमाहरू ( बाईसी चौबीसीहरू ) जसका बलिया सिपाहीहरूले लडाइँका मैदानमा जितिए । शत्रुरूपी जङ्गलमा डढेलो भएका नेपालकेसरी महाराज पृथ्वीनारायण सुहाइरहनुभएको छ ।]

१. यो अभिलेख संशोधन–मण्डलद्वारा प्रकाशित भएको हो ।

२. यो अभिलेख श्रीसिलभेन लेभीद्वारा प्रकाशित भएको हो ।

संवत्को निर्णय कल्पनाको भरमा हुन सक्दैन । यसका लागि गणनाको आवश्यकता हुन्छ । लिच्छविकालका अभिलेखमा पाइने अधिमासको गणनाको भरमा संवत् निर्णय गर्ने केही उद्योग लेभी, जायसवाल, ऐ. शि. बाबुराम आचार्यहरूले गर्नुभएको हो । संवत्को निर्णयका लागि यही गणनाको पद्धतिलाई अगाडि बढाउनुपरेको छ । यस विषयको विस्तृत विवेचना हामी पछि गर्नेछौं । *

\+ + +

पुनश्च—

'बिहान' मासिक पत्रिकाको २ वर्ष ३ अङ्कको २१ - २७ पृष्ठमा छापिएको "नेपालमा छुवाछूतप्रथाः संक्षिप्त ऐतिहासिक कानूनी विवेचना" भन्ने लेख विशेष विचार नगरी लेखिएको देखिन्छ । यस कारण त्यो लेख पढ्दा 'पूर्णिमा' २ अङ्कमा प्रकाशित "स्थिति मल्ल तथा जातपात' भन्ने निबन्ध तथा 'सावधान–पत्र' १३ संख्या पनि पढ्ने अनुरोध पाठकवर्गसंग गर्छौं ।

---

* हाम्रो यो लेख छापाखानाबाट निस्कन लाग्दा 'रूपरेखा' ५१ पूर्णाङ्कमा श्रीचित्तरञ्जन नेपालीको 'अंशुवर्मा' भन्ने निबन्ध निस्केको देखियो । संवत् ३० को चर्चा त्यहाँ पनि उठेको छ । विशेष कुरो टुङ्गो केही लागेको छैन । 'पूर्णिमा' पहिलो अङ्कमा छापिएको 'श्रीकलहाभिमानी राजा' भन्ने निबन्धबाट पनि त्यहाँ सुटुक्क कुरा सारिएको छ । यस्तो काम गरेर हिंड्दा नेपालको इतिहास कसरी बन्दछ भन्ने कुरा विचारणीय छ ।

का. मे. अ. द. नं १५५/२४९

कार्यालय–
संशोधन-मण्डल
१०।४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२२ श्रावण–संक्रान्ति

वार्षिक मूल्य–मो रु. ५ ।
(डाँकखर्च अलग)
यस अङ्कको मूल्य मो. रु. २ ।

मुद्रक–
जोरगणेश प्रेस प्रा. लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं